# छाउँमा निरन्तरता र परिवर्तन

(डडेल्धुरा जिल्लाको गन्यापधुरा गाउँपालिका वडा नं.२ को समाजशास्त्रीय एक अध्ययन)

त्रिभुवन विश्वविद्यालय सामाजिकशास्त्र सङ्काय अन्तर्गत समाजशास्त्र
विषयको स्नातकोतर तहको उपाधि प्राप्तिको आंशिक आवश्यकता
परिपूर्ति गर्नका लागि प्रस्तुत गरिएको
शोधपत्र

प्रस्तुतकर्ता
ललिता कुमारी मल्ल
सिम्बोल न. २८३४६७
त्रि. वि. दर्ता नं. : ६-२-०७२७-०१७०-२०१५

त्रिभुवन विश्वविद्यालय समाजशास्त्र,
केन्द्रीय विभाग कीर्तिपुर,
काठमाण्डौ
२०८०

# घोषणा

प्रस्तुत "**छाउमा निरन्तरता र परिवर्तन"** विषयको शोधपत्र अन्य कुनै उपाधि वा प्रयोजनाका लागि प्रस्तुत गरिएको छ। यो शोधपत्र मेरो आफ्नै मौलिक अनुसन्धान हो। यसमा प्रस्तुत गरिएका विषयवस्तु विगतमा पूरा भई बुझाइएका अनुसन्धान प्रतिवेदन भन्दा फरक छन्। अन्य स्रोतबाट लिइएका र सार संक्षेपीकरण गरिएका सामग्रीहरु सन्दर्भसूचीमा उल्लेख गरिएको छ ।

..................

ललिता कुमारी मल्ल

**त्रिभुवन विश्वविद्यालय सामाजिकशास्त्र संकाय**

**सामाजशास्त्र केन्द्रीय विभाग**

**किर्तिपुर, काठमाण्डौ**

## सिफारिस पत्र

त्रिभुवन विश्वविद्यालय समाजशास्त्र विषयमा स्नातकोत्तर तहको उपाधि प्राप्तिको आंशिक आवश्यकता परिपुर्तिका लागि ललिता कुमारी मल्ल **"छाउमा निरन्तरता र परिवर्तन"** शिर्षकको शोधपत्र मेरो निर्देशन र सुपरिवेक्षणमा तयार पार्नुभएको छ । उहाँको कार्यप्रति म सन्तुष्ट छु । प्रस्तुत शोधपत्रलाई आवश्यक मुल्याङ्कनको लागि सिफारिस गर्दछु ।

...............................

उप-प्रा.प्रेम चलाउने

शोधनिर्देशक

समाजशास्त्र केन्द्रीय विभाग

कीर्तिपुर , काठमाण्डौ ।

**त्रिभुवन विश्वविद्यालय समाजिकशास्त्र संकाय**

**समाजशास्त्र केन्द्रिय  विभाग**

**कीर्तिपुर, काठमान्डौ**

## स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय समाजशास्त्र विषयको स्नातकोत्तर तहको उपाधि प्राप्तिको आंशिक आवश्यकता पूर्तिको लागि ललिता कुमारी मल्लले **"छाउमा  निरन्तरता र परिवर्तन"** शिर्षकमा तयार पार्नु भएको शोधपत्र स्वीकृत गरिएको छ ।

**शोधपत्र मूल्याङ्कन समिति**

.............................

विभागीय प्रमुख

सह-प्रा.डा. युवराज लुइटेल

...................................

शोधनिर्देशक

उप- प्रा.प्रेम चलाउने

..................................

बाह्य निरीक्षक

राम बहादुर के.सी

# कृतज्ञता ज्ञापन

सर्वप्रथम शोधपत्र तयार गर्ने क्रममा अमूल्य समय दिई उपयूक्त निर्देशन, सल्लाह सुझाव, प्रेरणा र हौसला दिनुहुने मेरा शोध निर्देशक त्रिभुवन विश्वविद्यालय समाजशास्त्र केन्द्रीय विभागका प्राध्यापक गुरु प्रेम चलाउने ज्यू प्रति हृदय देखि नै आभार व्यक्त गर्दछु ।

त्यसैगरी समाजशास्त्र केन्द्रीय विभागप्रति आभारी छु, जुन विभागले मलाई यस विषयमा शोध गर्ने अनुमति र अध्ययन गर्ने अवसर प्रदान गरेको छ । यस विभागका विभागिय प्रमूख सह- प्रा.डा. युवराज लुइटेल ज्यू प्रति पनि अनुगृहित छु । शोधपत्र पुरा गर्ने क्रममा विभिन्न किसिमका सल्लाह सुझाव प्रदान गर्नुहुने आदरणीय गुरु गुरुआमाहरप्रति कृतज्ञ छु । शोध पत्रलाई मुल्याङ्कन गरी अन्तिम निर्णय गरिदिनुहुने गुरु राम बहादुर के.सी ज्यू प्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

अध्ययनका लागि प्रश्नावलीको उत्तर दिने क्रममा विभिन्न अवस्थाको बाबजुत पनि आफ्नो अमूल्य समय उपलब्ध गराई सहयोग गरिदिनुहुने गन्यापधुरा गाँउपालिका वडा.नं.०२ का छाउपडी महिलाहरुप्रति पनि हार्दिक धन्यवाद दिन चाहन्छु । साथै यस क्षेत्रका व्यक्तिहरु जसले यस अध्ययनमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा सहयोग गर्नुभयो उहाँहरुप्रति पनि धन्यवाद दिन चाहन्छु ।

त्यसैगरी आवश्यक सल्लाह सुझाव प्रदान गर्नुहुने मेरा सहपाठी साथीहरुलाई पनि धन्यवाद अर्पण गर्दछु । मलाई आज यो स्थानसम्म पुयाउनको लागि उत्साह, हौसला साथै उर्जा प्रदान गरिदिनु हुने मेरी ममतामयी आमा मिना देवि मल्ल र पुजनिय पिता मान बहादुर मल्ल प्रति कृतज्ञता व्यक्त गर्दछु । साथै मेरो अध्ययनलाई अगाडि बढाउन सदा हौसला र आर्थिक रुपमा विशेष सहयोग गर्नुहुने मेरा आदरणीय दाजु , भाउजुहरु र दिदि , भिनाजु प्रति पनि आभार व्यक्त गर्न चाहन्छु ।

........................

ललिता कुमारी मल्ल

# विषय सूची


| | पृष्ठ संख्या |
|---|---|
| **घोषणा** | **क** |
| **सिफारिस पत्र** | **ख** |
| **स्वीकृति पत्र** | **ग** |
| **कृतज्ञता ज्ञापन** | **घ** |
| **विषय सूची** | **ङ** |
| **अध्याय एक : परिचय** | **१-१४** |
| १.१ अध्ययनको पृष्ठभूमि | १ |
| १.२ समस्याको कथन | ८ |
| १.३ अध्ययनको उदेश्य | १३ |
| १.४ अध्ययनको महत्व | १४ |
| १.५ अध्ययनको संगठन | १४ |
| **अध्याय दुई : साहित्यिक समिक्षा** | **१५-३०** |
| २.१ छाउपडी प्रथा सम्बन्धी धारणा | १५ |
| २.२ छाउपडी सम्बन्धी पूर्व अध्ययन | २० |
| २.३ सैदान्तिक दृष्टिकोण | २२ |
| (क) उदार महिलावाद | २५ |
| (ख) आमूल महिलावादी | २६ |
| (ग) समाजवादी महिलावाद | २६ |
| २.४ अनुभवजन्य समीक्षा | २७ |
| **अध्याय तीन : अध्ययन विधि** | **३१-३६** |
| ३.१ अध्ययनको ढाँचा | ३१ |
| ३.२ अध्ययन क्षेत्रको छनौट र औचित्य | ३१ |
| ३.३ तथ्याङ्कको प्रकृति र स्रोत | ३३ |
| ३.४ अध्ययन क्षेत्र र नमुना छनौट | ३३ |
| ३.५ प्राथमिक तथ्याङ्क सङ्कलन विधि | ३४ |
| ३.५.१ संरचनात्मक अन्तरवार्ता | ३४ |

३.६ तथ्याङ्क विश्लेषण र प्रस्तुतिकरण ३५
३.७ अध्ययनको सीमा ३५
**अध्याय चार : छाउपडी प्रथा प्रति महिलाको धारण ३७-४३**
४.१ महिलाको धारणा ३७
४.१.१ छाउपडी प्रथाको धार्मिक तथा संस्कृतिक अवस्था ३७
४.१.२ घटना अध्ययन एक महिलासँगको अन्तवार्ता ३८
४.३ छाउपडी प्रथामा स्थानीय प्रणाली ३८
४.४ धर्म र पाप ३९
४.५ धामी देउता र फुलपाती ४०
४.६ पवित्रता र अपवित्रताताको विचारधारा ४२
**अध्याय पाँच : छाउ गोठ भत्काए पछिको अवस्था ४४-५५**
५.१ स्थान र मानिस ४४
५.२ छाउ प्रणालीमा निरन्तरता ४४
५.३ छाउ मान्ने प्रचलनमा परिवर्तन ४७
५.४ छाउपडी प्रथा सम्बन्धी जनविश्वास ४९
५.५ सामाजिक र सांस्कृतिक परिदृश्य ५०
५.६ छाउमा निरन्तरता र परिवर्तन ५१
५.७ राजनैतीक र आर्थिक अवस्था ५२
५.८ पुरुष भन्दा महिलामा छाउको नकारात्मक असर ५४
५.८.१ महिनावारीमा महिलाले भोगेको अनुभव ५४
**अध्ययन छ : सारांश र निष्कर्ष ५६-५९**
६.१ सारांश ५६
६.२ निष्कर्ष ५८
**सन्दर्भ सामग्री**
**अनुसूची**

# अध्याय एक : परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

छाउपडी प्रथा परम्परागत रुपमा नै एक अन्धविश्वासका रुपमा चलिआएको छ । छाउपडी प्रथा महिलाहरुमा हुने एउटा प्रकृतिक र नियमित प्रक्रिया हो । यो कनै पाप होइन । साधारणतया छाउ १२-१५ बर्ष देखि सुरु हुन्छ र महिनावारीको चक्र सामान्यतया २८ दिनको हुन्छ महिलाको उमेर ४५ देखि ५५ बर्ष हुदा यो प्रक्रिया बन्द हुन्छ । त्यसैगरी महिनावारी भएको बेला महिलालाई हरेक कुरा छुन पूजा कोठामा जान भान्सामा प्रवेश गर्ने जस्ता थुप्रै कुराहरुमा निषेध गरिएको छ र थियो । यसमा पनि खासमा २०७४-२०७५ मा विभिन्न संघसस्थाहरुले छाउगोठ भत्काउने अभियान सबै ठाउँमा नचलाएको र चलाएको ठाउँमा पनि खासै परिवर्तन हुन नसकेको अवस्था रहेको देखिन्छ र राजनीतिक, शैक्षिक क्षेत्रमा परिवर्तन भयो तर अहिलेको आधुनिक समयमा पनि छाउपडी प्रथा र धार्मिक कुरामा किन परिवर्तन हुन सकेको छैन र के कुराले छेकेको छ । त्यसैगरी छाउ अझै पनि हाम्रो समाजमा अन्धविश्वासको रुपमा अडिएको र त्यसलाई निरन्तरता दिरहेको पनि देखिन्छ । छाउमा पहिले भन्दा चाहि केही परिवर्तन पनि भएको देखिन्छ । यस्तै यावत कुरालाई अङ्गाल्दै हाम्रो समाजमा छाउपडी प्रथाले जरा गाडेको छ । छाउपडी प्रथालाई समाजमा किन निरन्तरता दिरहेका छन ? छाउ भएको बेला घर भित्र सुत्दा के साच्चै भगवान रिसाउँछन ? छाउगोठ भत्काए पछि पनि विद्यामान छाउ प्रथा किन परिवर्तन हुन सकेको छैन ? छाउगोठ भत्काए पछि महिलाहरु त्रिपाल मुनि फेरि छाउगोठमा नै बस्न बाध्य किन भए र के कुराले बाध्य पारिएको छ ? विशेष गरी छाउलाई निरन्तरता दिनुको खास कारण चाहि आर्थिक अवस्था कमजोर हुनु हो । किन भन्दा आर्थिक अवस्था राम्रो भएको भए महिनावारी हुँदा छुटै सुत्ने कोठा बनाउन सकिन्थ्यो । अर्को कुरा त्यहाँका महिलाहरु किन गाईगोठमा बस्न बाध्य भए भन्दा त्यहाँको घरको आकार, बनावट वा संरचना नै त्यस्तै किसिमको छ । जस्तै माथि मानिस बस्ने र तल गाईगोरु बाँध्ने चलन त्यहाँको प्रत्येक घरमा छ । त्यसैले महिलाहरु छाउ हुदा गाईगोठमा नै बस्न बाध्य भएका छन् । राजनीतिमा पनि महिलाहरुको पहुच कम छ छाउ जस्ता समस्याको समाधान गर्नेका लागि राजनीतिक क्षेत्रमा पनि आवद्ध हुनु पर्छ र महिलाहरुले एउटा संगठन निर्माण गरेर महिनावारी सम्बन्धी समस्या वा छाउ लाई किन निरन्तरता दिएको देखिन्छ र परिवर्तन गर्न के कुरा ले रोकेको छ अनि परिवर्तन के-के कुरामा भयो त भन्ने बारे समस्या लाई त्यस बिषयमा छलफल गरी समस्या हरु लाई बाहिर ल्याउनु पर्छ र समस्या समाधान

गर्नेका लागि राजनीतिक कुरामा पनि आबद हुनु पर्छ । छाउ प्रथा चाहि  सहरमा पनि एक छुटै किसिमको रहेको छ किन भने सहरमा पूजाकोठा मा जान, बेड रुममा सुत्न र इनार आदि ठाउँमा जान निषेध गरिएको छ तर पनि सुदूरपश्चिम वा मध्यपश्चिममा छाउ लाई छुटै दृष्टिकोणले हेर्ने गरिन्छ । गाउँमा चाहि मठ मन्दिर देखि लिएर बोटबिरुवा छुन घरभित्र जान आदि प्रत्येक ठाउँ वा कुरामा निषेध गरिएको देखिन्छ र पहिले भन्दा त घरको आगनमा जान गाईलाई घाँस काट्न, कपाल कोर्न, तेल लगाउन, प्रत्येक दिन नुहाउन आदि कुरामा परिवर्तन भएको जस्तो पनि देखिन्छ तर अहिलेको आधुनिक समयमा पनि छाउ प्रथा राम्ररी परिवर्तन हुन सकेको छैन । छाउगोठ भत्काएर मात्र परिवर्तन हुँदैन जब सम्म मन मष्दिकमा भएको छाउगोठ भत्किदैन र छाउपडीको बारेमा खुलेर कुरा गरिंदैन तब सम्म छाउपडी हट्दैन र डर लाई हटाईदैन । यो पितृसतात्मक सोच मात्र नभई महिलाहरु स्वयम पनि कसरी कुन हद सम्म जिम्मेवार रहेका छन र कहिले सम्म गाईभैंसी को दूध खाँदा गाई बिरामी हुन्छ भित्र बस्दा देवीदेउता रिसाउँछन भन्ने धारणा आखिर कहिले सम्म यस्ता खाले समस्या महिलाहरुले भोग्नु पर्छ र एउटा त धार्मिक अवस्था र आर्थिक अवस्था कमजोर भएकै कारणले छाउ मा परिवर्तन आउन सकेको छैन र अर्को चाहि त्यहाँको घरको बनावट नै त्यस्तै किसिमको भएकोले गर्दा पनि छाउ सम्बन्धी समस्या त्यहाँका महिलाहरुले भोग्दै आइरहेका छन ।

हिन्दु धर्म अनुसार नेपालका विभिन्न जात जाति र समुदायमा महिनावारीलाई पवित्रता र अपवित्रता गरी दुई भागमा विभाजन गरिन्छ । मासिक रुपमा महिलाको यौनीबाट निस्कने रगत लाई अपवित्रताको नाम दिएर घरबाट छुट्टै सानो गोठमा राख्ने चलन छ अपवित्र महिलाहरुले विभिन्न किसिमको बहिस्करणमा पर्नुपर्ने अवस्था छ। विभिन्न किसिमको छेकबार गर्नुपर्ने अवस्था रहेको छ। पवित्रता र अपवित्रता भन्ने कुरा मुख्यतया जातजाती संग जोडिएको कुरा हो । जसमा ब्राह्मण, क्षेत्री, ठकुरी र दलित आदि पर्दछन । जस अन्तर्गत ब्राह्मण, क्षेत्री, ठकुरी लाई शुद्ध जात मानिन्छ भने दलित जात लाई सानो (अपवित्रता) जात मानिन्छ। हिन्दु धर्म अनुसार मान्छेले गर्ने पेशाका आधारमा पवित्र जात र अपवित्र जात भनेर छुट्टयाईएको छ। जसमा धामि पुजारीलाई पवित्र जात मानिन्छ भने जसले लुगा सिलाउन्छ फलामको काम गर्छ सुनमो काम गर्छ त्यसलाई अपवित्र जात भन्ने गरिन्छ । त्यसैगरी महिला हरेक महिना हुने छाउ लाई पनि जात संग पवित्रता र अपवित्रता को दृष्टिकोणले हेरिन्छ । महिनाको ५ दिन सम्म एउटा महिला अपवित्र भएर बस्नु पर्छ । छाउ प्रथा कुनै धनि वा गरिब बिचको भिन्नता नभएर एउटा धर्म र सस्कृतीका कुनै जातजाति जस्तै पवित्रता र अपवित्रताको

हिसाबले हेरिन्छ। दिनहु पूजा, पाठ गर्ने समाजिक मूल्य मान्यताको पालना गर्ने व्यक्ति पवित्र हुन्छ भने अन्य व्यक्तिलाई दलित जुठो उनिहरु संग छुईनु हुदैन उनिहरुको हातको पानी खानु हुदैन भन्ने मान्यताको साथ छाउ प्रथा पनि जोडिएको छ। छाउ भएको महिला लाई समाजले हेर्ने दृष्टिकोण जुठो अपवित्रता भन्ने गरिन्छ। एउटा दलितलाई दलित भएकै कारण समाजले गर्ने व्यवहार पनि जुठो वा अपवित्रता सरह नै हुन्छ । जब सम्म समाजबाट पवित्रता र अपवित्रता को अवधारणा हटदैन तब सम्म यो चलन रहिरहन्छ।

छाउगोठमा राख्ने प्रचलन मुख्यगरी मध्यपश्चिममा र सुदुरपश्चिममा तुलनात्मक रुपमा बढी देखिन्छ। महिलाको महिनावारीका कारणले सहरी क्षेत्र र शिक्षित परिवारमा समेत कुनै न कुनै किसिमका छेकेबार बहिस्करण विद्यामान रहेको पाईन्छ र त्यसैगरी सर्वोच्च अदालतले २०६२ सालमा छाउपडी प्रथालाई कुप्रथा घोषित गरी छाउ प्रथा उन्मूलनका लागि आवश्यक व्यवस्था गर्ने नेपाल सरकारको नाममा निर्देशनात्मक आदेश जारी गरेको थियो । सो पश्चात महिला बालबालिका तथा सामाजकल्याण मन्त्रालय दारा छाउपडी जस्ता कुरीतिजन्य प्रथा अनुमुलनका लागि निर्देशिका २०६४ जारी गरी सकेको छ भने मुलुकी अपराध (सहित) ऐन, २०७४ ले गैरकानुनी घोषणा गरी आपराधिक कसुर मानेको छ । विद्यामान छाउपडी विरुद्धको कानूनी व्यवस्था तथा आदेशको कार्यान्वयन र पालनाको अवस्था एकदमै कमजोर भएको हुँदा अझै पनि महिलाहरु दिनहुँ यसको प्रत्क्षय सिकार भैरहेका छन। यस्ता कुप्रथका कारण अकालमा ज्यान गुमाउन बाध्य भएका छन र थिए। हामी २१ औ शताप्दिमा छौं जुन मानव अधिकार सूचना र प्रविधिको युग हो तर अझै पनि देशका विभिन्न भागका महिलाहरु भने मर्यादित एवम सुरक्षित जीवन बाच्चनका लागि संघर्ष गरिरहेका छन। नेपालमा प्रतिबन्धको रुपमा देशभरका ८९ प्रतिशत महिला र किशोरीहरुलाई महिनावारीको समयमा कुनै न कुनै प्रकारको प्रतिबन्ध वा बहिस्कार खेप्नुपरेको छ जस्तै मन्दिर जान भान्छामा प्रवेश गर्ने सार्वजनिक पानीको मुहान छुन र पिपलको रुख छुन प्रतिबन्ध गरेको छ र २०१० को सरकारी अध्ययनले १९ प्रतिशत नेपाली महिलाले छाउपडी अभ्यास गर्ने गरेको पाइएको थियो । त्यसैगरी  छाउपडी प्रथा बिरोधी पहलको अर्को अङ्ग चाहि भत्काउने र परिवारहरुले पुननिर्माण  सुनिश्यित गर्ने जिम्मेवारी दिएको थियो र अहिले त्यति पनि परिवर्तन हुन नसकेको अवस्थामा छ ।  नेपालको सर्वोच्च अदालतले २००५ मा छाउपडी लाई प्रतिबन्ध लगाइएको थियो । अहिलको आधुनिक समयमा पनि छाउगोठ भत्काउँदा पनि जति परिवर्तन हुनु पर्ने हो त्यति परिवर्तन हुन सकेको छैन। त्यसै गरी छाउगोठमा वा छाउप्रथामा निरन्तरता रहेको छ

तर पहिला भन्दा अहिले जस्तै स्कुल जान, बजार जान र चफी जान जस्ता अन्य कुरामा पनि परिवर्तन भएको देखिन्छ ।

विकशित संसारका धेरैजसो भागहरुमा महिलाहरुले आफ्नो महिनवारी महिलाहरुको निजि जीवनको हिस्सा रहने र महिलाले काम गर्न विद्यालय जान वा अन्यथा समाजमा योगदान गर्ने क्षमतालाई असर गर्दैन भन्ने धारणा राख्छन । नेपालमा यो अवस्था छैन जहाँ महिलाहरुलाई छाउ भएको समयमा अपवित्र मानिन्छ । उनीहरुको मासिक महिनावारीको अवधिलाई अस्वच्छ मानिने र झुपडीमा अलगै रात बिताउन पठाइने  प्रथा नेपालका महिलाहरुका लागि निरन्तर चलिआएको संस्कार हो (Mazzulo, २०११) । गाउँ, क्षेत्र, सामाज र समुदया अनुसार छाउ बार्न परम्पराहरु भिन्न हुन्छन छाउ नेपालमै मात्र सीमित छैन (Rebaud, २०११) । छाउपडी प्रथा परम्परागत प्रथा हो जसमा महिला र किशोरीहरुलाई कुनै पनि कुरा छुन निषेध गरिएको छ र महिनावारीको समयमा गोठमा बस्नु पर्छ । यसमा महिलाहरुले वा आमाहरुले मौन संस्कृतिबाट बाहिर निस्कनु पर्छ र आफ्ना छोरीहरुको शैक्षिक अवस्था जस्तोसुकै भएता पनि आफ्ना छोरीहरुसंग स्वास्थ्य समस्या वा  महिनावारीको बारेमा निर्णय वा त्यसलाई समाधान गर्न सक्नु पर्छ । महिनावारी सरसफाईलाई सुरक्षित अभ्यासको सहि बुझाइ चाहिन्छ । महिनावारी भनेको सामान्य जैविक घटना हो र किशोर किशोरीले यो सदगुणको कारणले नै महिलाहरुमा जन्मजात सापित छ भनी बुझ्नु पर्छ । महिनावारीको समयमा हरेक किशोर किशोरीका सामु एक समस्या भनेको महिनावारीलाई समाल्नु हो भनेका छन र महिलाहरुमा महिनावारीको बेला महिनावारीलाई लुकाएर राख्नु पर्छ भन्ने धारणा रहेको छ । तर यो त एउटा प्राकृतिक नियम हो महिनावारी सम्बन्धी हामी सबैले खुलेर कुरा गर्न सक्नु पर्छ हामीले चाहिँ महिनावारी हुनु कुनै समस्या होइन भनेर बुझ्नु पर्छ र महिनावारी एक महत्वपूर्ण प्रजनन स्वास्थ्य कार्य हो तर यसलाई भारतमा गोप्य रुपमा लिएका छन (Therese’s and Maria, 2010) ।

महिलाको राजस्वलाको कारणले सहरी क्षेत्र र शिक्षित परिवारमा समेत कुनै न कुनै किसिमका क्षेकबार बहिष्करण विद्यामान रहेको पाईन्छ र त्यसैगरी सहरी किशोरीहरुका लागि पूजाकोठामा प्रवेश गर्नु प्रमुख प्रतिबन्द छ ।  महिनावारीको समयमा ग्रामीण किशोरीहरुलाई भान्साघरमा प्रवेश गर्नु प्रमुख प्रतिबन्द हो र ग्रामिण क्षेत्रका किशोरीहरु महिनावारीलाई पाप वा श्राव मान्दछन (पूरी कपूर,२००६) । महिनावारी बार्ने चलन सहरमा पनि छ गाउँमा पनि छ तर सहर र गाउँमा फरक फरक तरिकाको छ । सहरमा चाहिँ पूजा कोठा,इनारमा जान

निषेध गरिएको छ भने गाउँमा चाहिँ भान्सामा जान्न, फलफूल छुन, बोटबिरुवा छुन आदि थुप्रै ठाउँमा निषेध गरिएको छ । पूजाकोठामा जाँदा के हुन्छ के आजसम्म केही भएको छ र ? मन्दिरमा नि देवीहरु हुन्छन के ति देवीहरु महिनावारी हुँदैनन । मन्दिरमा भएका देवीहरु भगवान भनेर पूजा गर्छन र घरमा भएका देवीहरु महिनावारी हुँदा अछुत हुन्छन आखिर यो मानसिक सोच कहिले सम्म बचाएर राख्ने हो । तर अहिले को आधुनिक समयमा एउटै कोठामा बस्ने र पढाई जागीरको सिलसिलामा हुने हुनाले एउटै कोठामा महिनावारी बार्न पनि सकिँदैन र त्यो सम्भव पनि छैन तर यसै विषयमा ग्रामीण केटीहरुलाई चाहि भान्सा लगायत थुप्रै ठाउँमा जान निषेध गरिएको र गोठमा सुत्न बाध्य बनाएको छ । यस कुराले किशोरीहरुको दिमागमा के रहेको छ भने छाउ भएको बेला भित्र गएर केहिकुरा छोयो भने भगवान ले श्राब दिन्छ वा पाप लाग्छ भन्ने मानसिक सोच छ र तिनीहरु लाई पहिला देखिनै आमाहरुले त्यस्तै संस्कार सिकाएका छन र महिनावारी सम्बन्धी चेतनाको कमि पनि देखिन्छ । छाउपडी प्रथा भनेको महिलाहरु महिनावारी भएका बेला गोठमा अथवा घर भन्दा टाढा राख्ने चलन लाई छाउपडी प्रथा भनिन्छ । महिनावारीको समयमा महिलालाई अलगै राख्ने चलन लाई छाउपडी प्रथा भनिन्छ । महिनावारीको लागि नेपाली शब्द नछुने लाई पनि अछुत भनिन्छ । आधुनिक नेपालमा पनि महिनावारीका दिनमा अपवित्र वा अछूत मानिने महिलालाई सामान्य मानिन्छ (Mazzulo, 2011) । छाउपडी को शाब्दिक अर्थ महिनावारी हुने महिला हो तिनीहरु परिवार आफन्तहरु बाट अलगिएका छन । समाजले चाहि महिलालाई सानो चिसो र अध्यारो गोठमा राख्छन जहाँ प्राय गाईबस्तुहरु  राखिन्थ्यो र त्यही गोठमा महिनावारीको बेला महिलाहरुलाई राखिन्छ र महिलाहरुलाई अपवित्र वा अशुद मानिन्छ ।

भारतका धरै जस्तो महिला र किशोरीहरुमा महिनावारीको बेला सुरक्षित सरसफाई स्वच्छता उत्पादनहरुमा पहुच छैन । त्यहाँ एकदम दुर्गम क्षेत्र भएकाले शिक्षा प्राप्त गर्नमा रोक लगाएको छ । महिनावारी भएको बेला स्वास्थ्य खतरामा पर्छ र जीविकपार्जनलाई जोखिममा पार्छ । कम्तिमा पनि २३ प्रतिशत केटीहरुले महिनावारी भए पछि स्कूल छोड्ने र बाँकीले चाहि ५ दिन सम्म स्कुल जानबाट बञ्चित भएको देखिन्छ र यो एउटा चेतनाको कमीले र अर्को सामाजिक कलङ्ग र चुप लागेर बस्नु सबै भन्दा नराम्रो कुरा हो महिनावारीको बारेमा महिलाहरुले खुलेर कुरा गर्न सकेका छैनन र महिनावारी सम्बन्धी खुलेर कुरा गर्नु पर्छ महिनावारी सम्बन्धी विभिन्न किसिमका कार्यक्रम गरी समाजमा चेतना फैलाउने काम गर्नु पर्छ (Mukul, 2013) । भारतमा धेरै किशोरीहरुलाई पहिलो महिनावारी हुनु अघि महिनावारी

के हो भनेर थाहा थिएन । त्यसमा पनि धेरै किशोरीहरुले सेनिटरी निपिकनको सट्टा कपडाको प्रयोग गर्ने थाले र धेरैलाई यो किन हुन्छ भन्ने अचम्म लाग्छ यसलाई सुधार्नका लागि चेतनाको पहिलो कदम भनेको यो प्राकृतिक प्रक्रियालाई स्वीकार गर्नुपर्छ र यो सँग जोडिएको कुनै पनि अन्धविश्वासको कलङ्ग हटाउनु पर्छ ताकि किशोरीहरुले मात्र होइन उनीहरुको परिवारले पनि लाज नमानी छलफल गर्न सक्नु पर्छ प्राय जसो ग्रामीण भेगमा सेनिटरी प्याड को सट्टा कपडाको प्रयोग गर्छन यस्ता खाले समस्या हाम्रो गाउँ ठाउँमा पनि रहेको छ । यसबारेमा जनसमुदायमा शिक्षा प्राप्त गर्ने यस मुदाको बारेमा चेतना बढाउनको लागि महत्वपूर्ण र विद्यालयस्तरमा अभियान र वार्ता प्रशारण गर्नुपर्छ यसले चाहि चेतनाको विकास गर्छ र डरलाई हटाउँछ समुदायक रुपमा समाधान खोज्ने प्रयास गर्छ ।

महिनावारीको चक्रिय घटनाले युगौदेखि विभिन्न संस्कृति र अन्धविश्वासहरु उत्पन्न गरेको छ । महिनावारीको महत्व र प्रशंसा बिभिन्न समाजका समुदायहरुमा फरक फरक हुन्छन केही संस्कृति र परम्पराले महिनावारीको समयमा रोक लगाउँछन । बोक्सिबिधा र कर्मकान्ड वादीहरुको सम्पर्कबाट बच्नको लागि उचित तरिकाले निकास गरिनुपर्छ किनभने यसले बाँझोपन उत्पन  हुने र विभिन्न किसिमका हानिकारक रोगहरु निम्त्याउँछ र केही धर्महरुले महिनावारी भएका महिलाहरुलाई पबित्र स्थानहरुमा जान वा धार्मिक ग्रन्थ र उपकरणहरु छुन बाट पनि रोक लगाएको छ (गर्ग, २००१) । यो समस्या चाहि अहिले प्रयाप्त छैन पहिला चाहि महिनावारी भएको बेला स्कुल जानु हुन भन्ने धारणा थियो र महिनावारी भएकाबेला किताब छोयो भने सरस्वतीले सराप छ र विद्या कहिले आउँदैन भन्ने चलन थियो । भारतीय  समुदायमा एउटा अन्धविश्वास कस्तो किसिमको पनि रहेको छ भने जुन महिलाबाट बच्चा हुँदैन त्यो महिलाले महिनावारी भएकाबेला नियमित ५ दिन सम्म वा सधैं एउटै नदीमा नियमित नुहाएमा अनि बच्चा हुन्छ भन्ने रुढीवादी परम्परा र अन्धविश्वास पनि रहेको थियो ।

भारतीय सरकारले ग्रामीण क्षेत्रका किशोर किशोरीहरुलाई सहुलेतदरमा सिनेटरी प्याडहरु उपलब्ध गराउने उद्देश्यले नयाँ योजना सुरु गरेको र पाकिस्तानको कराँची सहरी बस्ती वा समुदायमा रहेका युवा केटीहरुलाई महिनावारीमा प्रयोग भएका कपडा प्याडहरु विद्यालयमा कता फाल्ने भन्ने पूर्वाधारको अभाव रहेको छ । घरमा चाहि प्रयोग गरिएको कपडा सफा गरेर सुकाउने ठाँउ वा कपडा धुनलाई गोपनीयताको अभावका कारण महिनावारी स्वच्छता व्यवस्थापन गर्ने गर्हो भएको र महिनावारी सम्बन्धी चेतनाको  कमी भएको देखिन्छ

(Shah, 2013) । भारतीय सरकारले ग्रामीण क्षेत्रहरुमा सेनिटरी प्याडहरु अनुमानित लागतमा उपलब्ध गराउने नयाँ योजनाहरु सुरु गरेको थियो भने कसैले छाउ भएको बेला कपडाको प्रयोग गर्ने गर्थे र त्यो सफा गरेर सुकाएर फेरि त्यही कपडा प्रयोग गर्ने  गर्छन र पहिला धुने र सुकाउने समस्या हुन्थ्यो भने अहिले त्यो समस्या छैन अहिले त छाउ सम्बन्धी परिवारका सदस्यमा पनि परिवर्तन भएको छ । प्रजनन स्वास्थ्य मामिलाले पनि नयाँ कपडा राम्रो छ भनेर भनी सकेको छ । किनभने सुकाउन सजिलो छ रातो कपडा भएकोले त्यसमा लागेको दाग देखिँदैन र घाममा खुल्ला ठाउँमा सुकाउन सकिन्छ भनेका छन सेनिटरी प्याड चाहि सबैकालागि राम्रो पहुच नरहेको देखिन्छ किन भने गरीब परिवारका महिलाले किन्न सक्दैनन त्यसैले सरकारले प्याड निःशुल्क वितरण गर्नु पर्छ । किशोरीहरुको पहिलो महिनावारी हुँदा ११ देखि १५ दिन सम्म परिवारका सदस्यबाट अल्लगै राखिन्छ ।  परिपक्क महिलाहरुको हकमा ५ दिन गोठमा बस्नु पर्छ भने विवाहित महिलाले ४ दिन मात्र बस्नुपर्छ (महर्जन, २०१०) यो परम्परागत रुपमा महिलाहरुलाई महिनावरी भएको समयमा अपवित्र मानिन्छ यस अवधिमा कुनै महिला आफ्नो घरमा बसेमा देवीदेउता कोधित हुन्छन भन्ने मान्यता शताब्दीयौं देखि सुरु भएको हो । अनुष्ठान पछ्याउँदै महिलाहरुलाई उनीहरुको घर बाहिर ‘‘छाउगोठ‘‘ भनिने गोठमा बस्न लगाइन्छ (शर्मा, २०१०) । विकसित संसारका धेरैजसो भागहरुमा महिलाहरुले आफ्नो महिनवारी महिलाहरुको निजी जीवनको हिंसा रहनेछ र महिलाले काम गर्ने विद्यालय जान वा अन्यथा समाजमा योगदान गर्ने क्षमतालाई असर गर्दैन भन्ने धारणा राख्छन । नेपालमा यो अवस्था छैन जहाँ महिलाहरुलाई महिनावारीको समयमा अपवित्र मानिन्छ । महिलाहरुको जीवनका धेरै सामान्य पक्षहरुमा भाग लिन बाट बञ्चित गरिन्छ (कडेल, भन्डारी र लामिछाने, N.D २०१०) । आजको आधुनिक समयमा पनि महिलाहरुलाई मासिक महिनावारीको अवधिमा अस्वस्थ र एकान्त झुपडीमा रात बिताउन पठाइन्छ यो नेपालका महिला वा सुदूरपश्चिमका महिलाहरुका लागि एउटा  संस्कारको रुपमा रहेको छ (मञ्जुली, २०११) । महिनावारी वरपरका अभ्यास र निषेध क्षेत्रहरु  समुदाय गाउँ अनुसार  फरक-फरक हुन्छन र नेपालमै मात्र सीमित छैनन (Rebaud, २०११) छाउपडी प्रथा परम्परागत प्रथा हो ।  जसमा महिला र किशोरीहरुलाई कुनै कुरा छुन निषेध गरिएको छ र महिनावारी को समयमा गोठमा बस्नुपर्छ । सुदुरपश्चिममा छाउगोठ भत्काउने अभियान चलाए पनि यो समयमा समाधान हुन सकेन जस्ताको त्यस्तै रहेको पाइन्छ । यो सुदुरपश्चिम र नेपालको मध्यपश्चिम क्षेत्रका केही भागहरुमा व्यापक रुपमा प्रचलित छ । सुदूरपश्चिममा मुख्यतया अछाम, बाजुरा, बझाङ, डोटी, डडेल्धुरा र

दार्चुला जिल्लामा प्रचलनमा छ मध्यपश्चिमका कालिकोट, जुम्ला, हुम्ला, मुगु, दैलेख, जाजरकोट र सुर्खेत जिल्लामा यसको प्रचलन छ । यी क्षेत्रमा परिवार र समाजले महिनावारीलाई प्राकृतिक घटनाको रुपमा लिएका छन (अमगेन,२०११) ।

यो प्रथा खासमा परापूर्वकाल देखि वा ऋषिमुनिको पालामा महिनावारी भएकोबेला महिलालाई गारो हुन्छ केही काम गर्नु हुँदैन त्यस्तो बेला आरामको आवश्यकता पर्छ भनेर केही काम नगरी घरमा नै आराम गर्न दिएको र पछि यसलाई नै महिला लाई छुनु हुन भनेर एउटा समस्याकारुपमा समाजले लियो र अहिले यो प्रथा महिलाको महिनावारी हुँदा महिला अपवित्र रुपमा लिएका छन र महिनावारीको समयमा त्यहां बसेर घरलाई दूषित गर्न सक्छिन भन्ने विश्वासबाट उत्पन्न भएको हो र अहिले पनि छ । तसर्थ एक महिनामा एक पटक महिलाहरु को महिनावारीको सम्पूर्ण अवधिमा महिलाहरुलाई छाउपडी गोठमा निस्कासन गरिन्छ जुन महिलाहरुले छाउगोठलाई महिनावारी समाप्त भएपछि मात्र छोड्नु पर्छ (Rebaud, २०११) ।

शताब्दियौ देखी वा पहिले महिनावारी भएकी स्त्रीले कसैलाई छुनु हुन वा यदि कसैले छोयो भने उसलाई नुहाएर गाईको पिसाब पिउनु । विशेष गरी गर्वभपति महिला वा रुखहरु छुन अनुमति छैन किनभने फलफूलहरु लाई असर गर्छ की मर्छ वा बिकृत हुन्छ भन्ने विचारका कारण महिनावारी भएका महिलाहरुलाई धार्मिक समारोमा भाग लिन अनुमति थिएन र छैन । पौष्टिक खाना निषेध गरिएको थियो र न्यानो लुगा लगाउने अनुमति थिएन । पहिलेको भन्दा अहिले त धेरै परिवर्तन भएको पनि देखिन्छ । तर जति हुनु पर्ने हो त्यति छैन । त्यै पनि महिलाहरुले अझै पनि कडा परिश्रममा भाग लिने अपेक्षा गरिएको छ । महिलाहरुले सामान्यतया दैनिक गर्ने कामहरु जस्तै खेतमा काम गर्ने, दाउरा फ्याक्ने लुगा धुने र यस्तै अन्य कामहरु पनि छन (शर्मा, २०१०) । यो विश्वास गरिन्छन की यदि महिलाले यी अभ्यासहरु पालन गर्दैनन भने धेरै नकरात्मक प्रभावहरु हुन सक्छन ।

डडेल्धुरा जिल्ला गन्यापधुरा २ का महिलाले यसलाई सबैले पालना गर्ने संस्कृति सम्झेर यो संस्कारलाई पालना गरिरहेका छन यस क्षेत्रमा परिवार र समाजले महिनावारीलाई प्राकृतिक घटना मान्दैन । छाउपडी प्रणालीमा किशोरी तथा महिलालाई महिनावारीको केही दिनसम्म घरबाट अलगै राखिन्छ महिनावारी भएकोबेला महिलाले पुरुष, बालबालिका, गाईबस्तु जिवित बिरुवा र फल फल्ने रुखलाई छुनु हुँदैन भन्ने चलन अहिले सम्म पनि रहेको

देखिन्छ। माथि उल्लेखित सबै कुरा छोएमा ती चीजहरु प्रदुषित हुन्छन र यसले भगवानलाई कोधित तुल्याउँछ भन्ने विश्वास गरिन्छ।

## १.२ समस्याको कथन

छाउपडी प्रथा पितृसतात्मक मान्यतामा आधारित कुप्रथाको रुपमा विद्यामान रहेको छ र मध्य तथा सुदूरपश्चिम अथवा भारतका थुप्रै क्षेत्रमा छाउपडी प्रथा महिलाहरुको स्वस्थ्य समस्याको रुपमा रहेको छ । खासगरी सुदुरपश्चिमका पहाडी क्षेत्रमा समस्याका रुपमा छाउपडी प्रथा रहेको छ। डडेल्धुरा जिल्लाको गन्यापधुरा २ चम्सालका महिलाले महिनावारीको बेला भोग्नु परेका समस्याको बारेमा अनुसन्धान गरीएको छ र यस्ता खाले समस्या त्यहाँका महिलाहरुले स्वयम अहिले पनि भोगी रहेका छन।

महिलाले महिनावारीको अवधिमा विभिन्न भेदभावपुण अवस्था भोग्नु परेको छ । विभिन्न परम्परागत धार्मिक अन्धविश्वासमा अडकिएको छ जस्तै महिनावारी भएका बेला नियमित ५ दिन सम्म एउटै नदीमा नुहाए पछि जुन महिलाको बच्चा भएको छैन वा ति महिलाहरुको बच्चा हुन्छ र महिनावारी भएको बेला पेट दुखेको छ भने आमाले एकै सासमा कपडा च्यातेर फेरि त्यो कपडा छाउ भएकी किशोरीलाई प्रयोग गर्न दिएमा पेट दुखाई कम हुन्छ भन्ने जनविश्वास पनि रहेको छ। अर्को चाहिँ महिनावारीको बेला प्रयोग गरिएका कपडा खुल्ला ठाउँमा सुकाउनु हुन्न लाज हुन्छ सबैले देख्छन, राम्रा नराम्रा मानिसको नजर त्यो कपडामा जान्छ र नराम्रा मानिसहरुले छाउलाई बिगार गर्न सक्छन भन्ने शिक्षा आमाहरुले किशोरीहरु लाई दिनु भएको छ र महिनावारी लाई लुकाउनु पर्छ भन्ने कुरा सिकाउनु भयो त्यसै गरी सेनिटरी प्याडहरु खुल्ला ठाउँमा फाल्नु हुन्न फालेपछि त्यो रगत लाई बोक्सीले देख्छ र महिलामा सधैं निःसन्तान हुन्छ भन्ने विश्वास छ र प्याड लाई जलाउनु पनि हुन्न किन भन्दा त्यो प्याड वा कपडा जलाए पछि हाम्रो शरिलमा रगत नष्ट हुन्छ र त्यसले चाहि फेरि महिनावारी हुन बाट रोक्क लगाइन्छ भन्ने समस्याको रुपमा रहेको र अर्को चाहिँ किशोरीहरुले खुट्टामा कालो धागो बाधे पछि पेट दुखेको कम हुन्छ भन्ने विश्वास रहेको पनि देखिन्छ यो सबै चेतनाको कमीले र धार्मिक कारण हो त्यसैगरी महिनावारीको विषयमा राम्रो ज्ञान नहुनु पनि हो यस्ता खाले समस्या महिलाले नै महिलालाई सिकाउँदै आइरहेका छन्।

अहिलेको बदलिदो समाजमा अर्को मुख्य समस्याका रुपमा महिनावारी भएको बेला महिला ले पुरुषलाई नी छुनु हुन्न र कोही मान्छे साइत गरेर कतै जान लाएको छ भने महिनावारी भएकी महिलाले देखिनु हुन्न देखिए पछि साइत खराब हुन्छ भन्ने मानिसको

मानसिकता अहिले पनि रहेको छ यी यावत समस्याहरु आखिर कहिले सम्म भोग्नु पर्ने हो । अर्को चाहि छाउ भएकोबेला अपनै घरको आगनमा पनि जान दिनु हुन यो कस्तो परम्परा हो यस्ता खाले समस्या हामी महिलाहरुले आखिर कहिले सम्म भोग्नु पर्ने हो र भोग्दै आइरहेका पनि छन् । महिनावारी  भएका बेला खाना खाई सके पछि त्यो ठाउँमा ६ दिन सम्म अनिवारीय लिपपोत गर्नु पर्छ अनि महिनावारी भएकोबेला पौष्टिक खाना खानु पर्ने अवस्थामा नुन सँग खानु पर्ने अवस्थ छ गाईको दुध खाए पछि गाईको दुध बाट रगत आउँछ गाई बिरामी हुन्छ र देवी देउता रिसाउँछन भन्ने चलन रहेको छ आखिर यी समस्या कहिले सम्म भोग्नु पर्ने हो तर पहिले भन्दा अहिले परिवर्तन भएको चाहिँ महिनावारी भएको बेला कपाल कोर्ने, ऐना हेर्ने,महिनावारी भएको दिन देखि प्रत्येक दिन नुहाउने र स्कुल जाने किताब छुँदानी केही हुन्न भन्ने कुराको चाहि परिवर्तन भएको छ र महिनावारी भएका बेला नुहाउन पनि ६ दिन सम्म ३० मिनेटको बाटो हिँडेर खोलामा जानु पर्छ आखिर कहिले सम्म हामी महिलाले यो समस्या भोग्नु पर्ने हो कहिले सम्म यो पितृसतात्मक सोच र परम्परागत अन्धविश्वास हाम्रो समाजमा समस्याका रुपमा रहेको देखिन्छ र एउटा गाईलाई घाँस महिनावारी भएकी महिलाले काट्नु पर्ने रे दुध खान चाहिँ नहुने रे यो कस्तो बिडम्बना अनौठो लाग्छ यस्ता समस्या भोग्दा र देख्दा त्यसै गरी सहरमा पनि महिनवारी भएको बेला एउटा छुट्टै किसिमको समस्या छ जस्तै महिनावारी हुँदा चाहि इनार छुनु हुँदैन झाडो लगाउनु हुन्न पूजा कोठा जानु हुन्न भन्ने जस्ता समस्या सहरमा पनि छन त्यसैगरी गाउँमा छाउपडी गोठभित्र महिला र केटीहरुलाई राखिन्छ आखिर कहिले सम्म यि वा यस्ता समस्याको सिकार हुनु पर्ने कहिले सम्म हामी महिलाहरुले यस्ता समस्या बाट छुटकारा पाउने हो । जुन चाहि घरभन्दा अलि टाढा राखिन्छ महिनावारीको बेला महिलाले बस्ने छाउगोठहरु खुल्ला हुन्छन र जसले गर्दा सर्पको डर हुन्छ चिसोले गर्दा पनि महिलाहरु बिरामी हुने र त्यही गोठमा ज्यान गुमाउनु पर्ने अवस्था थियो । तर अहिले जुन घर देखि टाढा छाउगोठ थिए तिनीहरु भत्काएर घरमा नै रहेको गोठमा नै बस्नु पर्छ पहिले भन्दा अहिले अलिकति परिवर्तन पनि भएको पनि छ र कुनै समस्या जस्ताका  त्यस्तै पनि रहेका छन ।

महिनावारी  भएको बेला प्रत्येक महिना ५ दिन सम्म त्यही गोठमा बस्नु पर्ने हुन्छ । छाउपडीले महिलाका हक अधिकार हन्न गरेको छ । किनभने यस समस्याले सुरक्षित र स्वस्थ्य जिवन जिउने क्षमतालाई सिमित गर्दैन र पहिलेको अवस्थामा महिनावारीको बेला किशोरीहरुलाई विद्यालय जानबाट बञ्चित गरिएको थियो  । महिलाहरुले भोग्दै आइरहेका र

भोगेका समस्याहरु जस्तै गाईगोठमा बस्नुपर्नेले उपयुक्त लताकपडाबाट बञ्चित भई मलमत्रको गन्धमा घरपालुवा जनावरहरुले कुल्चने फोहोर घाँस पराल मुन्द्रीमा सुत्न बाध्य हुँदा कीटाणुको संक्रमण भोग्नु पर्ने र दुर्गन्धमा बस्नु पर्ने महिनावारी भएकाबेला ५ दिन सम्म नुहाउनका लागि एकान्त खोलामा एकलै जानुपर्दा डर हुन्छ आखिर यस्ता समस्या कहिले सम्म हामी नारीहरुले भोग्नु पर्ने हो ।

विभिन्न खाले क्षेत्रहरुमा जस्तै राजनीतिक, शैक्षिक क्षेत्रमा परिवर्तन आए तर वर्षौं सम्म जरा गाडेर रहेको छाउ प्रथामा चाहि किन परिवर्तन हुन सकेको छैन के कुराले रोक लगाएको छ । छाउ गोठ भत्काए पनि त्यो परिवर्तन हुन सकेन र जसले छाउ गोठ भत्काए तिनीहरु नै छाउ गोठमा बसिरहेका छन र एउटा परिवर्तन न हुनुको वा छाउ लाई निरन्तरता दिएको चाहि धार्मिक र आर्थिक अवस्था कमजोर भएर र अर्को चाहि गाईगोठमा बस्न बाध्य चाहि त्यहाँको घरको बनावट आकार वा संरचना नै त्यही किसिमको छ त्यो पनि छाउ लाई निरन्तरता दिने कुरामा एकदम समस्याका रुपमा रहेको देखिन्छ । प्रचलन अनुसार महिलालाई महिनावारीको बेला दुध वा घिउ नदिने चलन छ । त्यस्तै गरी अहिलेको आधुनिक समयमा पनि खाना नुन सँग खाने अवस्था छ यसले चाही महिनावारीको बेला पौष्टिक खाना बाट बञ्चित गर्छ । यो एकदम ठुलो समस्याका रुपमा रहेको देखिन्छ । छाउपडी वा महिनावारीका बेला नुहाउने सानो खोला छुटै हुन्छ जहाँ चाई एकलाई जान नी डर लाग्छ । यसमा चाई सामाजिक कलङ्कसँग जोडिएको देखिन्छ । छाउपडी प्रथाले नेपाली महिलाको स्वाथ्यमा परेको नकरात्मक असर लाई कम्तीमा पनि ५ दिन चाहि दयनीय अवस्था हुन्छ महिलालाई जुनबेला पौष्टिक आहारा चाहिन्छ त्यो आहार नै छैन उनीहरुलाई वा हामी महिलाहरुलाई एउटा आमा दिदी बहिनी को रुपमा मात्र सीमित गरेको । गन्यापधुरा २ चम्साल का महिलालाई कुनै अनुमति छैन महिनावारीको समयमा घरमा दाउरा र घाँस सङ्कलन गर्न काम गर्छन यस्तो अवस्थामा महिलालाई एकदम कमजोर अनुभव हुन्छ अनि रोगले टिप्छ निमोनिय जस्ता रोग लगायत विभिन्न स्वस्थ्य समस्याले बढी प्रभावित बनाउँछ ।

छाउपडी प्रथा अहिलेको आधुनिक समयमा ठुलो समस्याका रुपमा हेरेको र यसलाई परिवर्तन गर्नुपर्छ भनेर २०७४ सालमा छाउगोठ भत्काउने अभियान चलाए परिवर्तन त भए तर जति परिवर्तन हुनु पर्ने हो त्यति परिवर्तन हुन सकिएन छाउगोठ भत्काए पनि फेरि गोठहरु पुननिर्माण गरेर गोठमै बस्न बाध्य भएका छन घरभित्र बस्दा देउता रिसाउँछन राम्रो हुँदैन भन्ने र गाईको दूध नी खान दिदैन यो खासमा पितृसतात्मक सोचका रुपमा रहेको

देखिन्छ। महिनावारी भएकोबेला घरमै सुते अनिष्ठ हुन्छ भन्ने अन्धविश्वासका कारण महिलाहरु अहिले पनि छाउगोठमा बस्न बाध्य छन । छाउगोठ भत्काए पनि अभियानले निरन्तरता नपाउँदा अभियानले नागरिकहरुमा सकरात्मक सोचको विकास गर्न नसकेको अवस्था छ यो एउटा जटिल समस्याका रुपमा रहेको छ । त्यसैगरी छाउगोठहरु भत्काए पनि परम्परागत बिश्वासका कारण महिलाहरु बस्तुभाउ बाँध्ने गोठमा बस्दै आएका छन । छाउगोठ भत्काए पनि खासै प्रभावकारी नभएको र महिलाहरुले महिनावारी भएकाबेला अनेक खाले समस्या भोग्दै आएका छन । अहिलेको आधुनिक समयमा पनि  हाम्रो समाजमा छाउपडी प्रथालाई पितृसतात्मक संरचनाले एकदम जरा गाडेको र परम्परागत अन्धविश्वास एउटा समस्याका रुपमा रहेको देखिन्छ ।

छाउगोठ प्रथाको कारण महिलाहरु छाउगोठमा बस्दा बलत्कृत हुने जङ्गली जनावरले आक्रमण गरेर मृत्यु हुने सर्पले डसेको र चिसोले गर्दा मृत्यु भएका  धेरै घटना घटेका छन महिनावारी भएको बेला महिलाले शारिरीक र मानसिक दुपै किसिमको समस्या भोग्नुपरेको छ । धार्मिक  अवस्था कमजोर भएका कारणले र त्यहाँ घरको आकार, बनावट वा संरचना त्यस्तै भएको कारणले महिलालाई प्राय अलग्गौ गोठ वा गाईगोठमा सुत्नलाई पठाइन्छ यो एउटा ठूलो समस्याका रुपमा देखा पर्छ र हामीले महिनावारी प्राकृतिक नियम हो भनेर चेतनाको विकास गर्नु पर्छ यो छाउलाई चाहि अहिलेको आधुनिक समयमा पनि किन परिवर्तन गर्ने सकिरहेका छैनन र किन निरन्तरता दिएको देखिन्छ के कारणले यसलाई परिवर्तन हुन बाट रोक लगाइएको छ र गोठ भत्काएपछि वा पहिला भन्दा अहिले छाउमा के कुरामा परिवर्तन आयो त  भन्ने बारे र जहाँ महिलाहरु धेरै हौसला पुर्ण अस्वस्थ र खुल्ला ठाउँमा बस्न बाध्य छन  र त्यसैगरी महिनावारीको बारेमा छोरीहरुलाई आमाहरुले सिकाउनु पर्छ र महिनावारी सम्बन्धी खुलेर कुरा गनुपर्छ।  के कारणले गर्दा हाम्रो समाजमा छाउपडी प्रथालाई निरन्तरता दिएको छ र  परिवर्तन के कुरामा आयो भन्ने विषयमा अध्ययन गरिएको छ  । उक्त शोधपत्र निम्न किसिमका अनुसन्धान प्रश्न र समस्या संग सम्बन्धित रहेको छ।

१) छाउँ बार्ने प्रणालीमा के परिवर्तन आएको छ र के - के कुराले छाउमा निरन्तरता पाइरहेको छ ?

२) छाउगोठ भत्काउने अभियान चलाए पनि  विद्यामान छाउप्रथा किन भत्किन सकेन ?

३) छाउपडी प्रथाको मुल कारण पितृसतात्मक संरचना मात्र नभई महिलाहरु स्वयम पनि कसरी कुन हद सम्म जिम्मेवार छन ?

४)छाउपडी प्रथामा महिलाको अवस्था कस्तो रहेको छ ?

## १.३ अध्यनको उदेश्य

यस विषयमा  अध्ययन गर्न खोजेको मुख्य उदेश्य चाहि छाउमा निरन्तरता र परिवर्तन भन्ने विषयमा वा छाउपडी प्रथा प्रति महिलाको धारण कस्तो रहेको छ भनेर त्यसलाई पता लगाउन खोजेको र अहिलेको आधुनिक समयमा छाउपडी प्रथालाई परिवर्तन गर्नुपर्छ  भनेर २०७४ सालमा विभिन्न संघसस्थाहरुले छाउगोठ भत्काउने अभियान चलाए पनि पहिले भन्दा छाउमा अहिले अलिकति परिवर्तन त भयो कि तर जति परिवर्तन हुनुपर्ने हो त्यति परिवर्तन भएन र यदि परिवर्तन भयो भने के कुरामा परिवर्तन भयो भन्ने यस अध्ययनको खास उदेश्य रहेको छ । छाउपडी प्रथा पितृसतात्मक मात्र नभई महिलाहरु स्वयम पनि कसरी कुन हद सम्म जिम्मेवार छन भन्ने उ्देश्यले यो विषय छनौट गरिएको छ । तसर्थ निम्न विशिष्ठ उदेश्य राखेर यो शोधकार्य पुरा गरिएको छ । तपसिलका विषयबस्तुको अध्ययन गर्नु यस अनुसन्धानको प्रमुख उदेश्य रहेको छ ।

१)	छाउपडी प्रथा प्रति महिलाको धारणा पता लगाउने ?

२)	छाउगोठ भत्काएपछि को अवस्था पता लगाउने ?

## १.४ अध्ययन को महत्व

छाउपडी प्रथा वा महिलाहरु महिनावारी भएका बेला महिलाहरु शारिरीक रुपमा कमजोर हुन्छन । त्यस माथि पनि धर्म र संस्कार जन्य व्यवहारहरु महिलाहरुको पक्षमा न्याय सँगत छैन महिनावारी भएकाबेला महिलाले अनेक किसिमका समस्या भोग्दै आएका थिए र अहिले पनि त्यस्तै समस्या भोग्दै आइरहेका छन । महिनावारी भएका बेला कतै जानु पनि हुन र कतै जान पनि रोक लगाइएको छ । छाउगोठ भत्काए पछि सामाजिक अवस्था पहिलाको भन्दा अलिकति परिवतर्न त देखिन्छ की तर जति परिपर्तन हुनुपर्ने हो त्यति परिवर्तन आएको देखिँदैन र छैन पनि छाउगोठ भत्काए पछि महिलाहरु झन त्रिपाल मुनि बस्न बाध्य भए र फेरि गोठ बनाएर गोठमै बस्न थाले त्यसैले अबको पुस्तालाई चाहि छाउपडी प्रथा केही होइन यो एउटा महिलाहरु लाई प्रकृतिले दिएको सुन्दर उपहार हो भनेर बुझाउनु पर्छ यो एउटा पितृसतात्मक सोच मात्र हो देविदेउता रिसाउँछन भन्ने खाली एउटा अन्धविश्वास हो भनेर सचेत गराउनका लागि यस अध्ययनको महत्व रहेको छ ।

## १.५ अध्ययनको संगठन

यस अध्ययन संकलित तथ्यांकहरुको विबरणलाई संगठित रुपले प्रस्तुत गरीएको छ ।

त्यसलाई जम्मा ६ वटा अध्यायमा बगिकरण गरिएको छ । जस्तै पहिलो अध्यायमा अध्ययनको परिचय, समस्याको कथन, अध्ययनको उदेश्य तथा महत्व र अध्ययनको अध्ययन को संगठन ढांचालाई लिपिबद्ध गरिएको छ । त्यसैगरी पूर्व साहित्यको समीक्षालाई दोस्रो अध्यायमा प्रस्तुत गरिएको छ भने अनुसन्धान गर्दा अध्ययन क्षेत्रमा अपनाईएका योजना तथा विधिहरुलाई तेस्रो अध्ययनमा प्रस्तुत गरिएको छ ।

अध्ययन क्षेत्रमा छाउपडी प्रथा प्रति महिलाको धारणा र उतरदाता संगको अन्तवार्ता छाउपडी प्रथामा स्थानीय प्रणाली, धर्म र पापलाई समेत सोही अध्ययनमा प्रस्तुत गरिएको छ । र पाचौ अध्ययनमा भने अध्ययनको मुख्य बिषय बस्तुमा केन्द्रित रही छाउगोठ भत्काए पछिको अवस्थाका बारेमा गरिएको खोज विश्लेषणलाई विस्तुत रुपमा प्रस्तुत गरिएको छ । त्यसैगरी अन्तिम अथवा छेटौ अध्ययमा भने समग्र स्वरुपको संक्षिप्त विवरण तथा निष्कर्ष गरिएको छ ।

# अध्याय दुई : साहित्यिक समीक्षा

## २.१ छाउपडी प्रथा सम्बन्धी  धारणा

छाउपडी प्रथा वा महिनावारी भनेको चाहि महिलामा हुने नियमित प्रक्रिया हो । जसले गर्भधारण प्रक्रियालाई परिपक्क बनाइरहन्छ । यो जैविक परिवर्तन भएकोले महिलाहरुको pituitary gland ले उमेर बढदै गएपछि उत्पादन हुने पदार्थले महिलाको अन्डासयलाई अन्डा उत्पादन गर्ने प्रेरित गर्छ यो अन्डा परिपक्क भएपछि महिनावारी हुने गर्दछ हिन्दू धर्म विशेष गरी बाहुन, क्षेत्री र दलित समुदायमा महिनावारी हुदा बार्ने प्रचलन रहेको पाइन्छ। मध्यपश्चिम र सुदुरपश्चिममा महिनावारीलाई अपवित्रता र अशुद्ध भन्ने प्रचलन रहेको छ ।

एस: दास (स.न् २००७) ले भारतीय समाजमा मासिक धर्मको स्वच्छतामा नकारात्मक प्रभाव पर्छ ।  अहिलेको अध्ययनले चाहि सहरी आवासी क्षेत्रहरु र  राँचीको बस्ती क्षेत्रमा छाउ सँग सम्बन्धित अभ्यास निषेधहरु सामाजिक र सांस्कृतिक अभ्यासहरु पता लगाउनको लागि गरिएको थियो । यसमा स्वास्थ सरसफाईलाई ध्यानमा राख्छन । भारतका केही ठाउँमा परम्परागत संस्कृतिक मान्यता जाति अनुसार फरक रहेका छन। हिन्दू र मुस्लियम समुदायका किशोरीहरुलाई चाहि महिनावारी भएको बेला पूजा कोठामा जान र अचार अमिलो आदि छुन निषेध गरिएको छ। त्यसैगरी सुकुम्बासी परिवारमा महिनावारी हुँदा बजार नजाने र मुस्लिम समुदायका महिलाहरुलाई नुहाउन प्रतिबन्ध लगाइएको देखिन्छ किनभने महिनावारीको बेला नुहाएपछि गर्भावस्थामा समस्या हुन्छ भन्ने प्रचलन रहेको छ।

आरु भारतीय (सं.न.२०१३) मासिक धर्म र समाज शीर्षकले संसारका सबै धर्महरुमा महिलाहरुलाई महिनावारी  भएको समयमा विभिन्न प्रकारका समस्या रहेको देखिन्छ। अहिलेको आधुनिक समयमा छाउपडी प्रथालाई विभिन्न संघसस्थाहरुले र गैरसरकारी संस्थाले यसलाई हटाउनु पर्छ भनेर लागि परेको देखिन्छ तर पनि यो समस्या त्यस्तै छ २०७२ तिर छाउगोठ भत्काए पनि धेरै परिवर्तन हुन नसक्नुको कारण चाहि पितृसतात्मक र अन्धविश्वास विचार अहिले सम्म रहेको छ। महिलाले महिनावारी भएको बेला केही कुरा छुन पनि निषेध गरेको छ।

दासगुप्ता र सरकार (स. न. २००८) महिनावारी सुरु हुनु अघि नै किशोरीहरु माझ चेतनाको कमी रहेको र भारतमा चाहि महिनावारी के हो भन्ने कुरा किशोरीहरुलाई थाहा नहुने र उनीहरुलाई त्यो सम्बन्धी ज्ञान पनि नदिएको महिनावारी भए पछि तिनीहरुमा राम्ररी

ज्ञान नभएर एक किसिमको मानसिक तनाव भोगिरहेका हुन्छन त्यसैले मानसिक तनाव नभोग्नको लागि किशोरीहरुलाई महिनावारी हुनु भन्दा अगाडी महिनावारीको बारेमा आमाहरुले सिकाउनु पर्छ ।

डीबोरा विन्सलो (स.न १९८०) श्रीलंकामा पहिलो महिनावारी सम्बन्धी अनुष्ठा" शीर्षकको लेखमा कुनै किशोरी श्रीलंका पहिलो पटक महिनावारी हुँदा गरिने आफ्नो रित अनुसार परम्पराको बारेमा व्याख्या गर्छन । जुन अनुष्ठानमा ती महिनावारी भएकी किशोरीहरुलाई नयाँ वस्त तथा मिठो भोजन र दक्षिणा दिने कुरा ब्याख्या गर्छन ।

पहिलो महिनावारी भएकोबेला किशोरीहरुलाई मीठो खाने कुरा दिने र नयाँ कपडा दिने परम्परा प्रायजसो सबै ठाउँमा रहेको पाइन्छ यसले किशोरीहरुको मन एक किसिमको डर पैदा गर्दछ किन भन्दा अब म ठूलो भए मैले बिस्तारै आफू जन्मेको घर नी छोड्नु पर्छ भन्ने एउटा मानसिकता बोकेका हुन्छन र एक किसिमले हर्ष, खुसी पनि पैदा गर्छ किन भन्दा गाउँ घरतिर दसैं, तिहार तिर मात्र नयाँ कपडा पाउने आश हुन्छ पहिलो महिनावारी भएको ४ दिनमा लुगा पाउँदा मन खुसि पनि हुन्छ । यो परम्पराले एक किसिमको नकारात्मक असर पनि गरेको देखिन्छ  किन भने आर्थिक अवस्था कमजोर भएको परिवारमा एक छाक टार्न गरो भएको बेला घरकी छोरी, बुहारी पहिलो महिनावारी हुँदा कहाँ बाट कपडा ल्याउने भन्ने चिन्ता पनि हुन्छ ।

यस्तै परम्परागत रुपमा कर्णाली र सुदुरपश्चिम क्षेत्रका धेरै ठाउँमा पनि रहेको छ । कुनै छोरीचेली पहिलो पटक महिनावारी हुँदा वा विवाह गरेर गएकी छोरी पहिलो पटक महिनावारी हुँदा महिनावारी भएको चौथो दिनमा नयाँ कपडा उपहार दिने तथा मिठास भोजन गराउने प्रचलन अहिले पनि रहेको छ । यसलाई हामी महिलाहरुले भोग्दै आइरहेका छौं । अचम्मको कुरा त महिनावारी हुँदा खुसी भई उपहार र मिठो भोजन दिने समाजमा किन त्यसपछिका महिनावारी हुँदा छिछि र पर जाऊ भनिन्छ यो त एउटा अपमान गरेको देखिन्छ भने चाहि स्पष्ट छ ।

आर हरिश (२०६०) "समाजमा अन्धविश्वास र तिनीहरुलाई हटाउने उपायहरु" शीर्षक को लेखमा अन्धविश्वास निश्चित कालखण्ड र परिस्थितिमा उप्जिन्छन । समाजमा यावत अन्धविश्वास तिनै कालखण्ड र परिस्थितिसँग ब्याख्या गर्नुपर्छ भन्छन ।

समाजमा चाहि पहिला देखि चल्दै आएको छाउपडीलाई वा यो अन्धविश्वास लाई नियाल्दै आएको देखिन्छ । त्यो जड अहिले सम्म रहेको छ र केही परिवर्तन हुन सकेको छैन ।

यसै विषयमा अधिकारकर्मी बबिता के भन्छिन भने जङगली युगमा समाज पितृसतात्मक र अन्धविश्वास थियो । यद्यपि महिलाहरुलाई महिनावारी हुँदा शिकार खेल्न बञ्चित थियो । र त्यही समयमा महिलाहरुले निश्चित तोकिएको ठाउँमा बस्नु परथ्यो किनकि महिनावारी हुँदा हुने रक्तश्रावको बास्नाले जङ्गली जनावरहरुले महिलाहरु लाई आक्रमण गर्थे । त्यो युगमा कपडा थिएनन । त्यसैले महिलाहरुलाई जङ्गली जनावरहरुबाट बचाउन झुप्रोमा राखेर पुरुषहरु शिकार खेल्न जान थाले । तर दुर्भाग्यबश त्यो झुप्रो छाउगोठ बन्यो तर अहिलेको यो एकाइसौं शताब्दिमा पनि यसरी नै महिनावारी सम्बन्धी कुरिती, कुसंस्कारहरुलाई अँगाल्नु आजको आवश्यकताको रुपमा रहँदै आएको छ । छाउपडी प्रथा जुन एउटा यो परापूर्व कालदेखि चल्दै आयो यो अन्धविश्वासका रुपमा रहयो समाजमा यसलाई पहिले देखि चल्दै आएको छाउपडीलाई समाजमा अङगल्यो र यो परिवर्तन हुन सकेन अब अहिलेको पुस्ताचाहि यसलाई परिवर्तन गर्नु पर्छ यो त अन्धविश्वास हो भनेर सचेत त भएकी तर परिवर्तन चाहि भइरहेको छैन यो प्रथालाई पुरुषहरुले पनि बुझ्नु पर्छ भन्ने धारणा रहेको छ ।

राज कमल (२००९) उनको लेख महिनावारीसँग सम्बन्धित ज्ञान र अभ्यासहरु भन्ने शीर्षक रहेको छ । किशोरीहरु बीचको महिनावारीसँग सम्बन्धित ज्ञान र अभ्यास हरुको मूल्यांकन गर्नको लागि गरिएको थियो । अध्ययनका लागि नमुना वर्षहरुमा २०० केटीहरु समावेश थिए । महिनावारी सुरु हुन अघि महिनावारीको प्रक्रियाको बारेमा वैचारिक स्पष्टताको अभाव थियो जसका कारण उनीहरुले धेरै स्त्रीरोग समस्याहरुको सामना गर्नु परेको थियो । महिनावारीसँग सम्बन्धित धेरै सामाजिक सांस्कृतिक निषेधहरु थिए महिनावारी भएको बेला व्यक्तिगत सरसफाई र व्यवस्थापनको स्तर निकै सन्तोषजनक नरहेको पाइएको छ । ९८ प्रतिशत युवतीहरुले महिनावारीको समयमा नियमित नुहाउनु हुँदैन भन्ने मान्यता राखेका थिए ।

यसमा चाहि महिनावारीसँग सम्बन्धित प्रत्येक समाज पिच्छे फरकफरक खालका सामाजिक सांस्कृतिक निषेधहरु रहेका छन । कुनै समुदायमा महिनावारी भएकोबेला तीन दिन सम्म नुहाउनु हुँदैन भन्ने धारणा छ । भने कुनै समुदायमा चाहि नियमित नुहाउनु पर्छ भन्ने धारणा छ । खासमा नियमित नुहाउनु पर्ने हो अब को पुस्ता वा युबतीहरु यस्तो खालको

संस्कृति लाई नमान्ने धारणा बनाउने थाली सके र परिवर्तनहरु गर्नुपर्छ भन्ने तिर अग्रसर भइसकेका छन ।

जर्ज (स. न् १९९४) दक्षिाणपूर्वी नाइजेरियाको परम्परा Igbo समाज जीवन स्वाध्य र महिनावारी लगायत रोगका विभिन्न पक्षसँग सम्बपिधत पौराणिक कथाहरु र अन्धविश्वासमा धनी छ । उनले चाहि Ebonyi  राज्यका ग्रामीण Igbo महिलाहरुमा छाउ सम्बन्धी धारणाको मूल्यांकन गर्दछ र कम उमेरका महिलाहरुलाई छाउ भएको बेला परम्परागत रुपमा चन्द्रमालाई हेर्नु हुन्न भन्ने विश्वास र छाउ भएका महिलाहरुलाई नवजात शिशु छुन बाट निषेध गरिएको थियो । किनभने यसले पछि जीवनमा बढ्दो उमेरका किशोरीहरुलाई रुढिवादी परम्परामा आकर्षित गर्ने विश्वास गरिन्छ ।

डा. अरुण उप्रेती (सन २०१४) ले मध्य तथा सुदुरपश्चिममा छाउपडी प्रभाव परेको र यो प्रथा महिलाको आत्मा सम्मानमा आँच आउने खालको प्रथाको रुपमा चित्रण गर्ने भएको छ । उक्त अध्यनले समाजमा लामो समय सम्म जगडिएको प्रथाको रुपमा रहेको अभ्यासको उन्मूलन सहज नभएको देखिएको हो । केही महिलाहरु स्वतह स्पुर्त रुपमा यो प्रथा लाई कुप्रथाको रुपमा मान्न लागि परेता पनि केही महिलाहरु अनिष्ठा हुने र देउता रिसाउने नाममा अभ्यास रहेको देखाएको छ । महिलाहरुमा रहेको मानव अधिकार कर्मी महिला समेत पुरातन र पितृसतात्मक सोचको कारण यो प्रथा अनमुलन गर्ने समस्या भएको अध्यनले देखाएको छ । यो प्रथा अनमुलन गर्नका लागि अभियान चलाए पनि वा चेतना मुलक कार्यक्रम चलाए पनि परिवर्तन हुन सकेन ।

एस. गर्ग (वि.स २००१) महिनावारीको महत्व र प्रसंशा विभिन्न समाजका समुदायहरुमा फरक फरक किसिमको हुन्छन । केही संस्कृति र परम्पराले महिनावारीको समयमा निषेध लगाइन्छ । कपडा धुने, नुहाउने, खाना बनाउने सामाजिक अन्तरक्रिया र यौवन सम्बन्ध हरुमा प्रतिबन्ध लगाइन्छ । केही धर्महरुले महिनावारी भएका महिलाहरुलाई पवित स्थानहरुमा जान वा धार्मिक ग्रन्थ र उपकरणहरु छुन बाट पनि रोक लगाइएको छ । छाउलाई चाहि विभिन्न समाज वा गाउँ र सहरमा पनि फरक किसिमको रहेको छ । तर गाउँमा पहिला महिनावारी भएका बेला तीन दिन सम्म पनि सरसफाई गर्न प्रतिबन्ध लगाएको थियो किन भन्दा तीन दिन सम्म महिनावारी भएकी महिला भूतको रुपमा हुन्छिन भन्ने चलन थियो तर अहिले चाहि महिनावारी भएकोबेला जति सरसफाई गरयो त्यति राम्रो हुन्छ भन्छन

र त्यसैले यस्तो कुरा अलिकति भए पनि परिवर्तन भएको छ। त्यसैगरी यो महिनावारी धर्म अनुसार पनि फरक रहेको देखिन्छ।

सिंह (स. न् २०१३) "भारत गुजरातको ग्रामिण इलाकामा प्रजनन स्वास्थ मामिलाहरु" महिलाहरुमा महिनावारीको बारेमा चेतनाको स्तरको कमी रहेको छ। जब उनीहरुलाई पहिलो पटक महिनावारीको अनुभव हुन्छ सामाजिक प्रतिबन्ध र सम्बन्धित विषयहरुमा खुलेर छलफल गर्न अभिभावकहरुको नकरात्मक मनोवृद्धिले कुरा गर्न सक्दैनन विशेष गरी ग्रामीण तथा जनजाति समुदायका किशोर किशोरीहरुको सही प्रकारको सूचनामा पहुँचमा अवरोध पुगेको छ। यस बाहेक परम्परागत विश्वासहरुसँग तिनीहरुको बलियो बन्धन महिनावारीको समयमा निषेध र गलत धारणाले धेरै गम्भीर स्वस्थ्य समस्याहरु निम्त्याउँछ। खास व्यक्तिगत सरसफाई र असुरक्षित सरसफाईको अबस्थाले गर्दा किशारीहरुले धेरै स्त्री रोग समस्याहरु सामना गर्दछन समयमा सरसफाईको कमिको कारण संक्रमण हुने धेरै अध्ययन हरुमा रिपोर्ट गरिएको छ। सिंह ले खासमा के भन्न खोजेका छन भने महिनावारी भएको बेला गग्रमिण क्षेत्रमा वा गरिब परिवारमा के गर्ने कसरी सरसफाई गर्ने भन्ने कुरा धेरै महिलाहरु लाई थाहा नहुने र कामको चापले गर्दा सरसफाईमा ध्यान नदिने भएकाले धेरै महिलाहरु रोग सँग लड्न बाध्य भएका छन। यस्ता समस्या धेरै छन  र हाम्रो समाजमा पनि छन त्यसैले छाउ भएको बेला धेरै रोग नलागोस भन्नको लागि सरसफाईमा ध्यान दिनु पर्छ भन्ने धारणा रहेको छ।

## २.२ छाउपडि सम्बन्धि पूर्व अध्ययन

छाउपडी प्रथा एक अन्धविश्वासका रुपमा रहेको पाइन्छ र छाउगोठ भत्काए पनि समाजमा परिवर्तन हुन सकेन अहिलेको आधुनिक समयमा छाउपडी धारणा सबैको मन मस्दिष्कमा जरा गाडेको छ र यसलाई परिवर्तन गर्नु पर्छ भनेर महिलाकर्मी, अधिकारकर्मीहरु लागि परेको पनि देखिन्छ तर ग्रामिण क्षेत्रका महिलाहरुको नै छाउलाई मान्नु पर्छ भन्ने धारणा रहेको छ। तर त्यो परिवर्तन हुन नसक्नुको पछाडी धार्मिक र आर्थिक अवस्था कमजोर भएकै कारणले परिवर्तन हुन सकेको छैन । डा. अरुण उप्रेती (सन २०१४) ले मध्य तथा सुदूरपश्चिममा छाउपडीको प्रभाव परेको र यो प्रथा महिलाको आत्मा सम्मानमा आँच आउने खालको प्रथाको रुपमा चित्रण गर्न भएको छ। उक्त अध्ययनले समाजमा लामो समयसम्म जगडिएको प्रथाको रुपमा रहेको अभ्यासको उन्मूलन सहज नभएको देखिएको हो । केही महिलाहरु स्वतह स्पूर्त रुपमा यो प्रथालाई कु-प्रथाको रुपमा मान्न लागि परेता पनि केही महिलाहरु अनिष्ठ हुने र देउता रिसाउने नाममा अभ्यास रहेको देखाएको छ। महिलाहरुमा

रहेको मानव अधिकार कर्मी महिला समेत पुरातन र पितृसतात्मक सोचको कारण यो प्रथा अनमुलन गर्ने समस्या भएको अध्यनले देखाएको छ। यो प्रथा अनमुलन गर्नको लागि अभियान चलाए पनि र चेतना मुलक कार्यक्रम चलाए पनि परिवर्तन हुन सकेन ।

Restless, Development (स.नं. २०१५) को अध्ययनले सामाजिक अगुवा पुरुष र धार्मिक गुरुहरु महिनावारी हुँदा महिलाहरु माथि गरिने भेदभाव जन्य व्यवहारमा परिवर्तन गर्नुपर्छ भन्ने कुरामा सहमत देखिएता पनि आफ्नो अग्रसरतामा भने पछि नै देखिएको तथ्य प्रस्तुत गरेको छ । उक्त अध्ययनमा सहभागी महिलाहरु भने उत्साही र अगुवाई गर्न तयार भएको देखिन्छ। पुरुष सहभागीले महिनावारी सम्बन्धी बन्देज हिसाबमा आमा र सासुहरु बढी जिम्मेवारी हुनेमा ६३.६ प्रतिशत भूमिका रहेको कुरा बताएको पाएको छ भने महिला सहभागीहरुले ३२.७ प्रतिशत धार्मिक र धामी झाक्री हरुको भूमिका रहेको कुरा बताएको पाइन्छ । सामाजिक अगुवाहरु २०.५ प्रतिशत अनुदार रहेको कुरा पनि उक्त अध्ययनमा उल्लखित छ । हालसम्म राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैसरकारी संस्थाहरुको काम किशोरीको विद्यालय शिक्षा तथा छाउगोठ भत्काउनमा केन्दित भएका छन तर कुनै पनि संस्थाका कियाकलापहरु आमा, सासु, दिदी बहिनीहरुलाई स्वास्थ्य कार्यकर्ता सामाजिक परिचालक मानव अधिकारकर्मी र राजनितिज्ञ हरुमा ज्ञान दिनमा केन्द्रित छैन। त्यसैगरी सो अध्ययनले सामाजिक पारिवारिक र धार्मिक रुपमा सहभागी हुने अवसरबाट ३२.६ प्रतिशत बञ्चित हुने देखाएको छ । सहभागी मध्य १९ प्रतिशत मात्र छाउगोठमा बस्ने देखिए पनि १४.१ प्रतिशत महिला किशोरीहरुलाई पुरुषसँग बोल्नमा समेत बन्देज लगाउने देखिएको छ। छाउपडी प्रथाले महिला र किशोरीको स्वस्थ्यमा परेको नकारात्मक असर जति देखिन्छ व्यक्तिगत असुरक्षा र मनोवैज्ञानिक प्रभावको जोखिम त्यतिकै बढेको देखिन्छ ।

संस्कृतिका नाममा पिडा (वि. स २०७०) ले के भनेका छन भने छाउपडी प्रथालाई एउटा कुरितिको रुपमा लिएको छ भनेर उनले भनेका छन। यो प्रथा नेपालको पश्चिम क्षेत्रमा महिलाहरुलाई परम्परागत रुपमा नै महिनावारीको समयमा १-५ दिनसम्म केही पनि छुन दिदैन र छाउगोठमा बस्न बाध्य पार्ने प्रथाको रुपमा परभाषित गरिएको छ ।

विद्यालय क्षेत्र विकास योजना (२०१६-२०१३) मा स्वास्थ्य र पोषण शीर्षक अन्तर्गत गोपनीयता महिनावारी र सरसफाई सुनिश्चित गरेको भएता पनि महिनावारी सम्बन्धी विषयलाई विशेष किसिमले सम्बोधन गरेको छ। उक्त विषयमा महिनावारी विषयलाई चर्चा गरेको त छ तर महिनावारीसँग जोडिएको हैरानी, त्रास, चिन्ता, उत्पीडन हिन्सा जन्य

विषयलाई भने सम्बोधन गरेको पाइँदैन । विश्व स्वास्थ्य संगठनले नेपालको दुर्गम क्षेत्रमा गरेको अध्ययन अनुसार अहिले पनि ३६ प्रतिशत किशोरीहरु छाउ हुँदा स्कूल जान सक्दैनन साथै छाउपडीका कारण धेरै किशोरीहरुलाई स्कूल छाड्ने पनि गर्छन । त्यसैगरी युनिसेफले सन् २०१५ मा गरेको अध्ययन अनुसार नेपालका ३५ हजार विद्यालयहरु मध्य २२० वटामा प्याड राखिएको तथ्य सार्वजनिक गरेको छ ।

एक्सन वर्क नेपाल भेरी इनभाईरोमेन्ट एक्सेलेन्स संस्थादारा गरिएको (सन १०१७) को अनुसन्धानले कर्णाली  क्षेत्रमा रहेका ९७ प्रतिशत महिला महिनावारी भएको समयमा छाउगोठ बस्ने गरेको पाइएको छ । जातिगत हिसाबले हेर्ने हो भने बाहुन ५६ प्रतिशत क्षेत्री ५ प्रतिशत दलित ४२ प्रतिशत र ठकुरी ३० प्रतिशत रहेको देखाएको छ ।

मध्यपश्चिम र सुदुरपश्चिमी भेगमा बच्चा जन्मेपछि पनि छाउपडि गोठमा राख्ने चलन छ । सुत्केरी महिलाले बच्चा र आफ्नो स्याहारसुसार गर्नुपर्ने बाध्यता रहन्छ विश्व स्वास्थ्य संगठनका अनुसार विकासशील देशमा गर्भावस्थाको समयमा १५.६ प्रतिशत र सुत्केरी अवस्थामा २० प्रतिशत महिलाहरुलाई मानसिक समस्या हुने जनाएको छ । नेपालको कुल जनसंख्या मध्ये ५० प्रतिशत महिलाहरु महिनावारी हुने उमेरका भएकोले महिलाले छाउपडी हुँदा प्रयोग गर्ने सिनेटरी प्याड लाई आरामदायी भोग्य वस्तुको रुपमा लिई हाल सम्म राज्यले भारत तथा सार्क देश बाट पठाउने सेनिटरी प्याडमा २१.१९ प्रतिशत र तिब्तबाट पठाउने गरिएकोमा २९ .४४ प्रतिशत र अन्य देश बाट पठाउने गरिएकोमा २९.९५ प्रतिशत कर असुल उपर गर्दै आइरहेको छ । यो उच्च वर्गको लागि मात्र नभई ग्रामीण गरिब महिलाको मासिक रुपमा प्रयोग गर्ने अत्यावश्यक वस्तु भएकोले कर छुट गर्न र राज्जले हालसम्म नेपाली जनतालाई नि.शुल्क वितरण गर्दै आइरहेको ७२ वटा औषधि जस्तै सिनेटरी अत्यावश्यक वस्तु सरह ग्रामीण भेगका गरीब महिला बालबालिका निःशुल्क विवरण वा पहुच योग्य न्यूनतम मूल्यमा आर्थिक सर्वसुलभमा बनाई किशोरीको शिक्षा तथा मर्यादित जीवनको अधिकारलाई सुनिश्चित गर्नुपर्ने देखिन्छ । छाउपडी प्रथा जस्तो भेदभावपुर्ण व्यवहारका विरुद्ध सम्मानित सर्वोच्च अदालतले नेपाल सरकारको नाममा वि स २०६२ साल वैशाख १९ गते छाउपडी प्रथालाई कुरिति घोषण गरी यो प्रथा अन्त्य गर्ने आवश्यक निर्देशिका बनाई लागू गर्ने आदेश तथा परमादेशसहितको फैसला गरेको थियो । छाउपडी सम्बन्धी कुरीतिजन्य व्यवहारलाई मुलुकी फौजदारी सहित ऐन २०७४ ले कसुरमा दर्जा गरेको थियो । उक्त कानुनमा छाउपडी संम्बन्धी कसुर गर्ने लाई तीन वर्ष सम्म कैद वा तीन हजार सम्म जरिवाना सजाय हुने

व्यवस्था गरेको भएता पनि न त्यो नियम लागू भयो न छाउपडी प्रथा परिवर्तन नै हुन सकेको छन। त्यसैगरी २०७४ सालमा छाउगोठ भत्काए पनि खासै परिवर्तन हुन नसकेको र सामाजिक अगुवा तथा छाउ हटाउनु पर्छ भनी गोष्ठी सभा समारोह चलाउने र सहभागी हुने व्यक्तिहरु स्वयम्ले पनि छाउ बार्न बाध्य छन । अहिलेको आधुनिक समयमा छाउपडी प्रथालाई हटाउनु पर्छ भनेर एकदम लागि परेको देखिन्छ । तर परिवर्तन हुँदैन यो एउटा पितृसतात्मक सोच मात्र नभई महिलाहरु स्वयमपनि जिम्मेवार रहेका देखिन्छन ।

## २.३ सैदान्तिक दृष्टिकोण

मानव सभ्यताको प्रारम्भिक अवस्थामा आईसक्दा पनि पितृसतात्मक दमन र शोषण असमान अवस्थामा रहेका छन । पितृसताले समाजका हरेक कियाकलाप, कला, साहित्य, विकास, सिद्धान्त आदि क्षेत्रमा महिलाको भूमिकालाई वास्ता गरेको देखिदैन यस्तो समाजको वैकिल्पक रुप प्राप्त गर्नका लागि महिलाहरु जागृक्त भए र सोही समयबाट नै महिलाहरुको उदय भएको पाइन्छ । पुरुष दमन र शोषणको बिरोध गर्दै महिलाहरु पनि पुरुषसरह अवसर उपयोग गर्न पाउनु पर्छ भनी देखा परेका आन्दोलन नै महिलावाद हो । महिलावादी हरुको सुरुवाद अठारौं शताब्दी देखि पहिलो दोस्रो र तेस्रो धार हुँदै बढेको पाइन्छ भने सन १९८० मा देखिएको महिलावाद लाई आधुनिकवादी अवधारणाको रुपमा हेरिएको पाइन्छ । सन १८४८ मा पहिलो पटक न्युयोर्कमा महिला अधिकार सम्मेलन भएको थियो र त्यसै समयबाट नै महिला र पुरुष समान रुप मा यस धर्तीमा देखिएका हुन तर महिलाहरु माथि भेदभाव कायम नै छ भन्ने आधिकारिक घोषणा गरिएको । जसमा महिलाहरुले समानताका लागि घोषणापत्र समेत प्रकाशनमा ल्याएका थिए । इतिहासलाई हेर्ने हो भने अठारौं शताब्दीमा बेलायतमा थालिएको सुधार र पुनर्जागरण को प्रभाव पछि महिलालाई हेर्ने दृष्टिकोणमा भने केही परिवर्तन भएको पाइन्छ । त्यसै गरी ६० को दशकमा भएको महिला आन्दोलन देखि नै लैङ्गिक अध्ययनको आरम्भ भएको हो । तर महिला सम्बन्धी खासै पुस्तक तथा लेख रचनाहरु भने प्रकासित भएका थिएनन । तत्पस्ताप सन १९४९ मा फ्रान्सिस लेखिका “Simon” को the escond sex नामक पुस्तक प्रकाशन भयो । जसमा नारीत्व सम्बन्धी पुराना चिन्तनका विरुद्ध वर्णन गरिएको पाइन्छ । वास्तवमा यस पुस्तकलाई नै महिलाको विषयमा लिखित प्रथम Academic Book मान्न सकिन्छ ।

छाउपडि सम्बन्धका नाम मा NGO, INGO जस्ता विभिन्न संस्थाहरुको विकास भएका छन तर छाउगोठ भत्काए पनि परिवर्तन हुन सकेनन खास गरी अमेरिकी उदारवादी

महिलाले सन १९८० को दशक पछि अघि सारेको अपधारण हो । उदार महिलावाद चाहि महिला मुक्तिका लागि विचार गर्ने महत्वपुर्ण सिदान्त हो । महिलाले छाउपडी प्रथामा भोग्नु परेका समस्या र छाउलाई किन निरन्तरता दिएका छन के आर्थिक अवस्था कमजोर भएका कारणले हो यदि हो भने यसलाई हामी महिलाहरु एकजुट भएर परिवर्तन गर्न सक्छौं र त्यसै गरी महिनावारी भएको बेला कुनै ठाउँमा जस्तै सामाजिक कार्यहरुमा जान वा भित्र बस्न रोक लगाइएको छ छाउपडी महिलालाई विशेष गरी छाउ भएका महिलाहरुलाई एकीकृत गराउन सके छाउपडीका समस्या धेरै जसो सवालमा समाधान हुने निष्कर्ष यस अपधारर्णाको रहेको छ । त्यसैले छाउपडीलाई चाहि उदार महिलावादीको दृष्टिकोण बाट हेरिएको छ ।

खास गरी Bettry friedan को सन १९६३ मा प्रकाशित the feminine mystique "प्रकाशित भयो जसमा तत्कालीन समाजमा प्राप्त रहेको महिला अधिनतालाई राम्रो सँग चित्रण गरिएको थियो । उक्त पुस्तक नै महिलावादी आन्दोलनको महत्वपूर्ण जग बन्यो फलस्वरुप घरभित्र गुम्सिएर रहेका महिलाहरुलाई घर बाहिर आएर आफ्ना अधिकारको लागि लड्न प्रोत्साहन समेत गर्यो । जसको सन्दर्भमा विभिन्न किसिमका महिलावादी सिद्धान्तहरुको विकास भयो र महिलाहरु प्रतिको सम्पूर्ण विभेदका बारेमा चर्चा गरिएको र महिलाहरु पुरुष सरह रहन सक्छन भन्ने तार्किक ब्याख्या गरे पछि महिलाहरुले बढी ब्याख्या गरेको पाइन्छ ( पोखरेल, २०६०) ।

Ritzer (१९९६) को भनाइमा पुरानो पितृसतामा अडिएको समाजको संरचना लाई परिवर्तन गर्नु पर्ने र नयाँ समाजको निर्माण गर्नु पर्ने धारणा आमूल महिलावादको रहेको छ । छाउपडी लाई चाहि आमूल सिदान्तको आँखा बाट पनि हेर्न सकिन्छ । सन १९८० को दशक पछि बिकास भएको महिलावादको तेस्रो धारमा महिलाका विषयलाई सरोकार राखेर हेर्ने विधान वर्गको विकास भयो । २०७४ मा छाउगोठ भत्किएका छन र महिलाहरु महिनावारी भएका बेला पनि राम्ररी रमाउन सकेका छैनन आफ्ना समस्या परिवारमा राख्न पनि सकिरहेका छैनन । त्यो समाज निर्माणको लागि महिलाहरुले यो बुझ्नु जरुर छ कि महिनावारी एक जैविक पदती हो जसले नारीहरुलाई आमा बनाउन सहमती गर्दछ भने त्यो बेला सरसफाई पौष्टिक आहारा अनि आराम को जरुरत हुन्छ । यो बेला के खाने के गर्ने के नगर्ने भन्ने कुरालाई रुढीवादी नजरले हेर्ने भन्दा त्यसलाई स्वास्थ्यको नजरमा तुलना गरेर के सही के खराब छुट्याउन आवस्यक छ विज्ञान र प्रविधिले फटको मारिसक्यको यो दुनियामा पुरानो सोच त्यागेर स्वस्थ्य सहज र सरल जीवनशैली अपनाउनु नै विवेकपूर्ण हुन्छ र छाउपडि लाई

संस्थागत सिद्धान्तले दुई तरिकाबाट हेरेको पाइन्छ जस अन्तर्गत एउटा सूक्ष्मतह जसमा परिवार, व्यक्ति, धामी, पुजारी र स्कुल आदिले हेर्ने दृष्टिकोण र अर्को बृहत तह अन्तर्गत राज्यले छाउपडी अन्तर्गत बनाएको नीति नियमहरु पर्दछन र त्यसलाई समाजमा कसरी कार्यान्वयन गरिएको छ भन्ने बारे उल्लेख गरिएको छ ।

अन्धविश्वास रुढिवाढि र पितृसतात्मक मात्र नभई महिलाहरु स्वयम पनि जिम्मेवार भएकै कारणले ग्रामीण महिलाले अहिलेको समयमा पनि छाउपडी प्रथालाई रोक्न सकिरहेका छैनन र अहिलेको आधुनिक समयमा नयाँ परम्पराको विकास हुनुका साथै पुरानो परम्परालाई पनि अङ्गाल्दै आइरहेका छन र समाजको जटिल समस्याको रुपमा  छाउपडी प्रथा पनि परिवर्तन नभएको सन्दर्भमा महिलावादीहरु बढी चिन्तित देखिन्छन् । महिलावादी सिद्धान्तले विशेष गरी महिलाका बारेमा उनीहरुको आर्थिक सामाजिक तथा राजनैतिक अवस्था के कस्तो छ  भन्ने प्रश्नको उतर प्राप्त गर्ने गरी अध्ययन तथा अनुसन्धानलाई अगाडि बढाएको पाइन्छ र त्यसैगरी अन्धविश्वासले समाजमा वा महिलामाथि परेको नकारात्मक प्रभावको परिणाम स्वरुप महिलाहरुले नै बढी प्रभावित पारेको तथ्यलाई महिलावादीहरुले अगाडि सारेका छन । समकालीन महिलावादी सिद्धान्तहरुमा उदार महिलावादी,आमूल महिलावादी, समाजवादी महिलावादी आदि रहेका छन । त्यसै गरी छाउ मा निरन्तरता के के कुराले दिरहेको छ र के के कुरामा परिवर्तन भएको छ वा छाउमा महिलाहरुले के कारण ले समस्या भोग्नु पारेको छ भन्ने सम्बन्धमा विभिन्न महिलावादी का विचारलाई यहाँ उल्लेख गरिएको छ ।

क) उदार महिलावाद : उदार महिलावादले १६ र सतौ समाजका सबै तहमा व्यक्तिको स्वतन्त्रतालाई जोड दिएको थियो भने उन्नाइसौं शताब्दिमा आएर नागरिक स्वतन्त्रता जस्तै सम्पति माथिको अधिकार ,धर्म मान्ने स्वतन्त्रता,बोल्ने स्वतन्त्रता संगठन गर्ने स्वतन्त्रंता जस्ता कुरालाई बढी जोड थिएको पाइन्छ । १९५० पछिका उदारवादी महिलाहरुले सामाजिक आर्थिक तथा राजनैतिक सम्बन्धमा पुनर्संरचनाको आवश्यकता औंल्याएका छन । उन्नाइसौं शताब्दिका प्रख्यात महिलावादी हेरिट टेलर (Harriet Tylor)  ले महिलाहरुलाई घरबाहिरका कार्य गर्ने स्वतन्त्रता हुनु पर्दछ भन्ने विषयमा जोड दिई पेशा, शिक्षा जस्ता पक्षमा महिलाका लागि स्वतन्त्रता निकै आवश्यक वस्तु हो भन्ने वकालत गरेकी छिन । त्यस्तै मिल (John Stature Mill) ले महिलाहरु वास्तवमा पुरुष सरह समान छन प्राकृतिक रुपमा महिलाहरु पुरुष सरह काम गर्न  भन्ने बुझाइ गलत हो भन्ने तर्क राखे । उनले जैविक रुपमा महिला र पुरुषबीच केही फरक अवस्था भए पनि बौद्धिक र नैतिक रुपमा महिला र पुरुषबीच फरक छ भन्ने

सामाजिक मान्यतालाई स्वीकार्न नसकिने तथ्य औंल्याएका छन । उदार महिलावाद चाहि महिला मुक्तिका लागि विचार गर्ने महत्व पुण सिद्धान्त हो । त्यसैगरी हाम्रो नेपाली समाजमा हरेक ठाउँ अनुसार छाउपडी प्रथालाई समाजले हेर्ने दृष्टिकोण फरक-फरक रहेका छन जस मध्य महिला पछाडी पर्नुको एउटा मुख्य कारण छाउपडी प्रथा पनि हो भनेका छन महिलालाई महिनाको ५ देखि ७ दिन सम्म घर देखि टाढा बस्नु पर्ने र विभिन्न अवसर, मेला, पूजा पाठ आदिमा बञ्चित गरिन्छ र यसकारणले पनि महिलाहरु पुरुष भन्दा पनि पछाडी छाउलाई महिलाहरुले नै धेरै अंगाल्दै आएका छन । छाउपडीले पनि महिलाहरुलाई अगाडि बढ्नको लागि बाधक बनेको छ भन्ने कुरा यसमा उल्लेख गरिएको छ । उदारवादी महिलावादका अनुसार त्यही महिलाको दूध चोखो हुने त्यसैको दुध खाएर हुर्कने र त्यही रगतबाट बनेको मान्छेले पछि त्यही अपवित्र मानेर नारीलाई दबाउने गर्छन । यो एउटा नियमको रुपमा समाजमा जरा गाडेर रहेको छ र महिलालाई पनि पुरुष सरह समान अवसर दिने हो भने छाउपडी प्रथाको अन्त्य हुनसक्छ भन्ने धारणा रहेको छ ।

ख) आमूल महिलावादी : आमूल महिलावादीका अनुसार पितृसतात्मक समय देखिनै शोषित हुँदै आएका छन भन्ने तर्क राख्छन । पुर्खा देखिनै महिलालाई कमजोर पुरुषलाई बलवानको रुपमा हेर्दै आएको कुराले निरन्तरता पाइरहेको छ । जहिले पनि पुरुषका स्वामित्व महिला माथि हुन थाल्यो उदारणको रुपमा महिलाले सुन लगाउछिन तर त्यसलाई बेच्नु पर्दा पुरुषको स्वीकृति चाहिन्छ हाम्रो समाजको धार्मिक र सांस्कृतिक कुरामा पितृसतात्मक समाज जोडिएको छ । आज सम्म जतिपनि दमन भएको छ त्यो सबै वतिसत्मक कारणले गर्दा हो । आमूलको मुख्य कुरा Menipulat गर्ने तिमी सहनशील छौं, कोमल छौ भन्ने जस्ता कुराले उनीहरुलाई आफ्नो कब्जामा लिन्छन । पितृसत्ता कायम गर्छन र पुरुषले आफ्नो पावर महिला माथि जमाउने गर्छन । हाम्रो समाजमा एउटा अन्धविश्वासको रुपमा छाउपडी प्रथा पनि छ । छाउ भएको बेला घरभित्र बस्दा देउता रिसाउने पुरुषलाई छोयो भने सन्चो नहुने भन्ने मान्यता रहेको छ जसलाई समाजका पुरुषहरु जस्तै धामी, पुजारीहरुले नियन्त्रणमा राख्छन जसमा महिलाहरु छाउ भएको बेला छुनु हुँदैन भन्ने मान्यताले घर देखि टाढा छाउगोठ बनाएर बसेको पाइन्थ्यो भने अहिले चाहिँ गाई गोठमा बस्ने गर्छन आर्थिक अवस्था कमजोर भएर पनि छाउ मान्न बाध्य भएका छन । यसरी आमूल महिलावादीहरुले अन्धविश्वास र पितृसतात्मक समाजले नै महिलालाई कमजोर बनाएको कुराको व्याख्या गरेको छ । केही हद सम्म महिलाहरु आफै पनि छाउ गोठमा बस्न मन पराउँछन किन भन्दा छाउ भएको बेला

कम्तीमा ५ दिन सम्म भान्साको काम नगरी अरुले पकाएको खाना खान पाइन्छ भनेर महिलाहरु खुसी भएका पनि देखिन्छन ।

ग) समाजवादी महिलावाद : मार्क्सवादी महिलावाद र आमूल महिलावादको विचारलाई संश्लेषण गरी समाजवादी महिलावादको विकास भएको पाइन्छ । समाजवादी महिलावाद ले लैङ्गिक दमनलाई बुझ्न सामाजिक कारकत्वको खोजीलाई जोड दिँदै महिलाप्रतिका विभेद, पुरुष र महिला स्वयम बाट नै भएको ठान्दछन । यस समाजवादी महिलावादले सामाजिक तथा सांस्कृतिक व्यवस्थाका कारण पनि अनेकौं लैङ्गिक विभेद सिर्जना भएका छन भनी जोड दिएको छ । समाजवादी महिलावादका अनुसार महिलाहरु छाउ हुँदा आफ्नो सरसफाई राम्रो सँग गरेको भए उनीहरु परिवार देखि टाढा बस्ने थिएन धार्मिक र आर्थिक अवस्था कमजोर भएको कारणले पनि छाउ मा परिवर्तन आउन सकेको छैन र पहिलेको समाजमा व्यक्तिगत सम्पतिको विकास थिएन र धेरै मानिसहरु समूहमा सँगै सुत्ने गर्थे र त्यही सुत्ने क्रममा महिनावारीको वेला बगेको रगत वरिपरिका व्यक्तिहरुलाई समेत लाग्ने भएका कारण अलगै बस्ने व्यवस्था मिलाइयो तर पछि यसलाई धर्म र संस्कृतिसँग जोडेर महिनावारी भएकोबेला चाहिँ ५ देखि ७ दिन सम्म घर देखि टाढा बस्नु पर्ने चलन चल्यो र अहिले को समयमा पनि छाउपडी लाई निरन्तरता दिइरहेका छन् ।

## २.४ अनुभवजन्य समीक्षा

महिनावारीलाई परम्परागत र आधुनिक समाजसँग तुलना गरिएको छ । किशोरावस्था मानव विकास र परीपक्ताको एक महत्वपूर्ण अवधि हो । किशोरकिशोरीहरु ले सामाजिक, आर्थिक वातावरणीय अवस्था पोषण र लैङ्गिक भेदभावका कारण गम्भिर स्वाथ्य समस्या हरुको सामना गर्नुपर्ने हुन्छ । भारतमा किशोर, किशोरीहरुमा रक्तअल्पता निकै गम्भीर समस्या हो । किशोर, किशोरीहरु मा कम पोषणले रक्तअल्पताको गम्भीर समस्या निम्त्याउन सक्छ । सहरी किशोरीहरुको तुलनामा ग्रामिण किशोरीहरुको उच्च प्रतिशत ३७.५ प्रतिशत विशेष गरी १२ वर्ष भन्दा कम उमेरका केटीहरुलाई रक्त अल्पता धेरै हुने देखिन्छ र फलामको कमी हुने एनिमिया पुरुषको तुलनामा महिलाहरुलाई बढी हुने पाइन्छ र महिनावारी हुँदा २५.५० प्रतिशत किशोरीहरुमा रक्तअल्पता हुन्छ । विशेष गरी विकासोन्मुख देशहरुमा संक्रमण रोगहरु जसले गर्दा फलामको क्षति निम्त्याउँछ र आहारबाट फलामको कम जैविक उब्लब्धताको कारणले गर्दा पोषण स्थितिमा सुधार हुँदा महिनावारीको उमेर कम हुन्छ । पोषण स्थिति र महिनावारीको उमेर बीचको सम्बन्ध स्थापित भएको छ ( Dhingra, २०११) ।

दक्षिण एसियामा एक तिहाई भन्दा धेरै किशोरीहरु महिनावारी भएका बेला स्कुल जाँदैनन किनभने महिनावारी स्वाथ्य उत्पादनमा पहुच पुग्दैन । महिनावारी हुने किशोरी र महिलाहरु मध्य २० प्रतिशत भन्दा कमले सिनेटरी प्याड प्रयोग गर्छन । सहरी क्षेत्रमा पनि ५० प्रतिश ले मात्र प्याड प्रयोग गर्छन । तिन दशक भन्दा पहिले महिनावारी हुदा स्वाथ्य तथा सरसफाई गर्ने महिलाको सङ्ख्या १० करोड भन्दा कम थियो जुन देशको जनसंख्या सबै भन्दा धेरै ७० करोड छ जहाँ महिनावारी  सरसफाई अभ्यास, जागरुप्ता र पहुँचको अभावको कारण हो भारतमा ८८ प्रतिशत महिला र किशोरीहरुले घरेलु विकल्प हरु जस्तै पुरानो कपडा,खरानी आदिको प्रयोग गर्छन । थप रुपमा महिला र किशोरीको उचित सरसफाई सुविधाहरुमा पहुँचको कमी छ (Gopalan, २०१९) ।

महिनावारी भएको बेला महिलाहरुले धेरै चुनौतीहरुको सामना गर्नु पर्दछ किनभने महिनवारी भएकोबेला चाहिने उत्पादनको अभाब शौचालय वा डिस्पोजल सुविधाहरुको अभावले गर्दा विभिन्न गतिविधि र स्थान बाट प्रतिबंधित हुनु परेको छ । यसबाट उनीहरुलाई पिडा महसुस हुने गरेको छ । उच्च आय भएको देशहरुमा यस्ता चुनौतीहरु कम र गरिब वा मध्यम आय भएका देशहरुमा महिनवारी सम्बन्धी समस्या धेरै छन । उच्च आय भएका देशहरुमा निःशुल्क मासिक उत्पादनहरु पनि वितरण गर्छन र डिस्पोजल प्याडहरु वा ट्र्याम्पनहरुको राम्रो व्यवस्थापन छ । उच्च आय स्रोत भएका देशहरुले अन्य विभिन्न कर हटाएर स्कूलमै प्याड बैंकहरु मार्फत प्याड, ट्र्याम्पन निशुल्क प्रदान गरेका छन । गरिब र कम आय भएका देशहरुमा महिनवारी भएको बेला किशोरी स्कुल जानै मन नगर्ने हुन्छन किनकी उनीहरुले महिनवारी उत्पादनहरु (प्याड) किन्न सक्दैनन र पुन प्रयोजन जन्य प्याडहरु प्रयोग गर्छन । तर पुन प्रयोजन जन्य प्याडहरु स्कुलको वातावरणमा प्रयोग गर्न गाह्रो हुन्छ । त्यसैले विश्व भरिका देशहरुले गरिबी अन्त्य गर्न सक्यो भने मात्र छाउपडी प्रथाको समस्या अन्त्य हुने देखिन्छ । बेलायत सरकारले २०२४ साल सम्म विश्वव्यापी अवधी गरिबीको अन्त्य गर्ने घोषणा गरेको अवस्था छ । जसमा छाउपडी प्रथा गरिबीको मुख्य कारण हो । जुन गरिबी न्यूनिकरणले नै छाउपडी प्रथा परिवर्तनमा सकरात्मक वातावरणको लागि अघि बढ्न अनुमति दिन्छ (Dhingra, २०१९) ।

Indian Society मा हेर्दा महिलालाई सम्पूर्ण रुपमा पुरुषको सम्पति र हिस्साको रुपमा लिन्छ । महिलाहरु जन्मदेखि मृत्यु पर्यन्त सम्म पनि आफ्नो निर्णय आफै गर्ने अधिकार प्राप्त हुँदैन । महिलाहरु सानो छदा बुबाको अधिनमा र विवाह पछि श्रीमानको र छोराको अधिनमा

बस्नु पर्छ । समाजमा यस्ता धेरै उदारहण देख्न सकिन्छ । महिला भएकै कारणले उसले घर देखि लिएर कार्यस्थल सम्म पनि त्यस्ता धेरै विभेदहरु भोग्नु परेको हुन्छ । यो सबैको पछाडी छाउपडी प्रथा र हाम्रो जस्तो पितृसतात्मक सोच भएको समाजले गर्दा हो । यसकै मुख्य समस्याका रुपमा विकसित देश भारतमा पनि छाउपडी प्रथाले जरा गाडेको छ (Mathur, २००८) ।

Costos at.Al. (2002) मा एउटा आमा र छोरीका बिच महिनावारीको विषयमा खुलेर कुरा हुदैन । भारतका लागि यो लाज मर्दो कुराका रुपमा लिन्छ तर छोरी आफैले महिनवारी हुँदा के-के गर्नु हुन्छ र के-के गर्नु हुन्न भन्ने कुरा पता लगाएकी छिन । धार्मिक कुरामा सामेल नहुनु, कपाल नकोर्नु आदि आमा किन यस्तो गर्नु भएको हो भन्दा आमाले प्रतिक्रिया दिनु भएन किन कि छोरी सानै छौ बुझ्दैनौ भन्नु भयो तर उसको हजुर आमा ले सम्झाउनु भयो कि तिमी पनि ठूलो हुन्छौं अनि महिनावारी हुन्छौं यसरी नै आफ्नो आमा जस्तै गरी बस्नु पर्छ । यो हाम्रो समाजमा परम्परा देखि चल्दै आएको हो । त्यसैले यस्तो बेला पौडी खेल्नु हुँदैन, अग्लो ठाउँमा बस्नु हुँदैन, अरुलाई छुनु हुँदैन किनकि यो हाम्रो समाजको सस्कृति हो र यसरी नै महिनावारी सम्बन्धी एक ब्यक्ति बाट अर्को व्यक्तिमा यसको धारण बस्यो । छाउपडी प्रथा पहिला देवीदेउता समाजका सास्कृतिक अभ्यास बाट सिर्जना भएको हो । छाउ प्रथा एउटा पुस्ता बाट अर्को पुस्तामा हस्तान्तरण हुँदै आउने कुरा हो । यस्तो बेला महिला किशोरी लाई सामाजिक, धार्मिक, सांकृतिक कुरामा प्रतिबन्ध लगाएको छ । किशोरी र महिलाले आफु भन्दा ठूला आमा, दिदी, साथी बाट के गर्ने के नगर्ने भन्ने कुराको ज्ञान लिँदै जान्छन । मन्दिर, पाटीपौवा जान निषेध गरिएको छ । छाउ भएको बेला भगवानलाई सम्झिनु हुँदैन छिटो हिड्नु हुँदैन पानीको धारा नजिक जानु हुँदैन यदि त्यस्तो गरयो भने आफू र आफ्नो परिवारको सदस्य लाई राम्रो हुँदैन र छाउ भएको बेला ऐना समेत हेर्नु हुँदैन भन्ने मान्यता समेत रहेको छ (Dhingra|, 2009) ।

यसैगरी Tabuchi (२०१५) का अनुसार महिनावारी एक प्राकृतिक प्रक्रिया भएता पनि धेरै मात्रामा अर्थतन्त्र सँग जोडिएको छ । जसमा महिनावारी भएकोबेला राति सम्म फार्मेसी नचल्ने हुनाले प्याडहरुको असुविधा अनुभव भएको कुरा बताएका छन । जुन प्रमुख रुपमा आर्थिक मुद्रा भएको छ । व्यापारी, सांसदहरु र विज्ञापनदाताहरु महिनावारी लाई स्पस्ट छलफल गरेर लैङ्गिक असमानता लाई अन्त्य गर्ने र महिनावारी⁄लाई थोरै सहज गराउने तरिकाहरु खोजिरहेका छन । आठ राज्यहरु मध्ये कोलम्बियामा प्याड बिक्री कर हराउन थालिएको छ ।

न्युयोर्कमा पनि सरकारले कानुनमा यो कदम हस्ताक्षर गर्ने अपेक्षा गरेको छ । नयाँ कम्पनीहरुले महिलाहरुलाई थप सहज बनाउन उत्पादनहरु खोज्दै छन यसमा यस्तो भावना छ कि महिलाहरुलाई स्कुल अर्थव्यवस्था र समाजमा पुनरुपमा भाग लिने अवसर पुर्याउन आवश्यक छ । यदि मासिक उत्पादनहरु महंगो छ भने उक्त सामानमा तपाईंको पहुच छैन भन्ने बिल्कुल कमजोर हुन्छ । जुन कुरा डोनाल्ड ट्रम्पलाई महिनावारी अनुसन्धान संस्थाको अध्ययक्ष किस बोबेलले भने यस अवधि जस्तो लाज मर्दो केही छैन अब यसलाई ठीक गर्नुपर्छ त्यसैले आठ राज्यहरुमा प्याड र ट्रयाम्पन बेच्ने बिलहरु बिकी करमा छुट पाए भने महिलाहरु थोरै भए पनि सहज अनुभब गर्छन र प्याड भनेको ढिलो र बढ्दो उद्योग पनि हो भनेका छन ।

अहिलेको आधुनिक  समयमा पनि छाउपडी प्रथा परिवर्तन हुन सकेको छैन । महिनावारी  भएकोबेला किशोरीहरुलाई आरामको आवश्यकता पर्छ तर त्यो अहिले पनि छैन गाउँमा घाँसको भारी बोक्नु पर्ने हुन्छ र महिनावारी भएको बेला महिलालाई भिटाभिन वा फलामको कमी हुन्छ त्यसैले महिलाहरु शारीरिक रुपमा एकदम कमजोर हुन्छन यस्तो बेला महिलालाई सात सहयोगको आवश्यकता पर्छ र महिलाहरु लाई पुरुषहरुले जहिले पनि आफ्नो अधिनमा राख्न खोज्छन महिलाहरुलाई आफ्नो जीवनको निर्णय गर्ने अधिकार पनि हुँदैन र महिलाहरुलाई आफ्नो जीवनको निर्णय गर्ने अधिकार महिलाहरुलाई नै दिनु पर्छ । त्यसैगरी महिनावारी भएका बेला प्याडको आवश्यकता पर्छ तर प्याड चाहिँ सबैले प्रयोग गर्न सक्दैनन प्याडको मूल्य धेरै भएका कारणले आर्थिक अवस्था कमजोर भएका महिलाहरुले प्याड प्रयोग गर्न सक्दैनन त्यसैले महिला वा किशोरीहरुलाई प्याडको प्रयोग गर्नका लागि सरकारले प्याडमा करको मूल्य  कम गर्नुपर्छ । सबैले प्याड प्रयोग पाउने हिसाबले अहिलेको आधुनिक समयमा विभिन्न क्षेत्र अथवा राजनितिक, शैक्षिक, अवस्थामा परिवर्तन आएको देखिन्छ तर वर्षौं देखि जरा गाड्दै आएको छाउपडी प्रथामा किन परिवर्तन हुन सकेको छैन ।

# अध्याय तिन : अध्ययन विधि

## अनुसन्धान पद्धति

कुनै पनि बिषय माथिको गहन बिश्लेषणात्मक अध्ययन नै अनुसन्धान पदति हो । हरेक अनुन्धानका लागि निश्चित पदति र प्रकिया हुन्छन । अनुसन्धान पदति तथा प्रचलनहरु जति व्यबस्थित र संगठित हुन्छन  त्यतिनै परिमाणहरु सत्य र तथ्यको नजिक हुन्छन । यस अनुसन्धानमा अनुसन्धानकर्ता बाट निम्न विधिको प्रयोग गरेर आफ्नो उदेश्य पूर्ण गर्ने तर्फ कदम चालिएको छ । साथै सूचना संकलन गर्नको लागि प्रयोग गरिने विभिन्न प्रकारका अनुसन्धान विधि एवम अनुसन्धान पदतीको व्याख्या गरिएको छ। यस अध्ययनलाई  वैज्ञानिक, विश्वसनीयता र भरपर्दो बनाउनका लागि अध्ययन अवधिमा निम्न अनुसन्धान पदतीलाई अपनाएको छ ।

### ३.१ अध्ययनको ढाँचा

यस अध्ययनमा  छाउपडी प्रथा वा महिनावारी महिलाहरुमा हुने एउटा प्राकृतिक तथा जैविक नियम हो । तर यसलाई चाहि हाम्रो समाजमा अपवित्रता मानिन्छ र छाउगोठ भत्काए पछि पनि विद्यामान छाउप्रथा अझै पनि राम्ररी किन परिवर्तन हुन सकेको छैन र के कुराले निरन्तरता दिईरहेको छ र यसमा चाहि महिलाले भोग्नु परेको समस्याका बारेमा र छाउप्रथा परिवर्तन हुन नसक्नुका पछाडी कतै आर्थिक कारण कमजोर भएका कारणले त होइन  भन्ने बारेमा र विभिन्न सैद्धान्तिक ढाँचामा राखेर अध्ययन गरिएको छ । खासगरी यो अध्ययनमा छाउगोठ भत्काएपछि पनि किन परिवर्तन हुन सकेन र परिवर्तन हुन नसक्नुको पछाडिको कारण चाहि के छ र पितृसतात्मक सोचमात्र नभई महिलाहरु स्वयम पनि कसरी कुन हदसम्म जिम्मेवार छन वा महिनावारी भएको बेला गाईगोठमा बस्न के कुराले बाध्य पारेको छ के त्यहाँको घरको बनावट, आकार वा संरचना नै त्यस्तै भएको हुनाले होकी भन्ने बारेमा र छाउलाई  परिवर्तन गर्न सुरुमा महिलाहरुले नै अगाडि बढ्नुपर्छ र यस अध्ययनमा डाटा र जानकारीको प्रकृति र स्रोतको आधारमा गुणानात्मक अध्ययन योजनाको  प्रयोग गरिएको छ । गुणानात्मक अनुसन्धानको उदेश्य कुनै निश्चित समयमा हुने घटनाको जाँच गर्नु हो । यस अध्ययनले गर्दा समस्यालाई अथवा छाउगोठ भत्काए पछि  विद्यामान छाउ प्रथा परिवर्तन हुन नसक्नुको कारण बाहिर ल्याउन सकिन्छ भन्ने विश्वास गरिएको छ ।

## ३.२ अध्ययन क्षेत्रको छनौट र औचित्य

यस अनुसन्धान कार्यलाई अध्ययन गर्ने उपयुक्त कार्य क्रमबद्ध रुपमा अगाडि बढाउनका लागि सर्वप्रथम अनुसन्धान गर्ने उपयुक्त स्थानको आवश्यकता पर्दछ। यस क्षेत्रमा खासमा चाहि छाउमा निरन्तरता र परिवर्तन भन्ने विषयको बारेमा र यस अध्ययन क्षेत्रको रुपमा डडेल्धुरा जिल्लाको गन्यापधुरा गाउँपालिका - २ चम्साललाई  लिएको छ। यस क्षेत्रलाई छनौट गर्नुको पछाडी निम्न कारणहरु रहेका छन ।

१) यस क्षेत्रमा चाहि हालसम्म छाउपडी प्रथा बारे गहन अध्ययन नभएको,

२) छाउगोठ भत्काए पछि पनि विद्यामान छाउ प्रथा किन परिवर्तन हुन सकेन भन्ने बारे,

३) छाउमा के के कुराले निरन्तरता पाइरहेको छ र परिवर्तन भएको छ भने पहिले भन्दा अहिले के के कुरामा परिवर्तन भएको छ भन्ने बारे ,

४) त्यो गाउँपालिकामा छाउपडी प्रथाले पहिले कस्तो समस्या सिर्जना गरेको थियो र अहिले कस्तो खाले समस्या छ भन्ने बारे मेरो रुची भएकोले र छाउगोठ भत्काएपछि केही अलिकति परिवर्तन भयो कि भएन भन्ने बारे जानकारी पाइने हुनाले यस अध्ययन क्षेत्रभित्र रहेका टोल बस्तीहरुमा समस्या भए नभएको जानकारी बेलाबखत महिनावारीका समस्या महिलाले भोगेका छन यस अध्ययनमा प्राथमिक र द्धितिय दुवै खाले तथ्याङ्कहरुलाई तथ्याङ्कीय स्रोतको रुपमा प्रयोग गरिएको छ । प्राथमिक स्रोत सङ्कलनका लागि त्यहाँका महिलाहरु सँग छाउलाई चाहि किन निरन्तरता दिईरहेका छन र छाउमा परिवर्तन के कुरामा आएको छ भन्ने बारे र घरधुरी चाहि प्रश्नावलीलाई फिल्ड अध्ययनमा प्रयोग गरिएको छ । साथै उत्तरदाताहरुसँग प्रत्यक्ष अन्तर्वार्ता लिई महिनावारीको बेला महिलाले अहिलेको आधुनिक समयमा पनि छाउगोठमा बस्नुपर्ने र कसैलाई छुन नहुने खाले अनेक समस्याको बारेमा जानकारी लिनका लागी प्राथमिक तथ्याङ्क सङ्कलनको कार्य गरिएको छ । द्धितीय स्रोतका लागि महिनावारीको बेला महिलामाथि हुने समस्या र तिनीहरु के कस्तो अवस्थामा बाचिरहेका छन भन्नेबारे पूर्व प्रकाशित तथ्याङ्क लेखरचना, पुस्तक आदिको संकलन गरी यस अध्ययनलाई तुलनात्मक एवम् विश्वसनीयता बनाउन द्धितीय तथ्याङ्कमा समेत निर्भर रही तथ्याङ्क संकलन गरीएको छ । यसरी विभिन्न स्रोतबाट सङ्कलित तथ्याङ्कहरुको प्रकृति गुणात्मक खालका रहेका छन ।

महिनावारीका  समस्या महिलाले भोगेका घटनाहरु स्थानीय सञ्चार माध्यमहरुमा समेत बेलाबेलामा आएको हुनाले यो गाउँपालिकामा महत्वपुर्ण अध्ययन क्षेत्र हुनसक्ने ठहर भएकोले यस क्षेत्रलाई छनौट गरिएको छ ।

## ३.३  तथ्याङ्कको प्रकृति र स्रोत

यस अध्ययनमा बिशेष गरि प्रयोग गरिएका तथ्याङ्कहरु गुणात्मक (Qualitative) प्रकृतिका रहेका छन् । त्यसैगरी अधिकास तथ्याकंहरु प्राथमिक स्रोतबाट संकलन  गरीएको छ । प्राथमिक स्रोत सङ्कलनका लागि त्यहाँका महिलाहरुसँग छाउ गोठ भत्काए पछि पनि विद्यामान छाउमा किन परिवर्तन हुन सकेन वा के कुराले निरन्तरता दिईरहेको छ र परिवर्तन आएको छ भने के कुरामा परिवर्तन आयो  भन्ने बारेमा  घरधुरी र प्रश्नावलीलाई फिल्ड अध्ययनका रुपमा प्रयोग गरिएको छ । साथै उत्तरदाताहरुसँग प्रत्यक्षय अन्तरवार्ता लिई महिनावारीको बेला महिलाले अहिलेको आधुनिक समयमा पनि छाउगोठमा बस्नुपर्ने र गाई गोठमा बस्न बाध्य पारिएको छ के त्यहाँको घरको बनावट, आकार वा संरचना त्यस्तै भएको कारणले बाध्य पारिएको छ कि धार्मिक र आर्थिक अवस्था कमजोर भएको कारणले बाध्य पारिएको छ  भन्ने बारेमा र गाउँमा महिनावारी हुँदा कसैलाई छुन नहुने अनेक खाले समस्याको बारेमा जानकारी लिनका लागि प्राथमिक तथ्याङ्क सङ्कलनको कार्य गरिएको छ । द्धितीय स्रोतका लागि महिनावारीको बेला महिलाहरु माथि हुने समस्या वा छाउ गोठ भत्काए पनि विद्यामान छाउमा किन परिवर्तन आएन भन्ने बारेमा र महिनावारी हुने महिलाहरु छाउ गोठमा के कस्तो अवस्थामा बाचिरहेका छन भन्नेबारे पूर्व प्रकासित तथ्याङ्क लेखरचना, पुस्तक आदिको संकलन गरी यस अध्ययनलाई तुलनात्मक एवम विश्वसनीयता बनाउन दितीय तथ्याङ्कमा समेत निर्भर रही तथ्याङ्क सङ्कलन गरिएको छ र दितिय स्रोतबाट संकलन गरिएका तथ्याकहरु तुलनात्मक रुपमा कम रहेका छन् । यसरी विभिन्न स्रोतबाट सङ्कलित तथ्याङ्कहरुको प्रकृति गुणात्मक खालका रहेका छन ।

## ३.४ अध्ययन क्षेत्र र नमुना छनौट

यस अध्ययनमा डडेल्धुरा जिल्लाको गन्यापधुरा - २ चम्सालमा महिला तथा क्षेत्रलाई नमुना छनौटको रुपमा लिएको छ । अहिलेको अवस्थामा त्यहाँबाट बसाइसराई गरी तराई गएका हुनाले जम्मा महिला सङ्ख्या ४०० रहेको र त्यस मध्ये पनि ३० जना महिलालाई मध्य नजर गरी अनुसन्धान गरीएको छ र त्यसैगरी प्रस्तुत अध्ययनको लागि समग्रमा रहेका २४० घरधुरीहरु मध्येबाट असम्भावनायुक्त नमुना छनौट अन्तगर्त उदेश्यपूर्ण नमुना छनौटका

आधारमा ३० घरधुरीलाई नमुनाको रुपमा  छनौट गरीएको छ । जसमा २५ घरधुरीमध्ये ५ जना बृद्ध, ६ जना किशोरी, ५ जना शिक्षित (जागिरे), ४ जना अशिक्षित (लेखपढ नगरेका), २ जना स्वयमसेवक र ३ जना वडा जानकार व्यक्ति संगको अवलोकनका साथं संरचनात्मक अर्न्तवाताका माध्यमबाट तथ्याङ्क संकलन गरीएको छ  र उत्तरदाताको रुपमा प्रत्येक घरदुरीबाट १-१ जनाका दरले १२ वर्ष देखि ४५ वर्ष उमेरसमूहका महिनावारी हुने महिलाले समस्या भोग्ने र ज्यान गुमाउनु पर्ने भएका कारण ले वा छाउगोठ भत्काए पछि पनि  विद्यामान छाउ परिवर्तन हुन नसक्नुको खास कारण के हो भन्ने बारेमा यो समूहका महिलालाई नै रोजिएको छ  किन भन्दा यि उमेर सङ्गका मानिस सङ्ग प्रश्न सोध्दा महिनावारी सम्बन्धी सही उतर आउने भएकाले यो उमेर समुहका मानिसलाई लिएको छ । त्यसैगरी यो उमेर समूहका महिलाहरुको महिनावारीको बेला प्रत्येक महिनाको ५ दिन शारिरीक तथा मानसिक अवस्था कमजोर हुने भएका कारण ले छाउगोठ भत्काए पनि फेरि त्रिपाल मुनि बस्न बाध्य के कुराले पर्यो र फेरि छाउगोठको पुननिर्माण किन गर्नु भयो के भित्र बस्न रोक लगाएको छ वा के यो पितृसतात्मक सोचमात्र नभई महिलाहरु स्वयम पनि यस प्रथामा जिम्मेवार छन । किन महिलाहरुले समेत छाउलाई  तोड्न सकिरहेका छैनन के यसको पछाडी सामाजिक कारण, सांस्कृतिक कारण, धार्मिक  र आर्थिक कारणहरु आदि जोडिएका त छैनन भन्ने बारेमा समग्र अध्ययन गर्ने उद्देश्य भएका कारण प्रत्येक उत्तरदाताहरुको प्रतिनिधित्व हुने सम्भावनालाई मध्येनजर गरी दैवी नमुना विधि वा (Random sampling method) २४० घरधुरी मध्ये ३० घरधुरीलाई उत्तरदाता घरधुरी छुट्टएको छ वा अनुसन्धान गरिएको छ । यसरी घरधुरी छुटेपछि गाउँपालिका कार्यालय र वडा समितिको संयोजकमा घरमुलिको लिस्ट  तयार पारिएको छ र यसरी छुट्याउन महिलाघरधुरीबाट आवश्यक घरधुरी उत्तरदाता छान्दा गोलाप्रथाद्धारा पहिलो र दोस्रो घर छोडी तेस्रो घरधुरीलाई छानीएको  छ  र उत्तरदाताहरुको लागि भने प्रत्येक घरधुरीहरुबाट एक जना महिनावारी हुने महिलालाई मात्र छनौट गरिएको छ भने त्यसैगरी आशिक ५ वटा घरधुरीका ६ जना फरक-फरक वर्गका महिला र किशोरीहरुको वैयक्तिक अध्ययनका आधारमा छाउ सम्बन्धी तथ्याङ्क संकलन गरिएको छ ।

### ३.५ प्राथमिक तथ्याङक सङ्कलन विधि

यस प्रस्तावकार्यमा  छाउपडी प्रथाको बारेमा महिलाले भोग्दै आएका समस्या र छाउमा निरन्तरता र परिवर्तन भन्ने विषयको बारेमा त्यही स्थलमा गएर तथ्याङ्क सङ्कलन वा अध्ययन गरिएको छ ।

### क )	संरचनात्मक अन्तरवार्ता

अन्तरवार्ता सामाजिक अन्तरक्रियाको एउटा प्रक्रिया हो । अथवा औपचारिक र अनौपचारिक रुपमा कुनै अनुसन्धानमा निर्दिष्ट उदेश्यका लागि लक्षित प्रश्नहरुको उत्तर प्राप्त गर्न उत्तरदाताकार र अन्तरवार्ताकार बिचमा दोहोरो व्यवस्थित वार्तालावलाई नै अन्तर्वार्ता भनिन्छ । अनुसन्धानमा अन्तरवार्ता दुई किसिमका हुन्छन । १) संरचनात्मक अन्तर्वार्ता र असंरचनात्मक अन्तरवार्ता हुन तर यस अनुसन्धानमा विशेष गरी संरचनात्मक अन्तरवार्ताको मात्र प्रयोग गरीएको छ । समाजिक वैज्ञानिकहरुका बीचमा सबै भन्दा बढी प्रयोगमा आउने अन्तरवार्ता को तरिका नै संरचित अन्तरवार्ता हो र मैले यसमा चाहिँ अनुसन्धानको कार्यका लागि प्रश्नावलीहरुको सूची बनाई अध्ययन क्षेत्रका प्रत्येक महिला घरधुरी उत्तरदाताहरुको अन्तरवार्ता लिएको छ । यस संरचनात्मक अनुसन्धानमा  महिनवारी हुने १२ देखि ४५ बर्ष उमेर समुहका महिलाहरुलाई र गाउँपालिका अध्ययक्ष र समाजका बुद्धिजिवि वर्ग र त्यही समुदायका स्वयमसेबीका सँगै मैले छाउमा निरन्तरता र परिवर्तन सम्बन्धी प्रश्नहरु सोधि महिनवारी सम्बन्धी गन्यापधुरा २ चम्सालका महिलाले भोग्नु परेका समस्यालाई सत्य तथ्य खोज गरीएको छ । यस अनुसन्धानको उद्देश्य पुरा गर्नका लागि बिना फेरबदलका समान खालका प्रश्नहरु सोध्ने, पूर्वस्थापित प्रतिक्रियाका श्रेणीहरु वा बन्द  अन्त्य भएका प्रश्नहरु र खाकाको प्रयोग मार्फत तथ्याङ्क सङ्कलन गरीएको छ। जसमा फरक  फरक घरधुरीमा गई ५ जना बृद, ६ जना किशोरी, ५ जना शिक्षित, ४ जना अशिक्षित ३ जना वडा जानकार र २ जना स्वयमसेविका र आशिंक ५ वटा घरधरीका ६ जना फरक-फरक वर्गका महिला, किशोरी र व्यक्तिहरु बाट वैयक्तिक अध्ययनका आधारमा छाउ सम्बन्धी तथ्याङ्क सङ्कलन गरीएको छ र प्रश्नावलीमा उत्तरदाताको सम्पूर्ण विवरण वा छाउपडि समस्या र छाउगोठ भत्काए पछि के कस्तो परिवर्तन आएको छ वा छैन भन्ने बारेमा विवरण खुल्ने गरी तयार पारी सोही बोमोजिम अन्तरवार्ता गरीएको छ । अन्तर्वार्ताको लागि प्रश्नावली उत्तरदाताको मानसिक, शारिरीक, धार्मिक पक्ष तथा महिनावारीका बेला महिलाले कुनै ठाउँमा वा मन्दिर जान निषेध गरेको वा बाहिर बस्न बाध्य बनाएको छ  छाउगोठ भत्काए पनि फेरि त्रिपाल मुनि बस्न बाध्य किन भए वा परिवर्तन  हुन नसक्नु को कारण सम्बन्धी जानकारी ल्याएकी छु र सरल भाषा र कमबद्ध तरिकाले प्रश्नहरु राखीएका  छन् वा सन्दर्भ अनुसार थप प्रश्न पनि राखीएका छन ।

## ३.६ तथ्याङ्क विश्लषण र प्रस्तुतिकरण

यस अनुसन्धानका क्रममा प्राप्त प्राथमिक तथा द्धितिय स्रोतहरुबाट संकलित तथ्याङ्कलाई प्रकृति नियमका अनुसार छाउपडी प्रथामा महिलाले भोगेका समस्या र पहिले भन्दा अहिले केही परिवर्तन आएको छ की छैन । महिलाहरु अझै पनि छाउगोठमा नै बस्न किन बाध्य भएका छन र के कुराले बाध्य पारेको छ र छाउपडी प्रथा परिवर्तन हुन नसक्नुको पछाडी के आर्थिक अवस्था कमजोर भएका कारणले परिवर्तन हुन नसकेको त होइन भन्ने बारेमा वर्गीकरण गरी सम्पादन गरिएको छ । त्यसैगरी तथ्याङ्क सङ्कलनका क्रममा प्राथमिक स्रोतको आधारमा सङ्कलन गरिएका तथ्याङ्कहरु लाई जस्ताको त्यस्तै प्रस्तुत गरीएको छ भने गुणात्मक प्रकृतिका तथ्याङ्कहरुलाई प्रसङ्ग अनुसार ब्याख्या र विश्लेषण गर्न सक्ने बनाएको छ । यसरी सङ्कलन भएका तथ्याङ्कहरुलाई सरल र स्पष्ट रुपमा बुझिने गरी ब्याख्या र बिश्लेषण गर्ने योग्य बनाएको छ ।

## ३.७ अध्ययनको सिमा

समय परिपेक्ष स्रोतहरुमा बाधिएर सम्पूर्ण पक्षको अध्ययन गर्ने सम्भव पनि हुँदैन अनुसन्धान क्षेत्रका सीमितहरु यसप्रकार छन । यो अध्ययन डडेल्धुरा जिल्लाको गन्यापधुरा २ चम्साल सुदुरपश्चिम भागमा बसोबास गर्ने १२ देखि ४५ बर्ष उमेर समूहका महिलाहरुको बारेमा अध्ययन गरिएको छ। यस अनुसन्धानमा छाउंमा निरन्तरता र परिवर्तन भन्ने बारेमा अध्ययन गरिएको र त्यसैगरी छाउपडी प्रथाबाट महिलाको स्वास्थ्यमा, मानसिक, शारीरिक, मनोवैज्ञानिक, सामाजिक, धार्मिक र आर्थिक रुपमा पर्ने असर बारे यो अध्ययनले जोड दिएको छ । छाउपडी सम्बन्धी धेरै प्रतिरोधका घटनाहरु छन जुन पहिले दस्तावेजमा फरक फरक छन र खासमा छाउपडी प्रथालाई महिलाले अहिलेको अवस्थामा पनि कसरी र के समस्या भोग्छन वा छाउगोठ भत्काए पनि किन फेरि महिलाहरु त्रिपाल मुनि वा छाउगोठ वा गाईगोठमा नै बास बस्न थाले के कुराले बाध्य परेको छ किन छाउपडी प्रथा परिवर्तन हुन सकेन छाउलाई किन निरन्तरता दिरहेका छन अथवा पितृसतात्मक सोचमात्र नभई महिलाहरु स्वयम पनि कसरी कुन हद सम्म जिम्मेवार रहेका छन वा महिलाहरुले नै परिवर्तन गर्न नचाहेको हो कि भन्ने बारे मेरो मुख्य ध्यान केन्द्रित भएकोले त्यसमा ध्यान दिएर छाउपडी प्रथामा निरन्तरता र परिवर्तन भन्ने बिषयलाई अध्ययन गरिएको छ ।

छाउको वास्तविकता पूजा कोठामा निषेध, भान्सा कोठामा प्रवेश गर्ने निषेध, जस्ता अन्य थुप्रै प्रतिबन्धहरु र अरु ठाउँ भन्दा सुद्धुरपश्चिम क्षेत्रको गन्यापधुरा वडा नं २ चम्सालका छाउपडी पिडित क्षेत्रका महिलाहरुको मात्र अध्ययन गरिएको छ र अलि केहीफरक भएको हुनाले यस अध्ययन वा विषयलाई ध्यान दिएको छ । त्यसैगरी यस अध्ययनले नेपालका सबै ठाउंका छाउपडी महिलाको अवस्था प्रतिको प्रतिनिधित्व गर्ने सक्ने छैन् । स्नाकोत्तर अध्ययनको लागि आंशिक आवश्यकता पूर्तिका लागि सिमित क्षेत्र भित्रका १२ देखि ४५ बर्षका सबै महिलालाई समेटन सकिएको छैन त्यसैले सुदुरपश्चिम क्षेत्रको गन्यापधुरा वडां.नं २ चम्सालका छाउपडी पिडित महिलाहरुको मात्र अध्ययन गरिएको छ ।

# अध्याय ४

# छाउपडी प्रथा प्रति महिलाको धारण

## ४.१ महिलाको धारण

छाउपडी प्रथाको अभ्यास संस्कृति परम्परा र अन्धविश्वास सँग जोडिएको छ । हिन्दु धर्ममा महिनावारी भएकी महिलालाई घर भन्दा पर वा गाईगोठमा राखिन्छ । त्यसले गर्दा समुदाय वा परिवारमा कुनै पनि किसिमको हानि नोक्सानी नहुने विश्वास गरिन्छ । छाउपडी प्रथालाई नमाने वा अरुलाई छोएमा महिला र समुदायका अन्य सदस्यहरु बिरामी हुने बाँझोपन हुने र मृत्यु हुने जस्ता समस्या सिर्जना गर्छ भन्ने धारणा रहेको छ । महिलाले यो परम्परालाई जोगाउन नसके वा नमानेमा समाजमा बाँच्न कठिन हुन्छ भन्ने विश्वास पनि रहेको छ । जब एउटा महिला महिनावारी हुन्छिन उसलाई आफ्नो घरबाट अलग गरिन्छ र उज्यालो हेर्न दिँदैनन् अहिले पनि महिनावारी भएको बेला महिलाले पानीको धारा र घर लाई छुनु हुँदैन भन्ने मान्यता रहेको छ । महिनावारी भएका बेला महिलाले घर छोयो भने एउटा बोका अनिवार्य काटनु पर्छ भन्ने धारणा अहिले पनि समाजमा कायम नै रहेको देखिन्छ र गोठमा सुताइन्छ गोठहरू फोहोर हुन्छन र जाडोमा धेरै चिसो हुने र महिनावारी भएका बेला भुइँमा सुत्न बाध्य पारिएको छ केबल ओच्छ्यानका लागि पराल र पातलो कम्बल मात्र दिन्छ र महिलाहरूले महिनावारी भएको बेला हरेक ७ दिन सम्म नुहाउनु पर्छ तर महिनावारी भएको बेला सार्वजनिक धारामा नुहाउने अनुमति छैन महिनवारी भएका बेला छुटै खोलामा गएर नुहाउनु पर्ने हुन्छ । छाउ सम्बन्धमा जति पनि कानुन बनेका छन त्यसले केहि गर्न सकेको छैन कुनै ठाँउमा छाउ गोठ भत्किए र पछि ओढारमा बस्न बाध्य भए कूनै ठाउँमा त्रिपाल मुनि बस्न बाध्य भए यो छाउपडी प्रथा पूर्णरूपमा अन्त्य भएको छैन । पहिलेका मानिसहरूले धर्ममा धेरै आस्था राख्ने भएको हुनाले समाजमा छाउ प्रथाको अन्त्य हुन नसकेको हो । आफ्नो परिवारको लागि घरका आफू भन्दा ठूला सदस्य लाई सन्चो नहुने देउता रिसाउने र आफुलाई नै हानि नोक्सानी हुने डरले हामी महिलाहरू छाउ बार्न बाध्य भएका छौ भनेर त्यहाँका स्थानीय महिलाहरुले आफ्ना धारणहरू बताएका छन ।

महिनावारी भएकी महिलाले घरमा बसेमा परिवारका सदस्यहरू बिरामी हुने र घरमा अशुभ, अनिष्ठता र अनिकाल आउने परम्परागत मान्यता पनि छ महिलाहरूले महिनावारी भएका बेला फलफूलका रुख वा बोटबिरूवाहरू छुन गाई भैंसीको दूध खान रोक लगाइएको छ । त्यसैगरि धारा छोयो भने पनि मुहान सुक्छ भन्ने परम्परागत अन्धविश्वासका रुपमा रहेको

छ । यही अन्धविश्वासका कारणले गर्दा अहिले पनि महिलाहरूले अकालमै ज्यान गुमाउँन बाध्य भएका छन । पहिला भन्दा कुनै कुरामा परिवर्तन त भएको छ जस्तै आप्नो  छुटै पानि लगेर जान चाहि दिइन्छ तरपनि छाउपडी प्रथा लाई निरन्तरता वा कायम नै रहेको छ । बाट रोकिन्छ यस्ता पक्षमा हुने कुनै पनि उल्लङ्गनले आफ्नो परिवार समुदाय र समाजमा अशुभ संकेत हुन्छ भनेर यस  विषयमा महिलाहरूको अन्धविश्वास वा  धारणा रहेको छ  ।

### ४.१.१ छाउपडी प्रथाको धार्मिक तथा सस्कृतिक अवस्था

अधिकांस  महिला  तथा पुरुषहरुमा छाउ र सुत्केरी भएको बेला अपवित्र हुने विश्वास रहेको पाईयो छाउ भएको बेला छाउगोठ वा छुई सुत्ने ठाउँमा नबसि धामि झाक्रि पुरोहित तथा धार्मिक अक्तियार हरुले दिएको हुकुमको पालना नगरेमा देउता रिसाउने मानिस पिरामी पर्ने आफ्नो कुलमा नराम्रो हुने, गाई भैसि आदिको मृत्यु हुने विश्वास रहेको पाईएको छ । मन्दिर जान पुजा गर्न, धार्मिक मेला,पुजा पाठ र चाड पर्ब हरुमा महिलाहरुलाई सहभागि हुनबाट बञ्चित गरिएको साथै छाउ भएको महिलाले बालि नालि छोएमा विरुवा ओइलाउने वा सुक्ने पानि तान्ने धारा छुने गरेमा पानीको मुहान सुक्ने, फलफूल टिपेमा फलफूल नपाक्ने झर्ने वा  बोटमै कुहिने जनविश्वास रहेको पहिलो पटक छाउ भएकाहरुले भने ११ देखि १५ दिन र सुत्केरी भएको समयमा ९ देखि ११ दिन पछि मात्रै नुहाएर गाईको गहुत खाएर घर भित्र पस्न लगाउने गरेको पाईयो भाद्र महिनामा पर्ने ऋषि पञ्चमिको दिनमा महिलाले वर्ष दिनभरि छाउ भएको बेलामा गरेको छुवाछुतको पाप पखाल्ने र शुद्ध हुने जनविश्वास रहिआएको छ । छाउ भएको समयमा महिलाहरुलाई धार्मिक संस्कृतिक गतिविधि र अवसरहरुबाट बञ्चित गराईने मन्दिरको बाटो समेत हिडन नदिने गरेको पाइयो । छाउ भएका महिलाहरु मन्दिरको बाटो हिडेमा देउता रिसाउने र गाँउमा नराम्रो हुने, आफु स्वयम पागल हुने विश्वास रहेको पनि रहेको पाइयो । यसै क्रममा एक जना धामि को श्रीमतिको भनाई यस्तो रहेको छ ।

*धामि झाक्रिको हैकमको अगाडी कानुनी अस्थित्व निकै कमजोर रुपमा उभिएको देखिन्छ । उहाँले भन्नु भयो कडा कानुन बनेको छ भन्ने कुरा मैले रेडियो बाट सुनेको हो तर हामी छाउ प्रथालाई छोडन सकदैनौ । हामिलाई कानुनको भन्दा देउताको बढि डर लाग्छ छुई भएको व्यक्ति लाई घरमा राख्दा विरामी हुन्छौ, के हामि विरामी हुदा कानुनले ठिक पार्छ ।*

उहाँको भनाई बाट के स्पष्ट हुन्छ भने धर्म र संस्कृति ले मानिसले एक अर्कोमा बाधेर राखेको । छाउपडी प्रथालाई धर्म संग जोडेर, कुल देउता संग जोडेर अगामी दिनहरुमा नराम्रो हुन्छ कि भन्ने एक किसिमको डर त्रासको कारण पनि मानिस छाउ बार्न बाध्य छन् ।

### ४.१.२ घटना अध्ययन एक महिलासँग को अन्तवार्ता

उनले आफ्ना कुरा सुनाईन म १६ वर्षको उमेरमा पहिलो महिनावारी भए पहिला को जमना अहिलेको भन्दा धेरै फरक थियो । धेरै कष्ट सहनु परथ्थो आँफ्नो घरको आँगनमा समेत जान पाइँदैन थियो । २०-२२ दिन सम्म घर देखि टाढा बस्नु पथ्यो तर अहिलेको समयमा धेरै परिवर्तन भइसकेको छ । महिनावारी भएको बेला पनि आफ्नै घरको छुट्टै कोठामा बस्न पाइन्छ । म आफु स्वयम शिक्षीका भएर पनि होला जनचेतना र सरसफाई को कारण महिनवारी भए नभएको थाहा हुँदैन कतिपय अवस्थामा धामी झाक्री भएको ठाँउमा जानु पर्यो भने आफै टाढा बस्नु । घरमा सासु ससुरा भएको कारण पनि महिनावारी भएको बेला उहाँहरु देखी टाढा बस्न बाध्य हुन्छु साथै घरको काम स्कूलको कामले गर्दा महिनावारी भएको बेला ४ दिन सम्म घरको काम गर्नु नपर्ने हुँदा मनलाई आनन्द हुन्छ । पहिलेका मानिस धेरै धर्म संस्कृति मा विश्वास राख्ने गर्थे भने अहिले पहिलाको पुस्ताको जस्तो सोच भएको मानिस सामाजमा कमै छन । सबैको घरमा पढेलेखेका मानिस छन । शिक्षा चेतना साक्षरता दर बढ्दै गएको हुनाले पनि छाउ बार्ने कुरा बिस्तारै कम हुँदै गएको छ सुरुमा ओडार छाउगोठ घरको टहरा हुदै बिस्तारै परिमार्जन भई घरको छुट्टै एकान्त कोठा सम्म आइपुगेको छ र कुनै घरमा चाहि आर्थिक र धार्मिक अवस्था कमजोर भएको हुनाले पनि छाउगोठमा अथवा घरको वनावट नै त्यस्तै भएको हुनाले पनि गाईगोठमा बस्नु पर्ने वाध्यता छ । छाउलाई निरन्तरता पनि दिएको छ  एकै चोटी परिवर्तन हुदैन कतिपय कुरा परिवर्तन हुन समय लाग्छ र त्यो पनि अबको केहि दशक पछाडि पुरानो मूल्यमान्यता अन्धबिस्वास हटेर जाने देखिन्छ ।

## ४.२ छाउपडी प्रथा मा स्थानीय प्रणाली

महिनावारीको भएको बेला महिलाले निषेधित गरीएका वस्तु छुँदा विपति ल्याउँछ भन्ने मान्यता छ । यसले हैजा झाडापखाला पहिरो लगायतका समस्या र रोग निम्त्याउँछ भने छाउपडीको मापदण्ड पालन नगर्दा केही समय अकालमा मृत्यु र अकस्मात दुर्घटना हुने विश्वास गरिन्छ ।  स्थानिया मान्यता प्रणाली के स्वास्थ्य रोग र मृत्युलाई छाउपडी परम्पराको पालन नगर्ने  घटना संग जोडेको छ । सर्पको टोकाई भैंसीको मृत्यु बालबालिकाको अकाल मृत्यु र अन्य कारणले गर्दा हानि हुने धेरै कथा छन ।

छाउपडी नियम विजय राउत (नाम परिवर्तन) उनि स्थानीय भाषामा भन्छन छाउपडी प्रथा नै नमान्या पछि हुन्या नहुने विराम लाग्दा छ श्याप काटछ, देउता रिसाई अनिकाल लाग्दछ गाई गोरु नोक्सान हुदोछ । यस्तै छिमेकी गाउँपालिकाको मास्टमान्डौंमा उच्च माध्यमिक विद्यालय समैजी नामको स्थानीय देउताको मन्दिर नजिकै अवस्थित छ । यो समैजिका कारण दश बर्ष अघि महिनावारीको समयमा कोहीपनि केटि विद्यालयमा आउँदैन थिए र दलितहरू पनि  त्यस मन्दिरको नजिक जाँदैन अहिले पनि गाउँमा  तल्लो जातका दलित र महिलाका लागि कडा प्रतिबन्ध छ नजिकैको इलाकामा गएर वा मन्दिरमा पस्यो भने बौलाहा हुने मृत्युको मुखमा समेत पुग्ने विश्वास गरिन्छ ।

त्यहाँ गएमा केही समय बेहोस हुन सक्छ भन्ने धारणा  रहेको छ । तर अहिले ३० बर्ष यता महिनावारीको समयमा किशोरीहरु बिद्यालय जान सक्छन र उनीहरुको महिनाबारीका कारण विद्यालय बन्द हुँदैन । ३५ बर्ष को अवधिमा विश्वास प्रणाली परिवर्तन हुदै छ । अझैं पनि सुदुरपश्चिमका धेरै गाउँमा केही केही हद सम्म महिनावारीको समयमा विद्यालय छोड्ने गरेका पनि छन । त्यहाँ पुगेमा ठाउँमै बेहोस हुने गर्दछन भन्ने विश्वास गरिन्छ र तिनीहरु पनि मृत्युको मुखमा पुग्न सक्छन भन्ने विश्वास गर्दछन । आधारभूत उच्च माध्यमिक विद्यालयमा गर्मीको मौसममा कहिले काही राष्टिय गाना पढ्दा बालिका बेहोस हुने गर्छन र धेरैले यस्लाई छाउँ प्रतिबन्धको उल्लङ्घन संग जोड्छन । यसलाई दलित परिवारले बढी पन्छ्याएका छन । महिनावारी भएका किशोरी र महिला बाहेक दलित लाई पनि मन्दिरमा प्रवेश निषेध गरिएको छ ।



## ४.३ धर्म र पाप

महिनावारी सम्बन्धि एक क्षेत्री परिवारकी महिलासँग सोधे महिनवारी भएको महिला घर भित्र पस्यो भने के हुन्छ उनको जवाफ पाप लाग्छ (पाप लाग्छ) गाई भैंसी बिरामी हुने धामी काम्न थाल्छ तसर्थ महिनावारी र प्रसवको समयमा शुद्धता बाट बाँच्नु धर्म र पाप को अवधारणा संग सम्बन्धित छ । धेरै जसो किशोरी र महिलाले सहन्छन धर्मको नाममा छाउपडीको चलन छ यदि तिनीहरुले छाउपडीलाई पालन गर्दैनन भने त्यसलाई पाप मानिन्छ । छाउपडी नियम किन मान्ने भन्ने मेरो प्रश्नको जवाफ दिँदै मिना सार्की (नाम परिवर्तन) भन्छिन ।

छाउपडी गोठामा नबसी कन घरै बस्या पछि पड्मी देउताको थान हुडो छ तलुडी छाउपडी बस्या पछी देउता रिसौडा छन पाप लाग्दो छ छल हुदो छ गोठका गोरू मदा छन बना बखरालाई बाघले खादो छ ।

छाउपडी ऐन उल्लंघन गर्दा आफ्नो शरीरिल, परिवार र समग्र समाजमा हानि पुग्ने विश्वास गरिन्छ । स्थानीय देउताको मन्दिरमा कूनै युवती वा महिला प्रवेश गरेमा व्यक्तिगत रुपमा आखा गुम्ने बौलाहा हुने वा ज्यान जाने समस्या हुने र सामुदायिक तहमा बालुवा ढुङ्गा हैजा जस्ता रोग निम्त्याउने विश्वास गरिन्छ । छाउपडी आचारसंहिता अनुसार चल्ने कुरालाई धर्म मानिन्छन र परम्पराको पालन नगर्ने पाप कर्म (पाप) हो । महिनावारीको समयमा बालिका तथा महिलालाई दुध दही र घिउ दिएमा देउता रिसाउँछन भन्ने मान्यता रहेको छ । छाउपडी नियम उल्लंघन गर्दा अधिकांश महिला तथा युवतीहरू हुन चाहँदैनन र परिवारका अन्य सदस्य जोखिम लिन चाहँदैनन स्थानीय सामाजिक संरचनामा सम्बन्धित धर्म र पापको अवधारणा पनि यस क्षेत्रमा छाउपडी प्रथा सञ्चालकको प्रेरक शन्ति हो ।

घटना २ हिरा साउद (नाम परिवर्तन) ले छाउपडी प्रथाको पालना नगरी जीवनमा विभिन्न अफठ्यारा र नराम्रा कामहरु गर्नुपर्ने बताइन उनले भनिन संस्कार नपाल्नु पाप हो । उनले मलाई सुनाएको कथा साँझ को हो । एउटी महिलाले गाउँमा छाउ सम्बन्धी व्यवस्था गर्ने खोज्दा पत्याएनन महिनवारी भएको समयमा उनी छाउगोठमा बस्दीन थिन र दुध जन्य पदार्थ खाएर मन्दिरको बाटो भएर कतै पनि गइनन त्यसपछि एक दिन उनको छोरा दाउरा लिन जङ्गल गएका थिए त्यसपछि बाघले उनको छोरा लाई आक्रमण गर्यो र उनको मृत्यु भयो त्यसपछी गाउँमा उनलाई छाउपडी नमानेर उनको छोरालाई बाघले खाएको हो त्यो सब पापको कारण हो भनेर गाँउमा त्यस किसिमको हल्ला फैलाईएको थियो ।

## ४.४ धामी देउताहरु र फुलपाती

मैले किशोरीहरु र अन्य जेष्ठ महिलाहरूसँग यो परम्परालाई पालन नगर्नेले के हुन्छ भनेर सोधे तब उनीहरुको उतर के यियो भन्दा भगवान क्रोधित हुन्छ्न गाई भैंसीले दुध नदिने घरमा अन्य अशुभ घटनाहरू हुन सक्छ भन्ने उनिहरुको उतर रहेको यियो । स्थानियहरू ( धामी देउताको) डरले गर्दा उनीहरुले अन्धविस्वास र परम्परालाई पालना गर्दछन । यस क्षेत्रमा हैजा लगायत अन्य सामाजिक तथा प्राकृतिक देखा परेमा धेरैको जीवन स्थानिय देउताको शन्तिमा निर्भर हुने गरेको छ आफ्ना स्थानिय देउताको शन्तिले गर्दा धेरै अशुभ घटना बाट बाँच्ने विस्वास धेरै जसोको छ । कोही बिरामी परे कसैको घरपरिवारमा अशुभ काम भयो भने धामी देउता लिएर जाने प्रचलन छ । गाई वा भैसीले दूध नदिएमा कसैको परिवारमा कसैको मृत्यु भएमा कसैको स्वास्थ्य राम्रो नहुँदा र बारम्बार बिरामी परेमा आफुलाई के भयो भनेर सोध्न र उपचारको लागि पहिला धामीकोमा जाने प्रचलन रहेको छ ।

डडेल्धुरा र सुदूरपश्चिममा स्थानीय देवीदेउताका अनेक रुप छन धार्मिकहरू तिनीहरुका भगवानको रुप हुन । चम्सालमा मष्टो र बन्दली भनेर चिनिन्छ । यस क्षेत्रका मानिसहरुले मष्टो र बन्दलि देउतालाई धेरै बिश्वास गर्छन । मष्टो र बन्दली देउता आशा हिनको आशा र सक्तिविहिनको सक्ति । जसलाई कुनै अलौकिक शान्तिले टासिएको व्यक्ति कुनै सार्वजनिक समारोह र जमघटको माध्यमबाट धामी बन्छ । कुनै अशुभ घटना भएमा देउता शन्तिको प्रयोग गर्ने व्यक्तिलाई मष्टो र बन्दलिको धारणा गर्ने व्यक्तिलाई धामी भनिन्छ । यिनीहरूलाई पवित्र मानिस मानिन्छ र छाउ भाको बेला अपवित्र मानिछ र त्यति बेला मानिसहरू ले टाढा रहनु पर्छ  शुद्ध मानिने धामीहरुलाई अरुले बनाएको खाना खान दिँदैनन ।

छाउको हकमा भने महिनावारीको समयमा महिलाहरू हिडेको बाटो पनि हिँड्दैनन । मैले एक जना महिलासंग मष्टो धामीको बारेमा सोध्ये महिनावारीको समयमा कुनै किशोरी वा महिलाले छुँदा के हुन्छ भनेर उनले भनिन ।

छाउ भएका बेला धामिका हड लाग्या पछि देउता रिसाउँदा छन तबाई धामी बिरामी पढ्दा छन तेई बैकिनी लाई पना बौलाउँदो छ ।

देउता क्रोधित हुन्छन (देउता रिसाउँछन्) धामी बिरामी पर्न सक्छ र धामीको घाँटी उल्टोतिर झुकेरे बिहोस हुन सक्छ यसले विभिन्न धार्मिक सामाजिक राजनीतिक प्रणालीको

विकासको प्रक्रियामा एक पटक स्थापित गरिसके पछि महिनावारी भएका महिलाहरूलाई छुनु हुदैन भन्ने मान्यता रहेको छ । कसैलाई कुनै रोग लागेमा कसैको भैसीले दूध नदिएरमा के भयो भनेर धमीसँग गएर धामीलाई सोध्दा छाउ र सुत्केरी महिलासंग जोडछन । अन्य अबस्थामा केहि समय धामीले यो बोक्सिविधाको कारणले भएको सुझाब दिन्छ । तसर्थ देउता शान्ति प्रयोग गर्ने स्थानीय देउताको प्रतिक धामीले छाउपडी प्रथाको पालना नगर्ने र बोक्सि विधाको कारणसँग केही घटनासग जोड्छन गाउँका धेरै मानिसहरूले स्थानीय देउतासँग विश्वास गरेका छन । जुन अन्धविश्वास केन्द्रको रुपमा काम गर्छ त्यसैले यो धामी देउता प्रथासंग छाउलाई जोडेको हुन्छ ।

घटना ३ स्थानीय महिला रविना बिष्ट (नाम परिवर्तन) ले एउटा घटना साँझ गर्नु भयो । उनको घर अगाडि एउटा ठूलो ढुङ्गा थियो जसमा देउता थियो र छाउपडी महिलाका लागि छुन र नजिक जान मनाहि थियो । यो २ दिन अगीको कुरा हो जब मैले उनीसँग कुरा गरे । उनले भनिन बाटोमा गाईबस्तुका लागी घाँस ल्याएको थिएँ पानी परिरहेको थियो र घाँस भिजेको थियो त्यसपछी बहिनीले घाँस लिएर ठुलो ढुङ्गाको छेउँमा राखिन घाँसले ढुङ्गा छोयो जसमा देउता बस्थ्यो तब देउता क्रोधित वा रिसाएका थिएँ । भगवानको क्रोधको कारण घरको अगाडि ठुलो सर्प उभिएको थियो। त्यसपछी सासु त्यहाँ आउनु भयो र सबैलाई भनिन भगवान हामीलाई माफ गरिदेऊ यो हाम्रो ठुलो गल्ती भयो अब देखि हामी यस्तो काम केही गर्दैनौं त्यसपछी सर्प बिस्तारै घर बाट टाढा गयो र गायब भयो भनेर त्यो घटना सुनाइन । त्यहाँका स्थानीय मानिसहरुमा देवी देउतामा विश्वास रहेको पाइन्छ । यो एउटा पितृसतात्मक सोचमा अडिएको देखीन्छ ।

## ४.५ पवित्रता र अपवित्रताको विचारधारा

पवित्रता शुभ र अपवित्रता अशुभका विचारधाराहरु जात र लिङ्गका केन्द्रिय सरोकार । शुद्धता -शुद्ध चोखो) र अपवित्रता -अशुद्ध जुठो) हिन्दु संस्कृतिमा पाईन्छ शुद्धता प्रदूषणको विचारधारा मानिस हरू वस्तुहरु र कार्य हरूको अवस्था सँग सम्बन्धित छन । सुदुरपश्चिम क्षेत्रमा जात र लिङ्ग अन्तरक्रियाको प्रदूषण शुद्धताका अपधारणाहरूद्वारा सासित हुन्छन (Lyamarun 1998) ।

सामाजमा पवित्रता र अपवित्रताहरू विद्यामान छन पवित्रताले समाजिक व्यवस्था बनाउँछ र खतराले समाजिक व्यवस्था खतरा ल्याउँछ । कहिलेकाहीं खतराले समाजिक व्यवस्था

राख्न आवश्यक छ । अव्यवस्था पछि क्रम आउँछ प्रदूषण पछि शुद्धता आउँछ (डगलस १९६६) ।

पवित्रता र अपवित्रता को प्रचलित बिचार धाराले मानिस वस्तु र कर्मका निश्चित अवस्थालाई अपवित्र र बिशेष वस्तुहरु लाई पवित्र मानेको छ । विशेष घटनाहरु जस्तै जन्म, मृत्यु र गर्भपात लाई अपवित्र मानिन्छ र यी अवधिहरूमा मानिसहरु बिचको सम्पर्क लाई अपवित्र बाट पवित्रतामा निषेध गरिएको छ । महिनावारीको समयमा महिलाहरूलाई शारिरीक प्रदुषित मानिन्छ । तल्लो जातका मानिसहरूलाई पनि शारीरिक अपवित्र मानिन्छ र जुन उनीहरुको पेशागत पवित्रतासंग प्रत्यक्षरुपमा जोडीएको हुन्छ । छालाको काम गर्ने गाईको मासु खाने र मारेका जनावरहरु निकाल्ने भएकाले उनीहरुलाई अपवित्र मानिन्छ । तसर्थ तल्लो जातका दलित हरूको शारीरिक अपवित्र पेशागत अपवित्रतासँग मिल्दोजुल्दो छ यस क्षेत्रका दैनिक व्यवहारमा मानिसहरू बिच हुने अधिकांश समाजिक लेनदेनहरू पवित्रता र अपवित्रताको यही बिचारधारादारा निर्देशित हुन्छन खन्ने जस्ता कृषि कार्य हलो जोत्ने मल ल्याउने र घरायसी काम जस्ता धुने सरसफाई बाल हेरचाह र कृषि सम्बन्धी अशुद्ध काममा संलग्न हुन्छन । पवित्रता बारे जानकी मल्ल (नाम परिवर्तन) भन्छिन "छाउ भएका बेला बेचिनिका हराबढ्थि रगत आउदो छ ति रगतले नछुन्या बनाउदो छ । ६ दिनको दिन रगत आउन्या रैया पछी बेचिनी चोकिनिछ ।

अधिकांश दैनिक अन्तर्क्रिया र ब्यवहारहरू अपवित्रता बाट बच्ने नियमहरुदारा निर्देशित हुन्छन । पवित्र (धामी) नियमित पुजारी (पुजारी र फूलपाति) पुजारी (ब्राम्हण) र जैसी जस्ता कथित पवित्रहरूले पवित्रताबाट बच्ने नियमहरुको कडाइका साथ पालना गर्नु पर्छ । यसर्थ जीवन भएका व्यक्तिहरूले अपवित्रताबाट बच्ने उपायहरू पालना गर्नु । दैनिक पवित्रता र अपवित्रताको सिद्धान्तदारा निर्देशित र साशन गर्ने समाजले राजस्वलाको अवधिमा शारीरिक अपवित्र व्यक्तिहरूलाई स्थायीरुपमा दलित र अस्थायी रुपमा महिलाहरूलाई निरूत्साहित गर्छ । प्रदुषित महिलाहरू महिनावारीको अवधिमा पाँच देखि सात दिन र बच्चा जन्माउँदा वा बहिष्कार गर्ने प्रवृति रहेको छ । महिनावारीलाई पुर्णतया अपवित्र मानिन्छ भने सन्तान जन्माउँदा अपवित्रता र पवित्रता दुबै मानिन्छ ।

# अध्याय - ५

# छाउगोठ भत्काए पछिको अवस्था

## ५.१ स्थान र मानिस

नजिकै को सदरमुकाम डडेल्धुरा बाट गन्यापधुरा २ चम्साल पुग्न बसबाट १:३० घण्टा लाग्छ डोटी र डडेल्धुरा जिल्लालाई जोड्ने के.आई.सिंह राजमार्ग मा चम्साल अवस्थित गज्रेउला बजार गन्यपधुरा गा.बि.स डोटीको सिमानामा पर्दछ डडेल्धुरा जिल्ला र अन्य छिमेकी गा.बि.स हरूजस्तै चम्साल जैसेरा जिल्ला सदरमुकामबाट चम्साल पुग्न ३ घन्टा लाग्छ ।

चम्साल गन्यापधुरा गाउँपालिकामा पर्दछ । जहाँ धैरै जसो सरकारी कार्यालयहरू सेवा प्रदान गर्न लक्ष्यका साथै स्थापना गरीएका छन यो छिमेकी दोस्रो गा.बि.स हो । त्यसैले यसमा स्वास्थ्य चौकि प्रहरी चौकी र विभिन्न सहकारी संस्थाहरू छन एउटा माध्यमिक विद्यालय चम्सालमा अवस्थीत छ । भौगोलिक रुपमा यों विविध र छरिएर रहेको छ । कतै एक वडाबाट अर्को वडा सम्म पुग्न करिब दुई तिन घन्टा हिड्नु पर्छ । अध्ययनको क्रममा फिल्डमा रहँदा गन्यापधुरा बडाल र विभिन्न वडाहरुमा ध्यान केन्दत गरी यि दुबै विषयलाई अलग अलग रुपमा अवलोकन गरिएको छ ।

## ५.२ छाउ प्रणालीमा निरन्तरता

छाउमा पुरै रुपमा परिवर्तन हुन सकेको छैन पहिला भन्दा केही हद सम्म परिवर्तन भएको पनि देखिन्छ । जस्तै घरको आँगनमा जान, कपाल कोर्न, स्कुल जान,चफी जान, जस्ता थुप्रै कुरामा परिवर्तन भएको देखिन्छ । तर निरन्तरता पनि दिएको देखिन्छ निरन्तरता चाहि के कुरामा भन्दा महिनवारी हुदा यदि नयाँ घर लाई छुँदा देवी देवता रिसाउँछन भनेर अनिवार्य बोका काट्नु पर्ने हुन्छ र त्यस्तैगरी छाउ भएको बेला गाई भैसीको दुध खानु हुन्न, मन्दिर नजिक पटी पौवा र मेला पर्वमा जान निषेध गरिएको छ र छाउ हुदा टिका पनि लगाउनु हुन भन्ने मान्यता रहेको छ । कुनै-कुनै घरमा अझै पनि घर भन्दा पर छाउ गोठमा नै राख्ने चलन रहेको छ । यस्तै थुप्रै यावत कुरामा निरन्तरता दिएको देखिन्छ । एउटा त्यही गाउकँको स्वास्थ्य चौकिमा प्रस्तुती र बाल हेरचाह कार्यकर्ताको रुपमा काम गरिरहेकी स्थानीय महिला प्रमिला सँगको कुराकानी छाउ बिरोधी अभियानमा समेत संलग्न रहेकी उनलाई परिवर्तन अभियन्ताका रूपमा चिनेर परिवर्तनको परिदृश्य र परिवर्तनका कार्यकर्ताको सङ्घर्षका लागि

उनलाई छाउ परिवर्तन गर्नु पर्छ भन्ने रुपमा रोजिएको छ । श्रीमती प्रमिला १० वर्ष देखि स्थानीय स्वास्थ्य चौकिमा कार्यरत छन उनि सुरू देखिनै छाउको प्रतिदन्डीत थिन ।

स्वास्थ्कर्मी भएकाले छाउ (महिनावारी) को प्राकृतिक कारण थाहा छ । अध्ययनका त्रममा गाउँमा छाउको परिदृश्य सोधपुछ गर्दा छाउ को मान्याता कति जनाले पालना गरेका छन र शिक्षित किशोरीहरू र महिलाहरूको अबस्था कस्तो छ शिक्षित युवती र महिलाले छाउपडी प्रथा पछ्याउँछन वा गर्दैनन भन्ने तथ्य जान्ने चिन्ता थियो र के बोल्ने र कसरी बोल्ने भन्ने कुरा बताइन धेरै जटिलता छन उनले एउटा उदाहरण सुनाइन । एक चोटि मैलेले स्नातक तहमा अध्यनरत हाइस्कूलकी शिक्षाका श्रीमती प्रमिलालाई सोधे प्रमिला तपाई कहाँ बस्नु हुन्छ तपाईं शिक्षित केटी हुनुहुन्छ । तपाईं छाउ भएको बेला छाउ गोठमा बस्नु हुन्छ वा छाउ भएको बेला घर भित्रै बस्नु हुन्छ भनेर मैले सोधे उनले भनिन वा श्रीमती प्रमिला भन्छिन के गर्ने कसरी गर्ने  उनले आफ्नो तिन वटा महिनावारीलाई व्यवस्था गरे र प्रचलन र स्नातक डिग्री सकेर धनगढीबाट गाउँ फर्के पछि घरमै बसिन तर हरेक चक्रमा उनी र एउटी जेठी आमा उनको घरको करिडोर मा जम्मा भएर भन्न थालिन यो प्रमिला लाई के भयो के उनी बिरामी हुन जाँदैछिन रु उनी बिरामी हुँदै छिन कृपया उनलाई उपचारको लाग धनगढी डडेल्धुरा जिल्लाको नजिकैको अस्पतालमा ल्याइदिनु होला । हरेक महिनामा उनको आमा र जेठी आमाले कुरा सुनाउन थाल्नु भयो र फेरि उनी छाउपडी नियम पालना गर्ने गाई, भैसीको गोठमा फर्किन बाध्य भइन । धेरै जसो शिक्षित युवती र महिलाको अबस्था उस्तै छ । माओवादी आन्दोलन र आपतकालमा माओबादीले कुप्रथा रोक्ने अभियान चलायो माओवादी कार्यकालले  छाउपडीहरूलाई धोस्त पारे परम्परा नमान्ने भाषण दिए । छाउको प्रतिबन्ध नमान्ने युरोप र अमेरिकाबाट चन्द्रमा लगायत अन्य ग्रहमा पुगेका उनीहरु के बताए हामी अन्यायीमा छौ  छाउपडी प्रथामा न खानलाई  न लाउने लुगा नत औषधि नै बिरामी हुँदा निको हुन्छ । हामीसँग खुट्टामा लगाउने चप्पल पनि छैन परम्परालाई पछ्याउँदै कतै पुगेका छैनौ त्यसैले यो परम्परालाई तोड्नु पर्छ । उनीहरुले घरभित्र नबस्ने गोठ र भैसीको गोठ छोडेर कारबाही गर्ने धम्की दिएका थिए । केही हद सम्म त परिवर्तन भयो तर फेरि यस्तै छ त्यसैले छाउपडी प्रथा लाई पुरै परिवर्त गर्नु पर्छ भन्ने हाम्रो धारण हो तर पूरै परिवर्तन हुन त अझै समय लाग्छ ।

स.नं. २००६ मा शान्ति प्रकिया सुरु भएसँगै अघिल्लो अवधिमा जस्तै परम्परा र अभ्यास पनि उस्तै छ । शान्ति प्रकिया प्रारम्भ भएपछि प्रचलन र प्रथा पुनस्थापित हुन्छ ।

प्रमिलाको हकमा भने १५ बर्ष देखी उनले छाउ प्रथा पालना गरेकी थिनन् । छाउ न बारेको उनको छिमेकी बहिनीलाई थाहा थियो । उनीहरुले उनीसँग सोधे के उनि छाउ प्रणालीको पालन गर्दैनन र उनले उनीहरुका अगाडी झुट बोलिन्न अहिले उनी ट्याबलेट प्रयोग गर्दैछिन भनेर उनले तेई ट्याबलेट भारतको पलिया बाट १० हजार रूपैयाँमा ल्याएकी हुन भनेर उनले त्यही ट्याबलेट प्रयोग गरेमा महिनावारी रोकिन्छ भनेर भनिन तर पछी झुट बोलेको भन्ने संखा लागेपछि फेरि उनले आफ्नो पाठेघर फालिदिएको बताउन थालिन फलस्वरुप उनको महिनावारी रोकियो तर उसको उनलाई यो व्यवस्था नराख्ने हो भने स्थानीय देउताले उनलाई हानी पुर्याउन सक्छ र उनको जिवनमा केही नकारात्मक असर हुन सक्छ भनेर बताउन छोडेनन् । मैले फेरि सोधे यो सुनेर डर लाग्दैन ? यो प्रश्न को कममा प्रमिलाले आफनो कथाको अर्को पाटो खुलासा गरिन । उनले भनिन कि उनी पनि डराइन उनको जीवनमा दुर्भाग्यपुर्ण घटना भयो ४ छोरीको आमा प्रमिला १० महिनाकी गर्भवती हुँदा उनको जीवनमा यस्तो घटना घट्यो यो उनको गर्भमा हुर्किरहेको बाछ थियो जुन उनीहरुले भारतको लखनउ अस्पतालमा जाँच गर्दा थाहा पाएका थिए उनी आफ्नो डेलिभरी डेट नजिकै थिन यही बीचमा उनको दुघर्टना भयो जसमा उनी स्वास्थ्य चौकिको माथिल्लो तलाबाट तल खसेकी थिन् । उनी र उनको बच्चा नराम्ररी घाइते भए घर ल्याएको केही मिनेटमै उनको बच्चाको बाटोमै मृत्यु भयो राति उनलाई डडेल्धुरा बजारसम्म जीप रिजर्भ गरेर धनगढी लगेको थियो ।

धनगढी अस्पताल पुगेपछि उनलाई शल्यकिया वाडंमा लगियो र उनको सल्यक्रिया गरियो र मृतक शिशु निकालियो र अनन्त उनको उधार भयो । त्यो घटनाको कममा डराएकी थिन र छाउको नियम वा यस्तै केहि उनको छिमेकीले त्यो घटनालाई छाउपडी प्रथा नमानेर यो घट्ना घट्टयो भनेर भने तर पनि प्रमिलाले त्यस सँग केही सरोकार नराखेको बताइन । प्रमिलाले आफ्नो अनुभव सुनाइन की छाउपडी प्रथाले धेरै महिलाहरुको व्यवहारलाई कसरी असर गर्छ करिब चार पाँच बर्ष अघि सम्म पनि महिनावारी भएका महिला बिरामी भए पनि स्वास्थ्य चौकिको परिसर भित्र आउँदैन थिए महिलाहरू महिनावारीको समयमा स्वास्थ्य चौकि परिसर भित्र आउन नपाउने भएकाले उनीहरु भन्ये स्थानीय देउताको मन्दिर नजिकै छ तर अहिले यस कुरामा त परिवर्तन भएको छ । तर प्रमिला अस्पताल नआए सम्म औषधि दिन इन्कार गर्थिन । धेरै मनसाय र परामर्श पछी महिलाहरू महिनावारीको समयमा स्वास्थ्य चौकिको परिसर भित्र आउन थाले त्यस्तै अकस्मात दुर्घटनाहरू स्थानीय देउतासँग सम्बन्धित छन र छाउपडी परम्परालाई पालन नगर्ने वा गरेपनि छाउगोठ वा घर भन्दा पर नबस्ने घरमै

जोडीएको गाईगोठमा बस्ने परम्परा छ समाजिक परिवेश र ति सबै नियम पालना नगरी कुनै पनि गलत घट्ना र अशुभ मान्ने कुरा लाई व्याख्या गरिन्छ ।

घटना- ४ जब सामुदायिक परिचालन कर्ता श्रीमती प्रमिला बिष्टले छाउ प्रथाको नकारात्मक प्रभावहरू बुझिन उनले त्यस्ता अभ्यासहरू त्यागिन र महिनवारी को समयमा आफ्नो घरमा बसिन तर यो समयमा उनको बाखा लाई जङ्गलमा बाघले मारेको थियो । उनको परिवारका सबै सदस्यले संखा गरेकी उनले छाउलाई नमानेर वा उनले परम्परालाई पालना गर्ने अस्वीकार गरेको हुनाले यो घटना भएको हो भनेर आरोप लगाए  पछि उनले आफ्नो परिवारमा एक खराब  महिलाले देउतालाई क्रोधित बनाउँछ त्यसैले त्यस्ता अभ्यास हरूमा उनको विश्वास लाई बलियो बनाइयो र उनले महसुस गरिनकी देउता र देवी उनीसंग खुसी छैनन केही अनिष्टताको  बावजुद उनले फेरी छाउपडी प्रथा मान्ने अभ्यास जारी राखिन उनी एक स्थानीय गैरसरकारी संस्थाको लागि सामुदायिक परिचालन सामुदायिक सदस्य हरूलाई सशक्तिकरणमा काम गर्दै उनले महिला र बालबालिकाका समस्याहरुको बारेमा थप जानिन । अहिले उनी उनको परिवारका सदस्य सहित यस्त प्रचलनमा विश्वास गर्दैनन र परम्परालाई मान्दैनन् ।

गन्यापधुरा गाउँपालिका चम्सालकी एउटी आमाको कथा जसले आफ्नो पहिलो महिनावारी देखि छाउपडी गोठमा बसेकी थिनन् । बच्चा जन्मे पछि सुत्केरीको अवधिमा पनि यो अभ्यासलाई निरन्तरता दिएकी थीन । उनले अभ्यास सुरू गरे देखी धेरै कठिन अनुभवहरू गरिन तर उनी परम्परागत सांस्कृतिक र अभ्यासहरू संग सहमत छिन । उनी विश्वास गर्छिन की यदि उनले महिनावारीलाई मानेनन भने उनको परिवारले उनलाई परिवारमा आउन सक्ने सबै हानि नोक्सानीको लागि दोष दिने छन् । यही अभ्यासका कारण उनले आफ्नो बच्चा गुमाएकी थीन तर उनको परिवारमा कसैले पनि त्यस्ता प्रथाहरू प्रति नकारात्मक मनोबृद्धिय विकास गरेनन र त्यसैले उनीहरुले यो कार्य जारी राख्रे ।



## ५.३ छाउ मान्ने प्रचलन मा परिवर्तन

छाउ मान्ने प्रचलनमा पहिले भन्दा अहिले गन्यापधुरा गाउँपालिकाका मानिसहरूको सम्बन्ध विदेशीने वा भारततिर बढी जाने गरेको पाईन्छ आफ्ना आधारभूत आवश्यकता जुटाउनका लागि पनि गाउँ छोडेर विदेशीने प्रक्रिया धेरै छ । रोजगारीका लागि पनि भारतमै जाने गर्छन नेपाल भन्दा भारत तिरै आर्थिक समाजिक साँस्कृतिक सम्बन्ध बढी थियो पहिला पनि त्यसैगरी भारतको कुमाउ गढवालमा पनि यतैको जस्तो सामाजिक, सस्कृतिक परम्परा रीतिरिवाज चालचलन र धार्मिक विश्वास रहेको छ । उताको बजार गाउँघरमा एकै प्रकारको चालचलन धार्मिक मूल्य मान्याता भएकोले संसार भरिको रीतिरिवाज एकै रहेको भनेर बुझ्ने गर्छन पछिलो केही दसक देखि गन्यापधुरा गाउँपालिकाको सम्बन्ध धनगढी अथवा काठमाण्डौं जाने क्रम तिव्र रुपमा रहेको छ गाउँमा बसोबास गर्ने मानिसको सङ्ख्या घट्दै गएको देखिन्छ । सूचना र प्रविधिको विकास शौक्षिक संस्थाहरूको विकास औद्ययोगिकिकरण र सहरीकरणको वृद्धिसँगै समाजिक मूल्य मान्यताहरू परिवर्तन हुँदै गएका छन र मानिसहरुले विशिष्टता हासिल गर्दै गएका छन श्रम र वस्तु जीवन निर्वाहमुखी बाट केन्द्रित हुँदै गएको देखिन्छ ।

पहिलेका मानिसहरू महिनावारीलाई इश्वरको बरदान हो भन्ने गर्थे र घरमा कुनै ठूलो पुजा पाठ व्रत श्राद्ध जस्ता धार्मीक कार्य गर्न वा विवाह जस्ता संस्कार गर्नु परेमा घरमा महिला महिनवारी छ भने गरिदैन त्यही परम्परा अहिले सम्म कायम नै रहेको छ । तर आजभोलि छाउ हुने पालोमा चाहि घरमा पुजा आजा वा कुनै संस्कार पर्ने भएमा महिलाहरू स्वास्थ्य संस्था बाट महिनावारी रोक्ने औषधि ल्याएर प्रयोग गर्ने गरेका छन् । औषधिले छाउ लाई ४-५ दिन पर सारी दिन्छ भन्ने मान्यताको विकास महिलाहरूमा रहेको छ । खासमा भन्ने हो भने महिनावारी मानिसको हातमा हुँदैन महिनावारी हुने पालो आएमा कुन बेला कुन दिन कति बेला हुनेहो त्यो मानिसको बंश भन्दा पर को कुरा भएकाले घरमा धार्मीक सामाजिक वा सांस्कृतिक कार्यहरू गर्नुपर्ने दिन आउँदै गर्दा महिलाहरू चिन्तित हुन्छन ।

अहिले शहर र सडकको सञ्जाल पुगेको बाटो वरिपरिका सामाजमा र गाउँमा पनि महिनावारी भएको बेलामा लगाउने सेनिटरी प्याडको प्रयोग गर्ने गरेको पाइयो र त्यसैले पहिला भन्दा महिनावारी भएका बेला रगत बग्न पाउँदैन र प्याडको प्रयोग नगर्ने माहिलाले पनि कपडाको प्रयोग गरेर ब्लड बग्ने झन्झट बाट मुक्त भएका छन । अहिलेको जमनामा कूनै पनि महिला छाउ हो की होइन कसैलाई पनि थाहा हुन्न । आजभोलि गाउँघरमा पनि

विद्यालय जान केटीहरूलाई सहज भएको छ किन भने नेपाल सरकारबाट विद्यालयमा निःशुल्क प्याड वितरण गरिएको छ त्यसैले किशोरीहरूलाई सहजता महसुस भएको छ । विभिन्न सरकारी तथा गैरसरकारी संघसंस्थाहरूले छाउपडी प्रथा अन्धबिस्वास र कुरूति मात्र हो महिलालाई छाउ गोठमा बसाउनु हुँदैन भनेर छाउगोठहरू भत्काउन लगाए तर छाउपडी अन्त्य हुन सकेन र दिसा पिसाब मुक्त गाउँ भनेर घोषणा गरेझैं छाउपडी मुक्त गाउँ भनेर केहि गाउँलाई घोषणा गरे तर धेरै गाउँहरुमा यो प्रयास सफल हुनसकेको देखिदैन । छाउ गोठमा बस्न छोडेको परिवारको सदस्य वा बालबालिका गाईबस्तु संयोग बस पिडा भएमा महिनावारी नबारेको हुनाले र परम्परालाई आँच आउने काम गरेको हुनाले यो घटना घट्यो भनेर सामाजिक धारण बनाइदिन्छन र फेरि मानिसहरु पुरानै मूल्य मान्यता मान्न तिर लाग्दछन । छाउगोठ भत्काउने अभियान अछाममा सुरू गरिएको हो तर एक महिनामै यो घटना दोहोरिएको थियो र डडेल्धुरामा नी त्यस्तै अवस्थामा रहेको देखिन्छ ।

हाम्रो गाउँ समाज तिर भने आज भोलि महिनावारी भएको बेलामा पनि विद्यालय जाने गर्दछन तर घरमा भने बार्ने गर्दछन पहिलाको तुलनामा अहिले घरमा होस वा सार्वजिक ठाउँमा छाउ मान्ने चलन कम हुँदै गइरहेको छ । महिनावारी भएको समयमा सहरी क्षेत्रमा सुनपानी वा गाईको गहुँत छर्कने चलन छैन तर यो चलन गाउँमा भने आहिले पनि छ विद्यालय पढ्ने किशोरीहरू छाउ हुँदा गाउका घरधन्दाको काम गर्ने महिलासँग बस्नु पर्दा कुराकानी बढी हुने हुँदा पढाईमा बाधा पुग्ने छाउ गोठमा उज्यालो नहुने हुनाले पढाई हुन सक्दैन थियो कहिलेकाहीं त परिक्षाको बेला महिनावारी हुँदा धेरैनै समस्य हुने गर्थ्यो तर अहिले छाउगोठमा बस्य पनि उज्यालो चाहि हुन्छ केही कुरा परिवर्तन भएको छ केही कुरा उस्तै पनि रहेको छ ।

छाउ मान्ने प्रक्रियामा पनि हालका वर्षहरुमा पुँजीवादी भित्रिएको देखिन्छ । कृषि भन्दा गैरकृषि क्षेत्रमा महिला पुरूषहरू काम गर्ने बताउँछन घर सानो साघुरो हुँदा मानिसहरू जसोतसो काम चलाउने गर्दछन । कोठा थप्यो भने खर्च बढ्ने त्यसैले एउटै कोठामा बार्ने देखि चोखिने सम्मको काम हुने गर्दछ काममा व्यस्त भएको घरपरिवारका महिला पुरूषहरू पुराना मान्यतालाई मानेर मात्रै पनि जीवन चलाउन गाह्रो हुन्छ । त्यसैले १२ महिना काममा लगिरन्छन परिवारका सदस्यलाई त थाहा हुन्छ तर बजारमा अरुलाई पतो सम्म हुदैन । महिनावारी भएको समयमा लसपस गरेमा नबारेमा देउता रिसाउँछन पापको भागेदार बनाइन्छ भन्ने मान्यतालाई पूँजीवादले खाइदिएको छ । कसरी बढी भन्दा बढी पैसा कमाउन

सकिन्छ भन्ने मान्यतामा नयाँ पुस्ता लागेको छ। महिनावारी हुदा मठ, मन्दिर जानु हुँदैन भनेर प्रतिबन्ध लगाएका ठाउँमा गएका छन तर देउताहरू रिसाएका छैनन ।

### ५.४ छाउपडी सम्बन्धी जनविश्वास

गन्यापधुरा गाउँपालिका वाड नं २ चम्सालमा गरिएको अवलोकन र वैयत्तिक अध्ययन बाट यो बुझ्न सकिन्छ कि समय र बिकास कम सँगै सामाजिक समस्या पनि कहिले बढी र कहिले घटि हुन्छन जहाँ छाउपडी पनि एउटा सामाजिक समस्या हो । त्यस ठाँउमा विभिन्न जातिका मानिसहरुको बसोबास भएको हुनाले उनीहरुको धारणा पनि फरक फरक पाइन्छ । कुनै घरमा छाउ गोठमै बसाउने पनि पाइयो भने कुनै घरमा गाईगोठमा र आफ्नै घरको छुट्टै कोठामा सुताउने गरेको पनि भेटियो तर छाउ भएको बेला सुत्ने कोठा को बनावट चाहिँ फरक फरक थियो । शिक्षित र रोजगारी अथवा आर्थिक रूपमा सम्पन्न परिवारका छाउ बस्ने कोठा चाहि प्यवस्थित र सफा थिए भने आर्थिक रुपमा बिपन्न घर परिवारका महिलाहरू पनि ओड्ने ओछ्याउनेका साथै ब्यवस्थित ठाउँको अभाव देखियो ठकुरी ब्राम्हण र क्षेत्री जातीका शिक्षित परिवारका घरमा चाहि घर भित्रै छाउ हुँदा सुत्ने कोठा छ भने ती महिलाहरू के भन्छन भने यो चलन भगवानको पाला देखि चलि आएको हो यसले केही मात्रामा परिमार्जन गर्ने पनि पूरा रूपमा हटाउँन सक्दैनौं। जति पढेलेखे पनि आर्थिक रुपमा सम्पन भए पनि आफनो संस्कार लाई बिर्सिनु हुँदैन । बरू छाउ सुत्ने ठाउँ सुरक्षित र व्यवस्थित हुनु पर्छ भन्ने विश्वास त्यस ठाउँका मानिसहरुको पाईन्छ भने किशोरी हरूले चाहि छाउ बार्न मन लाग्दैन तर घरका सदस्य रिसाउनु हुन्छ त्यस कारण छाउ बार्न बाध्य भएका छौ भनेर त्यहाका युवतीहरुले आफ्ना धारणाहरू राख्नु भएको छ ।

### ५.५ सामाजिक र सांस्कृतिक परिदृश्य

यो विषय अनुसन्धान गरेको गाउँमा क्षेत्री, ठकुरी ब्राम्हण, साउद, बिष्ट र दलित जस्ता मिश्रित बस्ती हरू छन । धेरै जनसंख्या भए पनि स्थानीय राजा भएका ठकुरी परिवारले राणा र पञ्चायत कालमा राजा र राणा शासकहरू सँगको सम्बन्धका कारण डडेल्धुराका धेरै गाउँमा शासन गरेका छन । तिनीहरू यस क्षेत्रका धेरै गाउँहरु मा शासक थिए । उनी हरुले आफुलाई स्थानीय शाही राजाको उतराधिकारी को रुपमा दाबी गर्थे । साउद जस्ता साधारण खस क्षेत्री भए पनि बिष्ट बोहोरा सङ्ख्यामा धेरै थिए उनीहरू लाई यो गाँउमा एक दुई ठकुरी परिवारको प्रजा मानिन्थ्यो र अन्य गाउँको हकमा भने त्यो अवस्था थिएन । बहुसंख्या जनसंख्या क्षेत्री र ब्राहमण भएता पनि एक दुई ठकुरी वा शाही परिवारले शासन गर्थे आफ्नो आर्थिक र

राजनैतिक स्वार्थ लाई ध्यानमा राखेर सिर्जना गरीएका अधिकांश परम्परा बाहेक शाही वा मल्ल ठकुरीहरू थिए । अहिले गाँउमा शाही शासक परिवारहरु रहेनन तर छेउछाउ गाउँका तलकोट बजार छेत्रमा केहि ठकुरी वा मल्ल बस्दै आएका छन ।

ठकुरी वा शाही हरूको वरपरका अन्य गाउँहरुमा केहि ठुलो जनसंख्या छ । जातको हिसाबले तिनीहरु स्थानीय पदनुक्रममा शीर्ष स्तरमा छन । उनीहरुलाई राजा जस्तै व्यवहार पहिला पनि गरिन्थ्यो र अहिले पनि त्यो चलन कायम नै रहेको छ । तिनीहरुले साधारण खस क्षेत्री र ब्राह्मणसँग विवाह गर्दैनन । ब्राह्मणलाई ठकुरी र साधारण क्षेत्रीहरूको पुजारी मानिन्छ । विभिन्न जातजाति र दलित बिच फरक फरक पदानुक्रम रहेको छ । सुदुरपश्चिममा क्षेत्री र दलित बीचको वर्गीकरण पनि छ । त्यसैले सुदुरपश्चिम क्षेत्र एक अलग प्रकारको समाज हो र गन्यपधुरा चम्साल पनि त्यो भन्दा फरक छैन ।

गाउँले हिन्दु परम्परालाई पछ्याउँदा र धेरै देबी देउतहरूको पुजा गर्दछन । (बिष्णु स्थानीय तहमा श्रीकृष्ण गणेश इन्द्र नवदुर्गा लक्ष्मिी र सरस्वती आदी) प्रत्येक गाउँमा तिनीहरुका आफ्नै देउताहरु छन । जसलाई स्थानीय भाषामा धामी देउता पनि भनिन्छ । स्थानीय  देउता वा रमन (धामी) वा विश्वास गर्नुको लगाव गाउँले परम्परागत उपचार प्रणालीसंग सम्बन्धित छन । जुन छाउपडी प्रणालीसंग पनि जोडीएका छन् । त्यसैले जातिय व्यवस्था स्थानीय आवास अन्धबिश्वास मूल्यमान्यता स्थानीय देउता र परम्परागत उपचार प्रणाली जस्ता बहुसंख्या संस्था अभियानकर्ता र एजेन्सीहरू मिलेर स्थानीय सामाजिक सांस्कृतिक प्रणालीको निर्माण हुन्छ । घरजग्गा स्थरमा परिवारले यो व्यवस्था र परम्परालाई धारणा गर्दछ । छाउपडीलाई प्राकृतिक घटनाका रुपमा लिदैन महिनावारीको समयमा छाउ नियमको उल्लंघनसंग केहि अशुभ घटनाहरू पनि जोडीएका छन ।

## ५.६ छाउ मा निरन्तरता र परिवर्तन

छाउपडी प्रथा एक परम्परागत अन्धविश्वासका रूपमा रहेको पाईन्छ । यो अनुसन्धान गरिएको गन्यापधुरा गाउँपालिका वडा नं २ चम्सालमा पनि छाउ लाई निरन्तरता दिएको देखिन्छ र केही कुरामा पहिला भन्दा परिवर्तन पनि भएको देखिन्छ किन भने छाउ गोठ भत्काएता पनि विद्यामान छाउ प्रथा भत्किन सकेन त्यहाँ चाहि पितृसतात्मक सोच र अन्धविश्वास धेरै रहेको छ र देवी देउतामा विश्वास धेरै गर्ने गरेको पाइयो । त्यसैगरी अशिक्षाको कारणले गर्दा पनि छाउलाई निरन्तरता नै दिएको देखिन्छ । नेपालको संविधान २०७२ को भाग ३ मौलिक हक धारा ३८ मा महिला छाउगोठ कानुनी निर्णय अनुसार स्थानीय

सरकारको पहलमा स्थानीय प्रहरी प्रशासनको संयोगमा छाउगोठ भत्कियता पनि मानसिक अवस्था भत्किन सकेको छैन । महिलाहरू झन त्रिपाल मुनि बस्न बाध्य भए घटना - ५ नाम नखोलेको निरूता राउत उनको अनुभब छाउ बस्ने गोठ भत्काए पछी झन हामीलाई छाउ भएका बेला बस्न अफठ्यारो भयो भित्र बसम भने देउता रिसाउँछन भनेर जान सकेन त्यसपछी ५ दिन सम्म खुला आकाश मुनि बस्न बाध्य भए भनेर उनले भनिन । तर फेरी गोठको निर्माण भयो आर्थिक अवस्था कमजोर हुने घर परिवारले  चाहि छाउगोठ बनाउन सकेका छैनन त्यहाँ पहिला भन्दा केही कुरामा परिवर्तन पनि भएको छ । पहिला महिनवारी भएको बेला छाउ गोठमा सुत्नु पर्ने थियो भने अहिले चाहि घरभित्र अलग कोठामा बस्ने पनि देखियो र पहिला चर्पी जान दिदैन थिए तर अहिले आफ्नो छुटै पानी लगेर जान पाइन्छ पहिला महिनावारी भएको बेला कपाल कोर्न दिँदैन थिए भने अहिले कोरर्छन पहिला गाईको दूध खान पनि रोक लगाइएको थियो भने अहिले महिनवारी भएको बेला गाईको दूध पनि खान दिएको देखीन्छ । पहिले भन्दा अहिले केही वा सिमित रुपमा परिवर्तन पनि भएको छ र छाउलाई निरन्तरता पनि दिएको देखिन्छ । महिनावारी हुँदा नयाँ लुगा लगाउनु हुँदैन पुरानो लुगा लगाउनु पर्छ भन्ने महिलाहरू पनि भेटिए अहिलेको समयमा कानुन बन्नु ठिक हो तर गाउँका कसैले मान्दैनन सबैको घरमा छाउपडी प्रथा कायमै छ विभिन्न माध्यम बाट जस्तै पत्रपत्रिका रेडियो एफ.एम र सरकारी तथा गैरसरकारी संस्थाबाट पनि चेतना वा जानकारी दिँदा विगतका दिनहरु भन्दा केही सहज भएको पनि देखिन्छ तर सामाजिक तथा सांस्कृतिक कार्य बाट भने टाढा नै रहनु पर्छ भन्ने मान्यता त्यस ठाँउका महिला तथा किशोरीहरूको रहेको छ र यो प्रथा एकै चोटि परिवर्तन हुन नसक्ने त्यहाका स्थानीयहरूले बताएका छन र त्यहाँ धेरै देवी देउतामा विश्वास गर्ने चलन अझै पनि कायम नै रहेको देखिन्छ ।



## ५.७ राजनैतीक र आर्थिक अवस्था

छाउप्रथाका कारण महिनवारी भएको बेला महिलामा असहज महसुस हुने हुनाले शारिरीक र मानसिक तनाव उत्पन भई महिलाको समग्र विकासमा अपरोध पुगाँउछ समाजमा महिलाको आर्थिक विकासमा महत्वपुर्ण भूमिका रहेको हुन्छ। अधिकांश किशोरीहरू महिनावारी भएको समयमा बञ्चित हुने कारण व्यवस्थित शौचालय र सेनटरी प्याडको उपलब्धता तथा पहुँच र सुलभ मुल्यमा प्राप्त हुदैन थियो भने अहिले चाहि अली सजिलो छ सरकारी विद्यालय मा सेनिटरी प्याड निःशुल्क वितरण गरेको छ र विद्यालय जान सहज भएको छ भनेर किशोरीहरूले व्यक्त गरेका छन। आर्थिक अवस्था कमजोर भएकै कारणले एउटै घरमा वा गाईगोठमा बस्न बाध्य भएका छन यदी आर्थिक अवस्था राम्रो भएको भए छुट्टै कोठा व्यवस्थित बनाउन सकिन्थ्यो भन्नेकुरा सर्वसाधारण बाट आएका छन। महिलाहरुको स्वास्थ्य सम्बन्धी विभिन्न खालका संक्रमण र दिघकालिन रोगहरुको समयमै औषधी उपचार गर्नको लागि आर्थिक अभावको कारण अस्पताल जान नसक्ने अवस्था छ ग्रामिण क्षेत्रमा बस्ने अधिकांश गरिब परिवारमा महिनावारीका बेला सुत्ने ठाउँ र ओड्ने ओछ्याउने कपडाको निकै अभाव देखियो किरा फट्याङ्ग्रा सर्पको डर झ्याल नभएको कोठा अँध्यारो चिसो ठाउँमा बस्नु पर्ने वाध्यताको कारण महिला र किशोरीहरू सुरक्षित बासस्थानबाट बञ्चित रहेको देखिन्छ यसैगरी महिलाहरूले राजनीतिक क्षेत्रमा पनि अगाडि बढ्नु पर्छ आफ्ना हक अधिकारको निमित आवाज उठाउन सक्नु पर्छ यो पितृसतात्मक समाजमा कुल्चिएर वस्नु हुँदैन।

नेपालको पूर्वी क्षेत्र र शहरी इलाकामा महिनावारी सम्वन्धी अन्धविश्वास कम हुनु कर्णाली तथा सुदुरपश्चिम क्षेत्रमा महिनावारी सम्वन्धी अन्धबिस्वास धेरै हुनुको मुख्य कारण आर्थिक सम्पन्ता र विपन्ता हो। प्रीसेटन विश्वविद्यालयकी प्रध्यापक तथा महिलावादी चिन्तक लुवा टाइसन उनको "नारीवादी समालोचना" लेखमा भन्छिन पुरूष प्रधान समाजमा पर्याप्त पुरूषवादी चिन्तन तथा व्यवस्था बाट टाढिन मुस्किल छ। उनि अगाडि भन्छिन पुरूष प्रधान समाजमा कोहि महिलाहरू पुरूषवादी चिन्तन र व्यवस्था संग यति सम्म प्रोग्रामड भइसकेकी हुन्छिन की पुरूषवादी प्रधानता पुरूषवादी चिन्तन र व्यवस्थालाई उनि आफ्नै चिन्तन र व्यवस्था भन्छिन। जब कि ति पुरूषवादी चिन्तन र व्यवस्था महिलाहरू प्रति चरम विभेद पुन हुन्छन। महिनावारी भएको बेला आफनो श्रीमान लाई छुँदा खाना खान र पानी दिँदा श्रीमान को आयु कम हुने काममा बाधा आउने अर्को जन्ममा धेरै दुःख कष्ट सहनु पर्ने र कुष्ठरोग लाग्छ भन्ने विश्वासले पनि महिला महिनावारी भएको बेला आफ्नो इच्छा चाहाना

देखी टाढा वस्नु पर्ने हाम्रो समाजले बनाएको छ भनेर उनि भन्छिन सामाजिक प्रक्रियावादी व्यक्तित्व टालकोट पार्सन भन्छन समाज एक जटिल पदति हो समाजमा आवस्यक रहेका कानुन आर्थिक धार्मिक राजनीतिक जस्ता पुरुषहरूको संयोजन र सहयोग मा बनेको हुन्छ । पुरुषहरुले समाजका आवस्यक उदेश्यहरूको परिपूर्ति गरिरहेका हुन्छन । कुनै एक समाजमा आएको परिवर्तनले सम्पूर्ण सामाजिक पदतिनै खलबलिन पुग्छ । जुन समाजमा पुरुषहरूको बिचमा परिवर्तन भइरहन्छ त्यस्ता समाजहरू अस्थिर हुन्छ । जहाँ छाउपडी प्रथा एक सामाजिक पदतिको कडी हो । यसमा आएको परिवर्तनले संग्रह जटिल सामाजिक पदतिमा नै फेरबदल आएको छ यस अर्थमा छाउपडी प्रथालाई एकल दृष्टिकोण बाट हेरिने तथा ब्याख्या गरिने त्रुटिपूर्ण हुन जान्छ किनकी यो प्रथा एक सामाजिक अन्धविश्वासको रुपमा रहेको छ यसलाई समाज बाट अनुमुलन गर्ने खोज्नु भनेको समाजमा प्राप्त प्रथाहरू सँगको सहसम्बन्ध तथा सक्रियलाई टुटाउनु वा शून्य बनाउनु हो । त्यसैले महिलाहरूले राजनीतिक क्षेत्रमा पनि अगी बढ्नु पर्छ ।

## ५.८ पुरूष भन्दा महिलामा छाउको नकारात्मक असर

छाउपडी सम्बन्धी पुरूषमा भन्दा महिलामा नै छाउपडी प्रथाको बारेमा नकारात्मक हिसाब ले जरा गाडेको देखिन्छ अथवा अशिक्षित महिलामा भन्दा शिक्षित महिलामा झन ब्यापक रुपमा गन्यापधुरा गाउँपालिका वडा नं २ चम्सालमा यो समस्या व्यापक रुपमा रहेको छाकिन भन्दा छाउपडी सम्बन्धी पुरूषमा भन्दा महिलामा चेतनाको कमी छ महिलाहरुको मानसिक रुपमा के धारणा रहेको छ भन्दा भित्र बस्दा देविदेउता रिसाउँछन हामीलाई नराम्रो हुन्छ भन्ने मानसिक अवस्था कमजोर छ । महिलाहरू ठाँउ ठाउँ घुमेका पनि हुँदैन छाउपडी सम्बन्धी त्यो अनिवार्य मान्नु पर्दछ नत्र देउता रिसाउँछन भन्ने नकारात्मक असर छ र अर्को चाहिँ त्यहाको कुनै घर परिवारमा चाहि आर्थिक अवस्था कमजोर भएको कारणले गर्दा अथवा घरायसी जिम्मेवारीले गर्दा महिलाले धेरै पुरूषको तुलना मा महिलाले मान्ने गरेको छ ।

धार्मिक आस्था देवि देउतामा विश्वास भएको हुनाले शिक्षित परिवारका माहिलाहरुले झन छाउलाई धेरै मान्ने गरेको देखियो त्यो किन भन्दा समाज को देखासिकीले गर्दा पहिला देखि नै छाउले वा जगडिएको मानसिकता बाट उठन नसक्नु महिला नै घरायसी मनिलामा बढी जिम्मेवारी हुने भएकाले महिलाले छाउपडी प्रथा सम्बन्धी खुलेर आवाज उठाउन नसकेको अवस्था पनि देखियो बरू महिलाको तुलनामा पुरूषले नै छाउ हटाउने कुरा गरेको पनि देखियो अथवा छाउपडी प्रथामा पुरूषको भूमिका त्यस्तो उत्साह जनक देखिदैन किनभने पुरूष चाहिँ

घरमा त्यति बस्दैनन अथवा पुरूषले घरायसी मामलामा त्यति ध्यान नदिएकोले छाउपडी प्रथामा पुरूषको सकारात्मक वा नकारात्मक कुनै खालको भूमिका देखिदैन । पुरूषले छाउ भनेको अन्धबिस्वास हो यसलाई हटाउनु पर्छ भनेर अहिलेका पुस्ताले भन्ने गरेको पनि देखियो । महिला चाहि घरमा पूरै जिम्मेवारी लिने भएकाले छाउ मानु पर्दछ नत्र कुल वा देउता रिसाउँछ भन्ने मानसिकता रहेको देखियो ।

### ५.८.१ महिनवारीमा महिलाले भोगेको अनुभव

घटना - ६ निरमाया कार्किको घटनामा आधारित उहाँलाई छाउ सम्बन्धि प्रश्न सोध्दा वँहाले दिनु भएको उतर एक चोटि छाउ लाई लुकाए म आफै बिरामी भएर मर्ने अबस्थामा पुगे पछि देउता सोध्दा यसले छाउ मानिन अत्याचार गरी भनेर त्यही धामीले भन्यो अनि मैले अब यस्तो गर्दिन मलाई एकपटक लाई माफ दिनु भने पछि सन्चो भयो भनेर भनिन यसबाट के बुझिन्छ भने त्यहा मानिसहरू धेरै जसो कूल पितृ र देउतामा धेरै विश्वास गर्ने देखियो र समाज अन्धविश्वास र पितृसतात्मक समाजमा नै अडिएको पनि देखिन्छ ।

घटना - ७ निर्मला साउँदले महिनवारीमा उनले भोगेको समस्या बताउन्छिन महिनवारी भएको बेला अहिले पनि घरमा बसेमा वा घरलाई जानि नजानी छोएमा घरमा अशुभ हुन्छ भनेर भनेर देउतालाई भाकल दिने वा अनिवार्य बोका काट्नु पर्ने हुन्छ र त्यस पछि केही नहुने परम्परा रहेको । महिनावारी  नमानौं भने देवीदेवताको डर मानौ भने आफ्नै ज्यानको डर कहिले काही त किन महिला भएर जन्मिए हुला भनेर नरमाइलो लाग्छ भनेर उहाँले मलाई सुनाउनु भयो । सबैको कुरा सुन्दै गर्दा त्यहाँ अहिले पनि अन्धविश्वास र पितृसतात्मक सोचले समाजमा गहिरो जरा गाडेको देखिन्छ । यो त भगवानको बरदान हो । छाउलाई मान्नु पर्छ छाउ मान्ने चलन पहिलेका पुर्खा देखि चल्दै आएको छ भन्ने त्यहाका स्थानीय मानिसको मानसिकतामा  एउटा अन्धविश्वासमा नै रहेको देखिन्छ ।

# अध्याय - ६

# सारांश र निष्कर्ष

## ६.१ सारांश

यस अध्ययनको मुख्य उदेश्य छाउमा निरन्तरता र परिवर्तन एवं छाउपडी प्रथा प्रति महिलाको धारणा पता लगाउनु र छाउ गोठ भत्काएपछि को अवस्थाको बारेमा ब्याख्या तथा विश्लेषण गर्नु रहेको छ । अध्ययनको क्रममा सबै क्षेत्रलाई समेटन नसक्ने भएका कारण यस अध्ययनमा डडेल्धुरा जिल्ला गन्यापधुरा गाँउपालिका वडां.नं.०२ मा रहेका २४० घरधुरी मध्ये उदेश्यपूर्ण नमूना छनौटबाट ३० जना छाउ हुने महिलाहरुलाई उत्तरदाताको रुपमा लिइएको छ ।

अध्ययनका क्रममा उत्तरदाताहरुलाई प्रत्यक्ष भेटेर अन्तवार्ता तथा वैयक्तिक अध्ययन गरी प्राथमिक तथ्याङ्क संकलन गरिएको छ भने विद्धानहरुका लेख, रचना, प्रकाशन,पुस्तक, पत्रपत्रिका आदिलाई समावेश गरी द्धित्तीय तथ्याङ्क संकलन गरिएको छ ।

छाउपडी प्रथा भनेको एक अन्धविश्वास वा सृष्टिको उपजका रुपमा रहेको छ । जुन संसार भरि चल्दै आएको छ । विश्वका विभिन्न मुलुकमा छाउपडी प्रथा मान्ने चलन आफ्नै तरिकाको छ तर नेपालको पश्चिम भेग जहाँ मान्छेहरु त्यति पढेलेखेका छैनन । उनीहरु जिपिकोपार्जनको लागि कृषिमा र व्यापारमा आधारित छन । बिशेषगरी नेपालका विभिन्न जाति र समुदाय मा महिनावारीलाई अपवित्र मानेर बार्नु पर्ने अवस्था रहेको छ र महिनावारी भएको बेलामा बहिष्कृत गर्ने र छाउ गोठमा राख्ने प्रचलन मुख्य गरी मध्यपश्चिममा र सुदूपश्चिममा तुलनात्मक रुपमा बढी देखिन्छ अथवा महिनवारी भएको बेला घर देखि केही टाढा बनाइएको झुपडिमा बस्छन त्यसलाई छाउपडी गोठ भानिन्छ। भने उक्त गोठ मा बस्ने कार्यलाई छाउपडी प्रथा भानिन्छ । जहाँ सरसफाईको लागि पानीको अभाव छाउ भएको बेला बासस्थानको अभाव हुने गर्छ जस अन्तर्गत नेपालको पश्चिम भेगको सुदूरपश्चिम प्रदेशको गन्यापधुरा गाउँपालिका वडा नं २ मा खोजमूलक अनुसनधान ढाँचामा महिनावारी भएका ५ घरधुरी का ५ जना महिला तथा किशोरीहरूसंग को वैयक्तिक अध्यनका साथै अन्य २५ घरधुरी मध्ये ५ जना वृद् ६ जना किशोरी ५ जना शिक्षित (जागिरे) ४ जना अशिक्षित (लेखपढ नगरेका) २ जना स्वयमसेवक र अन्य ३ जना वडा जानकार व्यक्तिसँगको संरचनात्मक अन्तवार्ता बाट यो प्रष्ट हुन्छ भने महिलाहरू महिनावारी भएको समयमा कस्तो किसिमको

ब्यवहार गर्ने भन्ने कुरा ठाउ र परिबेसले फरक पार्न रहेको छ। मानिस जति सम्पन र शिक्षित भए पनि छाउपडी प्रथा एउटा धर्म र संस्कारमा सिमित रहेको देखियो । साँस्कृतिक रुपमा महिनावारी अपवित्रताको विश्वासमा र धार्मिक अथवा आर्थिक अवस्थामा अडिएको छ जुन हिन्दु धर्म को पवित्रता र अपवित्रताको बिचमा अडिएको छ । जुनरुपमा तल्लो जातको मानिसलाई अछूत व्यवहार गरिन्छ त्यस्तैगरी छाउ भएको महिला पनि अपमानित वा अछुत हुन्छिन जब सम्म समाजबाट पवित्रता र अपवित्रता मानसिक रुपमा रहेको नकारात्मक धारण हट्दैन तब सम्म छाउ पार्न चलन हट्दैन वा जति नै छाउ गोठ भत्काए पनि यो प्रथा कायम नै रहने देखिन्छ ।

गरिब वर्ग तल्लो वा माथिलो र शिक्षित अशिक्षित राजनीतिज्ञ जस्ता वर्गको वा जात सबैको घरमा छाउ बारिन्छ । किशोरीहरू वा महिलाको अनुभबबाट यो बुझ्न सकिन्छ कि पहिले देखि संस्कार चली आए पनि धेरै मात्रामा परिवर्तन भएको पनि छ । तर छाउ लाई एकै चोटि परिवर्तन गर्न पनि त सकिदैन केहि मात्रामा पहिलेका पुर्खा भएकाले छाउ लाई निरन्तरता पनि दिरहेको छ । जसको घरमा धामी पुजारी छन बुढा बुढी बस्छन त्यस घरमा भने धेरै मात्रामा छाउ पार्न गरेको पाइयो भने त्यस घर का छोरी बुहारी छाउ भएको ५ दिन सम्म खाना पकाउन वा पानी छुन नहुने वा नपर्ने र शारीरिक सम्बन्ध बाट टाढा रहने भएकाले खुसी पनि व्यक्त गरे को छ कम्तिमा ५ दिन भए पनि घर भित्र को काम गर्नु पर्दैन भनेर खुसि पनि देखिए र छाउ भएको बेला गर्ने व्यवहार ले गर्दा दुःख पनि व्यक्त गरेका पनि छन । आज भोलि गन्यापधुरा गाउँपालिका महिलाहरू क्रमीक रुपमा घर भित्र छुट्टै बसी वा छाउ बार्ने गरेको पनि भेटियो यो सकारात्मक कुरा पनि हो। बढी रहेको साक्षरता दर र जनचेतना स्थरले पनि बिगत भन्दा अहिले समाजमा छाउपडी प्रथामा मान्छेको धारण सकारात्मक हुदै गएको छ ।

छाउपडी प्रथा पूर्णरूपमा भने अन्त्य हुन सकेको छैन र यसमा निरन्तरता पनि दिरहेका छन । धर्म संस्कृति, र आर्थिक अवस्थाका कारण अझैं पनि मानिसहरु विभिन्न किसिमका धार्मिक समाजिक कुरामा अघि सर्न डराउने मन्दिरको बाटो हिँड्न पनि डराउने गरेको भेटिएको छ । महिला जुन वर्गको पढेको शिक्षित भए पनि छाउ प्रथाले निरन्तरता पाइरहेको छ । छाउ बार्ने तरिका र वासस्थान मात्र फरक रहेको पाइन्छ तर उनीहरुको धारणा भने एउटै छ । यो हाम्रो संस्कार हो बार्नु पर्छ यदी हामीले महिनावारी नबरेमा नयाँ पुस्ता लाई असर गर्छ घरमा हानी नोक्सानी हुने बताउँछन साथै आर्थिक बिपनाता र पूँजीवादको हाबीसँग मानिसहरू

आफ्ना आवश्यकता पुरा गर्ने भारत तिर वा पढाई को सिलसिलामा काठमाण्डौ वा विभिन्न सहर तिर जादा एउटै कोठामा बस्नु पर्दा देउता ले माफ गरिदिन्छन भन्ने धारणा भेटियो र कुनै-कुनै मानिसमा छाउ भनेको केही होइन यो त प्रकृतिक नियम हो ईश्वरले दिएको बरदान हो र यो मानिसले वनाएको एउटा परम्परागत अन्धविश्वास हो भन्ने धारणा पनि भेटियो यसको मतलब आफ्नो घरमा मात्र बार्नु पर्छ भन्ने धारणाका साथै बाहिरी ठाउँमा वा परदेशमा देउतालाई क्षेमा दिन्छ  भन्ने मान्यता पनि रहेको भेटियो ।

## ६.२ निष्कर्ष

यस अध्ययनको मुख्य उदेश्य छाउपडी प्रथा प्रति महिलाको धारणा र छाउगोठ भत्काए पछिको अवस्था के कस्तो रहेको छ भन्ने सम्बन्ध मा खोजी गर्नु हो । जसका लागि दुईवटा प्रश्नहरुको उठान गरी सूक्ष्म र पुर्वाग्रह रहित ढङ्गले विश्लेषण गरी निष्कर्ष निकालिएको छ । विश्व समाजिक मानसिक वा भौतिक विकासमा अगाडि बढी सक्दा पनि सुदुरपश्चिम र मध्यपश्चिमका खस ब्राम्हण ठकुरी समुदायमा छाउ प्रथाले गाहिरो जरा गाडेर बसेको छ । खस तिरका अरू जातजातिहरुले छाउ भएका बेलामा छुवाछुत मान्ने चलन छैन । महिनवारी हुनुमा एउटा प्राकृतिक प्रकिया हो तर यहांको सामाजमा महिनवारी भएको अवस्थामा महिलाहरुलाई छुन नहुने र घर परिवार बाट अलगिएर बस्नु पर्ने प्रचलन छ । तर ब्राम्हण क्षेत्री समाजमा छाउ वा महिनावारी लाई कठोर नियम पालना गर्नु पर्ने धार्मीक वा छाउपडी नियम रहेका छन ।

गन्यापधुरा गाँउपालिका वडा.नं. ०२ का छाउपडी महिला अथवा छाउमा निरन्तरता र परिवर्तन छाउ बार्ने प्रणालीमा सामाजिक, धार्मिक, सास्कृतिक रुपमा के परिवर्तन भयो र निरन्तरता के कुरामा दिईरहएका छन् । त्यसगरी समुदायमा छाउ सम्बन्धि कस्तो समस्या छ भन्ने सम्बन्धका बारेमा अध्ययन गर्दा उक्त क्षेत्रका महिलाहरुका अनुसार समाजमा अझै पनि देवि , देउतामा एकदम विश्वास गर्ने परम्परा कायम नै छ । छाउगोठ बाट गाईगोठमा आएर त सुतिइन्छ, र आफ्नो छुट्टै पानि लगेर शौचालय जाने जस्ता थुप्रै कुरामा परिवर्तन आएको छ र निरन्तरता पनि छ जस्तै नयां बनाएको घर छोयो भने अनिबारिय बोकां काट्नु पर्ने हुन्छ यस्तै यावत कुरामा निरन्तरता छ । त्यसैले छाउ प्रथा चाहि जहिले सम्म धार्मिक अन्धविश्वास र मन मष्दिस्कको डर हटदैन तब सम्म छाउ प्रथा कायम नै रहिरहनछ ।

वर्तमानको यस पुजीवादी वा आधुनिक समाजमा मानिसहरू घर बाट टाढा सहरमा भाई बहिनी संगै कोठा लिएर शिक्षा आर्जन गरिरहेका छन । पढ्ने सुत्ने र खाना खाने एउटै कोठा छ शिक्षा प्राप्त कसरी गर्ने एउटै मात्र उद्देश्य हुन्छ तर गाँउमा जाँदा परम्परा पनि मान्ने गरेका छन १०-१२ वर्ष को अनुभव यस्तो भइसकेको छ कि पढेलेखे पछि पो बुद्धि आउने रहेछ पढाई मा प्रथम अबल हुदोरहेछ कर्म गरे पो फल प्राप्त हुने रहेछ भने किसिमको मान्यता को विकास ले छाउपडी जस्ता रिति र परम्परा बाट समाज लाई मुक्त गर्ने वा छुटकारा दिलाउन मदत गर्छ । बहुजनजाति समुदायहरु को बसोबास भएको गन्यापधुरा गाउँपालिका चम्साल वा गाउँघर मा यस्ता सुधार बिस्तारै हुने क्रम तिब्र गतिमा अगाडि बढेको छ । गाउँ घरमा शिक्षा सूचना र प्रविधि क्षेत्रमा भइरहेको तिब्र विकास र विस्तारका साथै बसाई सराई बाहिरी समाज र जातजाति सँगको सम्पर्कले पनि छाउपडीमा अपनाई रहेका कठोर नियमहरू लचिला हुँदै गएका छन ।

प्राचीन समयमा सरसफाई गरी बस्ने परम्परा नभएको समयमा छाउपडीलाई छुट्टै बसाउने काम लाई अबैज्ञानिक मान्न सकिदैन तर समयको गति संगै समाज विज्ञानको युगमा आइपुग्दा यो प्रथा समाजले सुधार गर्ने नसक्नु पूर्वजन्मको पाप सम्झनु महिलालाई छाउ भएको समयमा मानीबय व्यवहार नगरिनुले नै समस्या खडा गरेको हो । वर्तमान समयमा शिक्षााको विकास संगै अरू जातजातिसँग र अन्य संस्कृती सँगको सम्पर्कले वर्तमान समयका किशोर किशोरी युवायुवतीहरू परम्परागत छाउपडी प्रथालाई निरन्तरता दिन तयार छन न उनीहरु चाहेर पनि निरन्तरता दिन सक्ने अवस्थामा छन नत परिवर्तन नै गर्ने सक्ने अवस्थामा छन भने सुदुरपश्चिममा बिशोष गरी देवि देउता, धार्मि झकीमा विश्वास गरेको पाईन्छ ।

## सन्दर्भ सामग्री

अहमद, आर र थेसिन के(२००५), *महिनावारी स्वच्छता र मौनता हटाउदै* : वाटर एन्ड बंगलादेश ।

आर, हरिश (२०६०), *समाजमा अन्धविश्वास र तिनीहरुलाई हटाउने उपायहरु ।*

एस. गर्ग (वि.स.२००१), *महिनावारीको महत्व र महिनावारी सम्बन्धी विभिन्न समाजमा फरक फरक किसिमको प्रशांसा वा धारणा ।*

एस. दास (२००७), *मासिक धर्म* : भारतीय समाजमा स्वच्छतामा नकरात्मक प्रभाव ।

भारतीय, आरु (२०१३), *मासिक धर्म र समाज सोसल साइन्स मानवताको सवाल* : अन्तराष्ट्रिय जर्नलमा प्रकाशित लेख, पृ. ५२३-५२७ ।

हेम्ब्रफ, एन (२०१०), *महिनावारीका लागि अर्थादक्स हिन्दु मनोवृत्ति,* लेथबिर्ज विश्वविद्यालय अलबटा क्यानेडा ।

सिहं राजेन्द्र बहादुर (२०७६), *छाउपडी प्रथा* : समाज धर्म र कानुन, लुम्बिनी दैनिक पत्रिका ।

सिहं (सं.न २०१३) *"भारत गुजरातको ग्रामिण इलाकामा प्रजनन स्वास्थ मामिलाहरु"* । सुदुरपश्चिम नेपाल सामाजिक समावेशी अनुसन्धान कोष (SIRF) नेपाल ।

राज, कमल (२००९), *महिनावारी संग सम्बन्धित ज्ञान र अभ्यास* :

डीबोरा, विनसलो (१९८०), *श्रीलङ्कामा पहिलो महिनावारी सम्बन्धी अनुष्ठा* ।

क्षेत्री, अन्जु र डा. उप्रेती अरुण (२०७०), *छाउपडी प्रथामा माहिला अस्तित्वमाथि प्रहार अध्ययन, प्रतिवेदन* : अस्मिता माहिला प्रकाशन काठमाडौं ।

Abuja, A, & Tewaei, S. (1995): Awareness of puberatal changes among Adolescent girls. *Journal of family welfare*, *41* (1), 46-50.

Audinarayan, N. Sakilarani, R. & Jyothimani, N. (2005), February 4-5. *Menstual bygoenc & it, s determinants among Adolescent girls in a rural setting of cultural and social practices Among Adolescent girls.*

Barrington, D. (2019). *It will Take a lot more than free Menstrual pads to end period. Poverty*. http:// www.jastor . org/.

Chawla, J. (1992). *The rig Vedic slaying of virtual*: Menstruation taboos in mythology Manulife.

Costos, D. Ackerman, R. & Paradis, L. (2002). Recollection of Menarche: Communation between Mother and Daughters Regarding Menstruation. *ProQuest psychology journal; Sex Roles*, 46.

Das. Gupta, A. & Sarkar; M. (2008). Menstrual hygiene: How hygienic is the adolescent girl: *Indian Journal of Community medicine*.

Deo, D.S; & Ghattargi, C.H. (2005). Perceptions and practices Regarding menstruation: A Comparative study in Urban and Rural Adolescent girls. *Indian Journal of Community Medicine*, 30 (1), 33-34.

Deo, D. S., & Ghattargi, C. H. (2005). Perceptions and practices regarding menstruation: a comparative study in urban and rural adolescent girls. *Indian journal of community medicine*, *30*(1), 33.

Dhingra, R., Kumar, A., & Kour, M. (2009). Knowledge and practices related to menstruation among tribal (Gujjar) adolescent girls. *Studies on Ethno-Medicine*, *3*(1), 43-48.

Dhingra, R. (2011). An assessment of health status of adolescent Gujjar tribal girls of Jammu district. *Studies of Tribes and Tribals*, *9*(2), 133-138.

Garg, S., Sharma, N., & Sahay, R. (2001). Socio-cultural aspects of menstruation in an urban slum in Delhi, India. *Reproductive health matters*, *9*(17), 16-25.

George, A. (1994). It happens to us: menstruation as perceived by poor women in Bombay. *Listening to women talk about their health: issues and evidence from India*, 168-83.

Gopalan, M. (2019). There are 3 barriers blocking good menstrual hygiene for all women. Here’s how we overcome them [WWW Document]. In *World Econ. Forum. URL https://www. weforum. org/agenda/2019/11/menstruation-in-different-cultures-period-taboos/(accessed 9.5. 20)*.

Kandel, N., Raj Bhandari, A., & Lamichanne, J. (2010). Chhue, Chhaupadi and Chueekula Pratha. *Menstrual Sheds: Examples of Discriminatory Practices against Women in the Mid-and Far-Western Regions of Nepal: Considering Women as" Impure” or “Unclean" During Menstruation and Post-Partum Periods*.

Mathur, K. (2008). Body as space, body as site: Bodily integrity and women's empowerment in India. *Economic and Political Weekly*, 54-63.

Wadia, K. (2015). Women from Muslim communities in Britain: Political and civic activism in the 9/11 era. In *Muslims and political participation in Britain* (pp. 101-118). Routledge.

Mahon, T., & Fernandes, M. (2010). Menstrual hygiene in South Asia: a neglected issue for WASH (water, sanitation and hygiene) programmes. *Gender & Development*, *18*(1), 99-113.

## अनुसूचि

### शोधपत्र तयार गर्नका लागि प्रयोग गरीएको प्रश्नावली

उत्तरदाताको परिचय

नाम,थर : ............................................... उमेर .......................................

ठेगाना : .................................................... धर्म, ........................................

जातजाति : .................................................पेशा.........................................

विवाह हुँदाको उमेर : ................................ शैक्षिक योग्यता : .........................

छाउ हुदाको उमेर : ................................ परिवारको सख्या : .........................

**क) छाउ बार्ने प्रणालीमा के परिवर्तन आएको छ र के-के कुराले छाउमा निरन्तरता पाइरहेको छ ।**

१) छाउ प्रथा भनेको के हो ? यो किन मान्नुपर्छ ?

२) छाउ हुदा कंहा बस्नु हुन्छ ? र कति दिन सम्म बस्नु पर्छ ?

.............................................................................................................

३) छाउ बार्ने प्रणाली कहिले देखि र कसरी सुरु भयो केही जानकारी भए मलाई बताउन सक्नुहुन्छ ?

.............................................................................................................

४) छाउपडी प्रथामा केही परिवर्तन भएको छ जस्तो लाग्छ कि लाग्दैन ? यदि लाग्छ भने किन लाग्छ र लाग्दैन भने किन लाग्दैन ?

.............................................................................................................

५) तपाईको विचारमा छाउलाई निरन्तरता दिएको चाहि सामाजिक कारण हो जस्तो लाग्छ कि धार्मि, देविदेउतामा भएको हुनाले हो जस्तो लाग्छ ?

१) छाउगोठ कसले भत्कायो, अनि किन र कसरी भत्कायो ?

.............................................................................................................

२) छाउगोठ भत्किए पछि कहाँ बस्नुहुन्छ ? घरमा चाहि किन बस्नुहुन्न ?

.............................................................................................................

३) छाउगोठ भत्काए पछि महिलाहरु झन त्रिपाल मूनि बस्न के कुराले बाध्य पारेको छ ?

.............................................................................................................

४) छाउगोठ भत्काए पछि महिनावारी हुने महिलाहरुलाई मासिक रुपमा कस्तो असर परेको छ ?

......................................................................................................................

५) छाउगोठ भत्काएर मात्र परिवर्तन आएन जस्तो लाग्छ तर अब मन मस्तिष्कको डर हटाउन के गर्नु पर्न रहेको छ ?

...................................................................................................................

**ग) छाउपडी प्रथाको जड पितृसतात्मक संरचना मात्र नभई महिलाहरु स्वंयम पनि कसरी कुन हद सम्म जिम्मेवारी छन ?**

१) छाउलाई चाहि महिला र पुरुष मध्य कस्ले धेरै छाउ हटाउने कुरा गर्छन ?

............................................................................................................

२) छाउमा पुरुषको भुमिका के रहेको छ ?

..................................................................................................................

३) पुरुषहरु भन्दा महिलाहरु स्वयमं छाउलाई बार्नु पर्छ भनेर किन भन्छन ? र छाउलाई शिक्षित परिवार वा महिलाहरुले नै धेरै मान्ने गरेको पाइन्छ र यसको पछाडी के कारण होला मलाई केही जानकारी दिन सक्नु हुन्छ ?

................................................................................................................

४) छाउ प्रथालाई चाहि राजनितिको आंखाबाट कसरी हेरिएको छ ?

................................................................................................................

५) के तपाईलाई महिलाहरु राजनितिक वा शैक्षिक क्षेत्रमा जोडिएको हुनुपर्छ जस्तो लाग्छ कि लाग्दैन ?

................................................................................................................

**घ) छाउपडी प्रथामा महिलाको अवस्था कस्तो रहेको छ ।**

१) महिनावारी भएको बेला तपाईलाई स्वास्थ्य चौकीमा जान र स्वास्थ्यकर्मी लाई भेटन कुनै किसिमको प्रतिबन्ध छ कि छैन ?

......................................................................................................................

२) महिनावारी भएको बेला तपाईले सेनिटरी प्याडको प्रयोग गर्नु हुन्छ के मलाई जानकारी दिन सक्नु हुन्छ ?

......................................................................................................................

३) के तपाई महिनावारी भएको बेला विवाह संस्कार चाडपर्व आदि ठाउंम जानु हुन्छ कि जानुहुन्न ?

.............................................................................................................................

४) छाउ भएको बेला तपाई गाई भैंसीको दुध, दही र माछा, मासु, फलफुल आदि खाने कुरा खानु हुन्छ कि खानु हुन्न ?

.............................................................................................................................

५) छाउपडी प्रथाले महिलाको स्वास्थ्यमा शारिरीक मानसिक मनोवैज्ञानिक र सामाजिक, सांस्कृतिक रुपमा कस्तो असर परेको छ जस्तो लाग्छ तपाईले मलाई केही जानकारी दिन सक्नुहुन्छ ?

.............................................................................................................................

६) छाउ भएको बेला कहां बस्नु हुन्छ ?

.............................................................................................................................